# नेपाली संस्कृति

वर्ष ७, अङ्क १/२०४७



# नेपाली संस्कृति

## (चौमासिक सांस्कृतिक पत्रिका)

वर्ष ७, अङ्क ३/२०४८ भदौ–वर्ष ८, अङ्क २/२०४९ साउन

**सम्पादक–मण्डल**

**डा. इश्वरप्रसाद उपाध्याय**
अध्यक्ष

**रमेश ताम्राकार**
सदस्य

**प्रकाशकः**

## सांस्कृतिक संस्थान

२०२८

मूल्य रु. ५।-
प्राप्ति स्थान- साझा प्रकाशन

# विषय–सूची


| | | पृष्ठ |
|---|---|---|
| १) जनकपुरको धार्मिक इतिहास | –रमा पाण्डे (शर्मा) | १ |
| २) पंक र जाजरकोटका केही स्थानीय शब्दहरूको परिचय | –भूपहरि पौडेल | १८ |
| ३) नुवाकोटको तलेजु भवानी मन्दिर | –विष्णुकान्त शर्मा | २६ |
| ४) भीमसेन स्थानको भीमसेन मन्दिर | –शान्तराम श्रेष्ठ | ३२ |
| ५) इनरूवास्थित भगवती (ॐ वैष्णवीदेवी) मन्दिर | –राधेश्याम भट्टराई | ३९ |
| ६) सांस्कृतिक समाचार | | ४३ |



मुद्रक– मातृभूमि प्रेस, ग २–५४९ कमलपोखरी; काठमाडौं, फोन– ४–१४०७६, ४–१२५०१ र ४–१०२४८

# जनकपुरको धार्मिक इतिहास

–रमा पाण्डे (शर्मा)

प्राचीनकालदेखि नै काशी र मिथिला आर्यहरूको धार्मिक र सांस्कृतिक क्रियाकलाप गर्ने केन्द्रका रूपमा विकसित भएर आएको थियो । भनिन्छ कि विदेहराज्य–को सांस्कृतिक समुन्नतिमा यी आर्यहरूले विशेष योगदान दिएका थिए ।[1] तत्कालीन मिथिला राज्यको भौगोलिक सिमाना हिमालयसम्म थियो र सिन्धु शिविर पनि हिमाल अन्तर्गत पर्दथ्यो । धेरै ऋषिमुनिहरूले यस हिमालय क्षेत्रमा तप गरेका तथा आ–आफ्नो आश्रय बनाएका हुँदा यो स्थल प्राचीन धार्मिक ऐतिहासिक स्थलको रूपमा गणनामा पर्न गएको हो । यसर्थ धार्मिक तथा सांस्कृतिक दृष्टिकोणबाट हेर्दा नेपाल र भारत दुई किनारा बीचका आफ्नै तरङ्गले बहने नदी हुनुभन्दा शायद कुनै अत्युक्ति नपर्ला । यसरी आर्यहरूको आगमन क्राइष्ट जन्मनुभन्दा अगाडि नै भएको थियो ।

वैवस्वत मनुका जेष्ठ पुत्र इक्ष्वाकुका १५० पुत्रहरूमध्ये निमी अत्यन्त बुद्धिमान् थिए । तिनै निमीले मिथिला राज्यको स्थापना गरेका थिए भन्ने तथ्य पुराण तथा रामायणको अध्ययनबाट स्पष्ट हुन्छ ।[2] निमी मिथिला राज्यका संस्थापक मात्र नभएर एउटा महान् ऋषि पनि थिए । वायुपुराण अनुसार निमीले आफ्नो शासन समयमा जयन्तपुरलाई विजय गरेका थिए । त्यही जयन्तपुर पछि जनकपुर नामबाट सुप्रसिद्ध भएको थियो ।[3] यसर्थ धार्मिक इतिहास अनुसार निमीको नामबाट पछि नेपाल रहन गएको थियो ।[4]

मिथिला क्षेत्रको प्राचीन नाम विदेहबाट मिथिला र पछि जनकपुर आदि हुनगएको थियो भन्ने अनुमान गर्न सकिन्छ । यस प्रकारको नाम परिवर्तन समय-समयमा हुनुमा प्रथम त एक आर्य पुरुष विदेध(ह) माधवले आफ्नो तपस्याको बलले यज्ञका लागि अग्नि प्रवेश गरेका हुँदा त्यस स्थल तिनै ब्राह्मणको नामबाट सुप्रसिद्ध हुनगएको थियो भन्ने कुरा शतपथ ब्राह्मणको कथाद्वारा प्रष्ट हुन्छ ।[5]

---

१) बिलाष, कृजनान, 'भारत वर्षको इतिहास', (बंगाली भाषाको उल्था) पृष्ठ २८ ।
२) पाठक, बिसुद्धानन्द, 'हिस्ट्रि अफ कोशल', प्रथम संस्करण, १९६३ ।
३) झा, मखन, 'सेक्रेड कम्प्लेक्स अफ जनकपुर', पृष्ठ २८, १२४, बाल्मीकि रामायण, पृष्ठ ४१२६ ।
४) भट्टराई, मुरलीधर, 'कल्चरल हिस्ट्रि अफ नेपाल, पृष्ठ ७, विदेह राजा ओंका राजधानी ।
५) मिश्र डा. कृष्णचन्द्र, 'जनकपुर विदेह राजा ओंका राजधानी', सम्झना (जनकपुर २०२९) पृष्ठ १ ।

हुनत केही इतिहासकारहरूले हाल जनकपुरलाई प्राचीन मिथिला राज्यको राजधानी मान्न अस्वीकार गरेका छन्, तर अर्कार्थरि विद्वान्ले भने कुनै भागेका राजपूत राजाको राजधानीको अवशेष बताएका छन्। वास्तवमा हामीलाई पनि शिरध्वज जनककालीन जनकपुर सोही हो भन्नेमा आशंका नउठेको होइन, तर त्यसो भन्दैमा हाल जनकपुरसंग प्राचीन जनकपुरको सम्बन्ध छैन भन्ने किमार्थ होइन। प्राचीन मिथिला राजधानी जनकपुरको कुनै सूक्ष्म अंश अवश्य हो। त्यस सन्दर्भमा धनबज्र बज्राचार्यको तर्क मिल्न आउँछ। हाल जनकपुर सूक्ष्म मात्राको भए पनि प्राचीन राजधानी जनकपुरको कुनै खण्ड हो भन्ने उहाँको तर्क छ। अर्थात् प्राचीन जनकपुर शहरको ठूलो भाग हाल लुप्त अवस्था-मा रहेको छ। जसको पुरातात्त्विक उत्खनन् तथा अनुसन्धान कार्य हुनु बाँकी नै छ। हाल बारा जिल्ला अन्तर्गत रहेको शिमरोनगढलाई एक ऐतिहासिक दृष्टि-कोणबाट विश्लेषण गर्दा प्राचीन मिथिलाको राजधानी जनकपुरसंग धेरै मात्रामा मिल्न आएको महसूस हुन्छ। किनभने १० औं शताब्दीसम्म यो स्थल हराभरापूर्ण एक शोभायमान शहर थियो भन्ने कुरा नान्यदेवले राजधानी बनाएकोबाट पनि स्पष्ट हुन्छ। अर्को त्यो क्षेत्र ठूलो ऐतिहासिक स्थल भएबाट त्यस्तै ऐतिहासिक क्षेत्रको विकास त्यो क्षेत्रको प्राचीनता स्पष्ट झल्कन्छ। प्राचीन मिथिला अत्यन्त महत्त्वपूर्ण केन्द्र भएको हुनाले त्यसलाई उत्खनन् र अरु पुरातात्त्विक अन्वेषण गरेको खण्डमा प्राचीन जनकपुर सम्बन्धमा जानकारी हासिल गर्न धेरै सहायक हुन पुग्ला।

मिथिला राज्यका संस्थापक निमिका २३ औं पुस्तामा ह्रस्वरोमाको सुपुत्र शिरध्वज जनक मिथिलाका राजा भएका थिए। जनकपुरको ख्याति प्राप्त गर्नमा तिनै शिरध्वज जनकको प्रतिभाले महत्त्वपूर्ण भूमिका खेलेको थियो। समय समयमा हुने दार्शनिक गोष्ठी, जानकी-राम बीच वैवाहिक सम्बन्ध आदि जनकपुरको धार्मिक तथा सांस्कृतिक विशेषताहरू थिए। हुनत पूर्वका सम्पूर्ण जनकवंशीय राजाहरू उनी झैं प्रजापालक, त्यागी, इन्द्रियजित तथा महान् दानी थिए तापनि ती मध्ये शिरध्वज तत्त्वज्ञानी, ब्रह्मवेत्ता थिए। राजनीतिक दृष्टिकोणबाट काशी राज्य प्रधान भए झैं शैक्षिक दृष्टिकोणबाट जनकपुर त्यस समय सर्वश्रेष्ठ थियो। त्यस समय भारत वर्षको सम्पूर्ण हिन्दूराज्यहरूमा ब्रह्मविद्या विकास भएको थियो। केन्द्र तथा पाञ्चालका राजाहरूमा पनि प्रख्यात राजर्षि ब्रह्मवादी थिए तिनीहरूलाई पनि विदेहका राजा शिरध्वज जनकले आफ्नो त्याग, दान, दया, माया तथा ब्रह्मज्ञानद्वारा निर्क्क जितेका थिए। फलस्वरूप उनलाई सम्पूर्ण उत्तर भारतका राजा तथा विद्वान्हरूले पनि ठूलो सम्मान गर्थे।[6] अति सूक्ष्म विषयमा पनि ठूलो सभाको आयोजना गरी प्रवचन हुने उनको राजधानी जनकपुर ठूला-ठूला अन्य राज्यहरूबाट आएका विद्वान्हरूले मात्र भाग लिंदैनथे बल्कि त्यहीका याज्ञवल्क्य जस्ता मन्त्री, सतानन्द जस्ता पुरोहित तथा गार्गी, मैत्रेयीजस्ता आत्मज्ञानी नारीहरूले पनि भाग लिन्थे। खूद शिरध्वजकी रानी सुनैना, छोरी जानकी, भतिजी उर्मिला, जानकीका सखीहरू श्रुति, कीर्ति आदि विदूषी नारीहरूको सभामा महत्त्वपूर्ण स्थान थियो। यसरी प्राचीनकालमा पुरुष सरह नारीहरूले पनि दार्शनिक सभामा स्थान दिएबाट तथा नारीहरूले भाग लिएबाट त्यस युगमा स्त्री शिक्षा-को निर्क्क विकास भएको थियो भन्ने कुरा प्रष्ट हुन्छ। मिथिलाको आत्मज्ञामी नारी शिक्षाको तुलनामा ब्रह्मविद्याको केन्द्रीय स्थल भए तापनि गान्धार, कैकय, मद्र, उशीनर, मत्स्य, कुरू, पांचाल, काशी तथा कौशल जस्ता राज्यहरू पनि त्यति विकसित थिएनन्। सो कुरा बृहदारण्योपनिषदले पनि प्रष्टै देखाएको छ। यसर्थ शिरध्वज जनकको शासन समयलाई हामी दर्शन-को पराकाष्ठामा पुगेको थियो भन्न सक्छौं। ब्रह्मज्ञानी तथा महान् दार्शनिक शिरध्वज प्रजापालक, त्यागी इन्द्रियजित तथा महान् दानी भएको हुँदा आजको आधुनिक नेपालले उनलाई राष्ट्रिय विभूतिका रूपमा

६) शास्त्री, देवदत्त, 'उपनिषद चिन्तन', इलाहबाद, प्र. संस्करण, १९५६; पृष्ठ ८-१२।

सम्मान प्रदान गरेको छ।[7]

तर सम्पूर्ण नेपालीले ध्यान दिनु आवश्यक यो कुरा छ कि विभूति जनक शिरध्वज थिए। किनभने जनक विभूतिभन्दा सम्पूर्ण जनक वंशीय राजाहरू आउँछन् जसमा कराल जनक जसमा दुराचारीको नाम पनि पर्दछ। यसर्थ विभूति जनक मात्र उल्लेख हुनु उपयुक्त देखिन्न जसमा शिरध्वज जनक भनी उल्लेख गरिनु अथवा शिरध्वज जनकलाई विभूतिका रूपमा उल्लेख गरिनु सही मूल्याङ्कन गरिनु हो।

शिरध्वज जनक निसन्तान थिए। यसर्थ उनका अवशेषपछि सकांश्य नगरीका राजा उनका सहोदर भाइ कुशध्वज जनकका सन्तानले विदेह राज्यको शासन चलाएको अनुमान हुन्छ। तिनै कुशध्वज जनकका २४ औं पुस्तामा क्रिथि वा कराल जनक राज्य गर्दथे। उनी नै अन्तिम जनक वंशीय राजा थिए। तिनै क्रिथी जनककै बेकुफीले गर्दा जनकपुरको धार्मिक तथा पुरातन सांस्कृतिक तथा ऐतिहासिक गौरव नष्ट हुनगएको थियो। उनले गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन नगरेका भए अथवा राजधानीलाई वैशाली राज्यमा नसारेका भए जनकपुरको सांस्कृतिक गौरव सदा कायमै हुन्थ्यो होला तर राजधानी नै जनकपुरबाट वैशालीमा सार्दा जनकपुर राजनीतिक दृष्टिकोणका साथै दार्शनिक युग पनि विलीन हुन गएको थियो। अजात शत्रुले विदेह आक्रमण गर्दा राज्यमा अराजकता थियो। राजा नाममात्रका थिए। फलस्वरूप कैकयका राजा अजात शत्रुले हराई नेपाल आएका थिए। त्यस समयदेखि नै करीब १७ औं शताब्दीसम्म जनकपुर अन्धकारपूर्ण थियो। रिचार्ड वर्गाटको लेख अनुसार, द्वापर युगमा पाण्डव कौरवबीचको भीषण युद्ध बिन्ध्याचल हिमाल पहाड जतातत्तै भएको थियो। त्यस महाभारत युद्धमा मिथिलाका राजा क्षमपूर्तिले कौरवको पक्ष लिएका थिए। तर पाण्डवको विजय युद्धमा भएको हुँदा जनकपुरका साथ विदेहवंशी पनि यसैसाथ ह्रास हुन पुगेको थियो।[8] जनकपुरको क्षीण अवस्थाबारे सुप्रसिद्ध चिनियाँ यात्री ह्वेनत्साङ्गले भरपर्दो बयान दिएका छन्। उनले जनकपुरलाई चैनसुन्नाको चिनियाँ नामकरण गरी जनकपुर ह्रासपूर्ण छ भनेका छन्।[9]

धेरै जसो प्राचीन पुस्तक, विभिन्न ऐतिहासिक लेख, पुराना मुचुल्का अनुरूप १८ औं शताब्दीको प्रारम्भिक कालदेखि मात्र जनकपुरको ह्रासमा नवीन कदम चल्न थालेको थियो। तत्कालीन जनकपुर क्षेत्र मकवानपुरका राजाको अधीनमा थियो। त्यसै समयमा मिथिला राज्यको राजधानी जनकपुरमा क्रमशः सन्यासी चतुर्भुज गिरी र वैष्णवसुर किशोर दासले राम जानकीको मूर्ति स्थापना गरेका थिए। त्यस समयदेखि वैष्णवीहरूको संख्या वृद्धि हुँदै गएको थियो। विद्वान्हरूको भनाइ अनुसार यदि चतुर्भुज र सुर किशोरको पाइला त्यस क्षेत्रमा नपरेको हुँदो हो त आज जनकपुर अन्य क्षेत्रहरू झैं लुप्त अवस्थामा रहन्थ्यो होला। वास्तवमा यिनीहरू भारतको उत्तरमा मिथिला राज्यको तीर्थ स्नान गर्न आएका थिए होलान्। यी दुवै वैष्णवी थिए। यी दुईमध्ये एक रामभक्ति अर्को जानकीभक्ति थिए। उनीहरूले आपना साथमा ल्याएका मूर्ति मिथिलाको राजधानी जनकपुरमा स्थापना गर्ने तीव्र मनोकांक्षा भएकोले तथा खास जनकपुरमा आएको भन्ने उनीहरूलाई भ्रम परेको हुँदा आ-आफूले ल्याएको मूर्तिलाई स्थापना गरेका थिए। पछि विकासका साथसाथै कुनै खोज र अनुसन्धानबिना जनकपुर प्राचीन मिथिलाको राजधानीको रूपमा प्रसिद्ध भएको हो।[10]

---

७) अमात्य, साफल्य–जनकपुरमहात्म्य' 'हाम्रो संस्कृति', वर्ष ५, अङ्क १, २०२७ आश्विन-५, पृष्ठ ६६-७०।

८) वर्गाट, रिचार्ड, द क्रिस आप्परेन्स एण्ड रिआप्परेन्स अफ जनकपुरधाम, 'कैलास', क्रम संख्या ४, भोलम ६६, १९७८, पृष्ठ २५८-२५९।

९) मेचीदेखि महाकाली, पूर्ववत्, पृष्ठ २६४।

१०) वर्गाट, रिचार्ड, ऐजन, पृष्ठ २६१।

उक्त मूर्तिको संरक्षण, दैनिक पूजाका लागि मकवानपुरे राजा माणिकसेनले सयौं बिगाहा जमीन त्यहाँको आम्दानीमा चढाएका थिए । ई. सं. १७४० मा जनकपुर मौजाको रूपमा परिणत भएको थियो ।[11] आफूले मकवानपुर कब्जा गरेपछि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले वि० सं० १८२८ को लगभगतिर श्री दुर्गा अर्थात् जनकीको पूजाआजाको निम्ति प्रगन्ना मध्येको जनकपुर मौजा चढाएको थियो । वि. सं. १८६७ मा श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट पनि महोत्तरी प्रगन्नामा पर्ने गोपालपुरको पिपराटि ससिम मौजाको चौतर्फी इलाका श्री जानकीको नाममा चढाएका थिए । पछि क्रमशः जङ्गबहादुर, वीरशमशेर, चन्द्रशमशेर आदिबाट गरी जम्मा ७०० बिगाहा जमीनबाट भएको आम्दानीबाट जानकी पूजा धूमधामकासाथ मनाउँदै वि. सं १९६८ तिर टिकमगडका राजा प्रतापनारायण सिंहले नेपाल सरकारसंग स्वीकृत लिएर भव्य मन्दिरको निर्माण गरेपछि जनकपुरको प्रसिद्धिमा टेवा मिलेको थियो ।

यस पवित्र जनकपुरधाममा कपिलेश्वर, कुपेश्वर नाथ, हनुमान मन्दिर मडवामतहि, धनुषा, चतुर्भुजनाथ मन्दिर, मण्डप, देवी मन्दिर, सुनयना जनक मन्दिर, रङ्गभूमि, लक्ष्मण मन्दिर, जनक मन्दिर, रत्न सागर मन्दिर, रसिक निवास मन्दिर, दशरथ मन्दिर, रङ्गभूमि मानीबाबाको स्थान, सङ्कटमोचन, तुलसी स्मारक, रामानन्द आश्रम, धनुष र घाट, ज्ञानकूप-विद्याकूपका साथै दुई सुप्रसिद्ध मन्दिरहरू छन् । ती जानकी मन्दिर तथा राम मन्दिर नै हुन् । धनुषा अर्को महत्त्वपूर्ण धार्मिक स्थल हो । यो स्थान जानकी मन्दिरबाट १२ माइल टाढा पर्छ । यही शिवको स्वर्ण धनुपलाई भाँचेर रामले जानकीसंग विवाह गरेका थिए भन्ने यहाँको अपूर्व धार्मिक विश्वास छ । स्मरणका लागि यद्यपि २५ गज लामो धनुषको टुक्रा चिन्हको रूपमा प्राप्त हुन्छ । भनिन्छ ५० हातको मिथिला विकासमा उल्लेख भए अनुसार धनुषाको टुक्रा शुरकिशोरले पत्ता लगाएका थिए ।

खास गरी बागमती अञ्चल मन्दिरै मन्दिरले भरिपूर्ण तीर्थ भने झैं कुण्डै-कुण्डले भरिपूर्ण स्थान जनकपुर हो । लोकमत अनुसार ५२ गण्डा कुण्डहरू त्यहाँ छ । 'सुर-नरमुनि नाच मुण्डा' भनी सज्जनहरू भन्छन् । ती सागरहरू शिरध्वज जनक राजाका समकालीन थिए, तर सम्पूर्ण सागरहरू लोप भैसकेका हुनाले हाल १५-१६ वटा मात्र सागरहरू जनकपुर क्षेत्रमा प्राप्त हुन सक्छन् । ती हुन् गङ्गासागर, धनुषसर, अङ्गरागसर, महाराना सर, जनक सर, मुरली सर, रत्न सागर, अग्नि कुण्ड, अमृत सागर, तेलाहा सागर, दही सागर, विश्वकर्मा, दशरथ, दुग्धवती, ज्ञानकुप–विद्याकुप, सतानन्दकुप, बिहान कुण्ड ............... आदि ।[12]

वास्तवमा यति कला सागरहरू हुनुमा दुई प्रमुख कारणहरू महसूस हुन्छ । प्रथम त छुवा-छूत, अन्ध विश्वास, रूढीवाडी जस्ता हाम्रो हिन्दू परम्परा हुनाले रामजानकीको दर्शन गर्न अछूत समुदायहरूले पाउँदैनथे । यसर्थ दर्शनका लागि आ-आफ्नो निजी कुण्डहरू खनाई राम जानकीको मूर्ति स्थापना गरेको हुँदा यति कसा बाउन्न गण्डा अर्थात् २०८ कुण्डहरू हुन गएको थियो भन्ने पुराण आदि धार्मिक ग्रन्थ तथा हिन्दू सम्प्रदायीहरूको आस्था छ भने अर्कोतिर अर्थशास्त्रीहरूको मत यो छ कि जनकपुर प्राचीनकालदेखि नै धनी देश, हराभरा अन्न उत्पादन हुने स्थल भएको हुँदा कुलो, नहर ...... आदि साधन सम्पन्न गरी सिंचाइको व्यवस्था सुनियोजित ढङ्गले होस् भन्ने हेतुले नै थियो ।

जनकपुर ऐतिहासिक महापुरुषहरूको दृष्टिकोणबाट अद्वितीय छ । यी महापुरुषहरूमध्ये शिरध्वज जनक, जानकी, याज्ञवलक्य, गार्गी मैत्रेयी, अष्टावक्र, विश्वामित्र, ऋषि गौतम, कौशिक, सृङ्गि, भृगु, सतानन्द, श्रुतदेव, राजा बुलश्व, पिङ्गला ............... नान्यदेव ...... आदिको नाम अङ्कित छ । अर्कोतिर

११) बर्गाट, रिचार्ड, पूर्ववत्, पृष्ठ २६१ ।

१२) नेउपाने, विश्वनाथ तथा लक्ष्मीकुमारी, जनकपुर गाइड, २०३२, पृष्ठ २८ ।

जनकपुरको गौरवमय धार्मिक परम्परालाई टेवा दिने लक्ष्यमा केही उत्कृष्ट तथा महत्त्वपूर्ण प्राचीन मूर्तिहरूले भूमिका खेलेको पाइन्छ । तीमध्ये जानकी मूर्ति, मायादेवी मूर्ति, सिद्धेश्वर, सूँढले कलस बोकेको हात्तीको मूर्ति, भीमेश्वर, शिव परिवार, मनमोहन, श्रीकृष्ण, भगवान् माधव, भगवती लक्ष्मी, प्रसन्न मुद्रामा भगवान् बुद्ध, भगवान् मत्स्य, गरूडारूढ, भगवान् पुरुषोतम्, अष्टभुज नारायण, भगवान् संकर्षण, पञ्चमुखी भगवान् शङ्कर, वज्रपाणी भगवान् बुद्धको धातु मूर्ति, ध्यानमग्न भगवान् बुद्ध, महालक्ष्मी आदि हुन् ।

तो मूर्तिहरूमध्ये धार्मिक तथा सांस्कृतिक दृष्टिकोणबाट जानकीको मूर्ति महत्त्वपूर्ण छ भने त्यसका साथै मूर्ति कलात्मक दृष्टिकोणबाट मायादेवीको मूर्ति महत्त्वपूर्णको छ । इतिहासकारको भनाइ अनुसार मूर्ति कलात्मक दृष्टिकोणबाट मायादेवीको मूर्तिको प्राचीन नगर जनकपुरको विशिष्ट स्थान ओगटेको छ । नेपाल अधिराज्यभरमा प्राप्त शिलामा कुँदिएको सुन्दर नारी तथा स्तनपान गरिरहेको अबोध बालकको एउटै मात्र मूर्ति छ भन्ने धेरैको धारणा छ । मनु बाज्राकीको लेख अनुसार उक्त मूर्ति ८-९ शताब्दीको हो ।[13] दिल्लीको राष्ट्रिय म्यूजियममा पनि सोही डिजाइनको मायादेवीको मूर्ति भएको आधारमा उक्त मूर्ति सेन राजाको शासनकालको थियो । लोकमत अनुसार, उक्त मायादेवीको मूर्ति आमा-छोराको मूर्ति हो जुन जानकी र लवको प्रतीक हो भन्ने विश्वास छ । उक्त मूर्ति १२ औं शताब्दीको थियो भन्ने तथ्य दिल्लीको राष्ट्रिय म्यूजियममा उल्लेख भएबाट पनि प्रष्टै हुन्छ ।

जनकपुर दार्शनिक दृष्टिकोणका साथै वैज्ञानिक दृष्टिकोणबाट पनि सुप्रसिद्ध छ । प्राचीन नगर जनकपुरमा पहिले दार्शनिक तथा वैज्ञानिक दुवैको उदय भएको थियो । उदाहरणका लागि जनकपुरको रामेछाप जिल्लामा पर्ने कठजोर गाउँमा हालै पुरातत्त्व विभागले प्राप्त गरेको घडी लट्ठीलाई लिन सकिन्छ ।[14] प्राचीन जनकपुर नगर दार्शनिक, वैज्ञानिकहरूका साथै साहित्यकारहरूको ठूलो जमघट थियो । तत्कालीन समयमा छाप्ने मेशीन तथा टाइप राइटरहरूको समस्या भएको वातावरणमा पनि शारीरिक कष्टलाई परवाह नगरी आफ्नो मानसिक योग्यता, दक्षता तथा सीपहरूको चमत्कार देखाएर नै बिलीन भएका थिए । शायद तात्कालीन समयमा पुस्तक संकलन गर्ने रीति हुँदो हो त अझै प्राप्त हुन्थ्यो होला तर एकै स्थानमा रही तयार पारिएको हस्तलिखित (काष्ठपत्र, ताडपत्र, भोजपत्र.........) पुस्तक प्रकाशमा आउनु त कता हो कता जनतालाई पढ्ने सुविधा प्राप्त पनि नहुने हुँदा हाल पुरातत्त्व विभागले खोजद्वारा केही हस्तलिखित पुस्तकहरू प्राप्त गरेको छ । तीमध्ये वालुन, स्वस्थानी ब्रत कथा, सप्तशती दुई वटा, यात्रो हृदयम, अग्नि स्थापना, शिवस्वरोदयम, शिव कवचम्, भारत साविल्री, संकटा स्तोत्रम् दुईवटा, गोपी स्तुति, हरिनाम माला स्तोत्रम्, नारायणष्टकम्, त्रैलोक्य मङ्गलकवचम्, शालीग्राम पूजाविधि, वार्षिक कल्पद्रुम, कर्मविचायक वाशिष्ठी विवाहपद्धति, खण्ड खाद्य, जातकर्म पद्धति, विद्धज्जन वल्लभ्, शची पूजाविधि,

१३) बाजाकी, मनु-के हाम्रो संस्कृति चोखो छ ? 'रूपरेखा', ६-१-१२-२०-२५, पृष्ठ ६३ ।

१४) थापा रमेशजंग-'प्राचीन नेपाल', पुरातत्त्व विभागको मुखपत्र, संख्या २६, माघ २०२०, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, काठमाडौं, नेपाल, पृष्ठ ३३ ।

(सर्वप्रथम समयको ठीक ज्ञान दिलाउने उद्देश्यले घडी लट्ठी सस्तो तथा टिकाउ हुने कुनै वैज्ञानिक औजारविना निर्माण भएको उक्त घडी सानो छेस्को तथा सूर्यको किरणको सहयोगबाट चल्दथ्यो । उक्त घडीबाट हाम्रा पूर्वजहरूको वैज्ञानिक दक्षताको उदाहरण मिल्छ । आधुनिक वैज्ञानिक सामानहरूको सहयोग बिना बनेको घरेल लट्ठी घडी आर्थिक दृष्टिकोणबाट निक्कै लाभका साथै बौद्धिक दृष्टिकोणबाट बहुमूल्य छ । जुन प्रकारको घडी लट्ठी हाल नेपाल भरमा दुर्लभ मानिन्छ । वास्तवमा यो नेपाल राष्ट्रिय म्यूजियममा राख्न योग्य छ भन्दा अत्युक्ति नपर्ला । )

जयपञ्चाशिका, यी माथि उल्लिखित २४ थान हस्त लिखित पुस्तकहरू हुन्। पुरातत्त्व विभागको भनाइ अनुसार, नेपाली बालुन अति महत्त्वपूर्ण पुस्तक हो। ऐतिहासिक खोज कार्यहरूमध्ये उक्त पुस्तकलाई महान उपलब्धि ठानेका छन्।[15] पतञ्जली गजुर्यालका शिष्य जानकीनाथ र बालकृष्ण दुई जना मिली तयार पारेको उक्त नेपाली बालुनको पुस्तक प्राचीन सङ्गीतको पुस्तक हो।

दार्शनिक, वैज्ञानिक, साहित्यिक दृष्टिकोणका साथै धार्मिक क्षेत्रमा पनि जनकपुर नगरले ठूलो स्थान प्राप्त गरेको छ। हिन्दूहरूको पवित्र तीर्थस्थान पशुपति झैं जनकपुरस्थित जानकी पनि पवित्र तीर्थस्थान हो, पवित्र धाम हो। पशुपतिनाथ मन्दिरमा झैं जानकी मन्दिरमा पनि दर्शनका लागि लाखौं हिन्दू धर्मावलम्बीहरू आउँछन्। मध्यप्रदेश, उत्तर प्रदेश, गोरखपुर, काश्मीर, हैदराबाद, बनारस, दिल्ली आदि क्षेत्रबाट हिन्दू धर्मावलम्बीहरू जानकीको दर्शनका लागि आउँछन्।

पशुपतिनाथ भगवान्को झैं जानकी देवीको पनि वैदिक अर्थात् वेदविधिबाट नित्यपूजा हुन्छ। १३ औं पुस्तामा महन्तको काम सम्हाली आउनु भएको महन्त रामशरण दासको भनाइ अनुसार पशुपतिनाथको झैं जानकीको पनि श्रीयन्त्रबाट पूजा हुन्छ जुन पूजालाई हिन्दू धर्ममा सर्वश्रेष्ठ ठानिन्छ।

बिहान ७, ११, ३:३०, साँझ ७, राति ९.३० बजे गरी जम्मा ५ पटक पूजा आरती हुन्छ जसलाई क्रमशः सिंगार आरती, भोग आरती, धूप आरती, सन्ध्या आरती, भोग रात्रि आरती भनिन्छ। यस पूजा आरतीका स्वर्ण अवसरमा महन्त राम शरण दास तथा अन्य ८ जना पूजारीहरू पनि समावेश हुन्छन्। ती पूजारीहरूमध्ये जानकी बल्लभ दास, रामचन्द्र दास, रामकिशोर दास, किशोरी शरण, तपेश्वर प्रमुख पूजारीहरू तथा बिन्दु शरण र साम्राकान्त सहायक पूजारी हुनुहुन्छ। ती पूजारीहरू आपसमा काम बाँडफाँड गरी जानकीको पूजाको लागि सदैव तत्पर हुन्छन्। उनीहरूलाई पूजारी पदका लागि नियुक्त महन्तले गर्छन्। योग्यताको हकमा ती पूजारीहरूले गीता, तुलसी रामायण.............. आदि पढ्न सक्ने दक्षता अथवा मध्यमासम्मको योग्यता हुनुपर्छ।

उक्त जानकी मन्दिरमा महन्त, पूजारी, पुरोहित, लेखापढी गर्ने हजाम, हरूवाचरुवा तथा सेवक गरी ६०–७० परिवारहरू छन्। हालका महन्तले २०१६ देखि मन्दिरमा पूजा गर्दै आइरहनु भएको छ। अन्य साथ पूजा हुने त्यस जानकी मन्दिरमा वर्ष भरि ६–७ चाडहरू मानिन्छ। तीमध्ये राम नवमी, जानकी नवमी, झुला, विवाहपञ्चमी, फाल्गुनी पूर्णिमा, मिथिला परिक्रमा तथा मध्यमा परिक्रमा नै हुन्।

जानकी नवमी वैशाख शुक्ल नवमीका दिन मनाइन्छ। जनकवंशीय राजा शिरध्वज जनकले आफ्नो शासन समयमा वैशाख शुक्ल नवमीका दिन बाह्र यज्ञ गर्दा भूगर्भबाट उत्पत्ति भएकी जानकीलाई प्राप्त गरेको दिन थियो भन्ने कुरा रामायण तथा प्राचीन धार्मिक पुस्तकहरूबाट महसुस हुन्छ।

यो उत्सव चैत्रमा हुने रामनवमीको एक पक्षपछि आउँछ। जानकीको उत्पत्ति हुँदा ठीक २ बजेको समय थियो भन्ने धार्मिक विश्वास अनुसार ठीक २ बजेतिर जानकी नवमी मनाइन्छ। यदि मेघ नक्षत्र त्यसदिन पर्‍यो भने त्यो नवमी तिथिभन्दा पनि उत्तम हुनेछ भन्ने भनाइ छ। त्यस दिन साधुसन्तहरू ठाउँ ठाउँबाट आउँछन्। त्यसदिन उपवास बसी मनाउँछन्। यो नवमी १५ दिनसम्म मनाइन्छ। १५ दिनसम्म जानकी नवमी मनाउनाको मुख्य कारण वैदिक कर्म गर्ने उद्देश्यले हो। उक्त जन्मोत्सवको शुभ उपलक्ष्यमा वस्त्र, गहना आदि चढाई गानाबजानाकासाथ अन्य रूपमा मनाइन्छ। त्यस दिन गाउने मैथिली गीतमा मालाहार, सौहार, खिलौना आदि हुन्। त्यस उत्सवमा जानकी मन्दिरको महन्तले ठूलो भूमिका खेलेका हुन्छन्। हुन त

१५) थापा, रमेशजङ्ग, 'प्राचीन नेपाल' ऐजन।

यस उत्सव एक–दुई दशक यतादेखि भव्यताकासाथ मनाउँदै आएको हो तापनि यस उत्सवको सन्दर्भमा जानकी मन्दिरको महन्त रामशरण दास तथा पण्डित जीवनाथ झाका अनुसार यस उत्सवमा ५० हजारभन्दा बढी तीर्थयात्रीहरू आउँछन् । वास्तवमा रामनवमीको तुलनामा जानकी नवमी त्यति लोकप्रिय छैन । राम-नवमीका दिन पहाडिया, मैथिली तथा अन्य त्यहाँका समुदायहरूले भाग लिन्छन् । जानकी नवमीका दिन मैथिली समुदायहरूमात्रको भीडको दृश्य–दृश्यावलोकन भए अनुरूप राम नवमी जानकी नवमीभन्दा निकै भीडका साथ मनाइने देखिन्छ । नेपालले विभूतिको रूपमा मान्यता प्रदान गरेका जानकी जन्मोत्सव सम्पूर्ण नेपालीहरूले समान रूपले मनाइनु पर्नेमा पहाडी प्रदेशबाट त्यहाँ बसेका मानिसहरूले उपेक्षा गरे जस्तो महसूस हुन्छ ।

परिक्रमा पर्व अर्को धार्मिक चाड हो । त्यस अवसरमा जनकपुरमा ठूलो मेला लाग्छ । यो मास कार्तिक, माघ र वैशाख महीनामा पर्दछ । महीना दिनसम्म निरन्तर चलिरहने उक्त परिक्रमा आखिरी संक्रान्तिसम्म चलि नै रहन्छ । परिक्रमा ३ प्रकारको हुन्छ ठूलो परिक्रमा, मध्यम परिक्रमा र छोटो परि-क्रमा । मिथिला महात्मा अनुसार कौशिकबाट परिक्रमा आरम्भ गरी सिहेश्वर, कोशिकी, संगम, गंगा, शाली-ग्राम, कामेश्वरबाट पुनः सिद्धेश्वर गएर परिक्रमा गर्नुलाई ठूलो परिक्रमा भनिन्छ । मध्यमा परिक्रमा पूर्णिमासम्म रहन्छ । गंगासागर स्नान गरी कुण्डकुण्ड घुमी पुनः गंगासागरको परिक्रमा गर्नुलाई छोटो परिक्रमा भनिन्छ । मास अथवा परिक्रमाको अवसरमा केही तीर्थयात्रीहरू उपवास बस्ने, पुराण सुन्ने गर्दछन् भने अर्काथरि सूर्य अस्ताएपछि एकछाक मात्र खाना खान्छन् । यस मास अवसरमा एकादशी, चतुर्दशी पनि मान्दछन् र आइतवारका दिन नून खाँदैनन् । यस परिक्रमा वा मासको अन्तिम मास समाप्त गरी आ–आपनो स्थान फर्कन्छन् । यस मास वा परिक्रमा हिन्दू-हरूको लागि महान् उपलब्धि मानिन्छ । कारण धर्म सम्बन्धी शिक्षा र अभ्यासका दुई महत्त्वपूर्ण पक्षलाई बलियो पार्न सफल भएको छ ।

झुला जनकपुरको सबैभन्दा रमाइलो चाड हो । यो झुलन कार्य जनकपुरभरि लोकप्रिय छ । श्रावण महीनाभरि रात्रिकालमा जानकी रामलाई झुलाइन्छ । श्रावण शुक्ल द्वितीयादेखि शुरू भएर पूर्णिमासम्म रहन्छ । खास गरी राम मन्दिरको झुलन घर, जानकी मन्दिर, रत्न सागर, बिहार कुण्ड, आदि स्थानमा झुलन कार्य विशेष रूपले सम्पन्न हुन्छ । साथै प्रत्येक मन्दिर, कुटी तथा घरघरमा पनि झुलन कार्य सम्पादित हुन्छ । श्रावण द्वितीयाको प्रथम दिन राम मन्दिरमा राम जानकीको पूजा हुन्छ । साँझ ५ बजेतिर पालकीमा राम जानकीको मूर्ति राखी रङ्गभूमितिर लैजान्छन् । त्यस पवित्र चाँदीको पालकीमा हजारौं धर्मावलम्बीहरू पछि लाग्छन्, बाटामा झुला, राम, चौमासा, बारमासा आदि गीत, भजन, कीर्तन गर्दै पुनः झुला घर फर्किइन्छन् ।[16] झुलन कार्य यति लोकप्रिय तथा रम–णीय वातावरणमा हुन्छ कि रातभर झुलन कार्य भइ-रहन्छ जुन बखत गानाका साथै नृत्य पनि हुन्छ । भनिन्छ नृत्यका लागि नटुवालाई १ रातको रु. १०० तिरेर निम्त्याएको हुन्छ ।

जनकपुरको धार्मिक चाडहरूमध्ये भव्यताका साथ मनाउने महत्त्वपूर्ण चाड विबाह पञ्चमी हो । यो मार्ग महीनामा सम्पन्न हुन्छ । जानकी मन्दिर तथा राम मन्दिरको मण्डपमा राम–जानकी विवाहको दृश्य देखाउँछन् । जन्तीका लागि एकदन्ते हात्ती, घोडा, शाही रथ, नगडा बनाउने व्यक्ति विभिन्न किसिमका बाजाहरू तथा सजावटका लागि अन्य आवश्यक सामग्री-हरू तथा विभिन्न किसिमका खानाहरू तयार हुन्छन् ।

---

१६) क) झा, मखन–'द सेक्रेड कम्प्लेक्स अफ जनकपुरधाम,' पूर्ववत्, पृष्ठ ३४–३५ ।
ख) दृश्यावलोकनद्वारा ।
ग) प्रश्नावलीद्वारा ।

पञ्चमीका दिन करीब २ बजेतिर राम मन्दिरबाट जन्ती प्रस्थान गर्छ। जन्ती प्रदर्शन पूर्व झैं टिकमगढदेखि नै मान्छेहरू आउँछन्। बडो शिष्टाचारकासाथ बिवाह सम्पन्न हुन्छ। ठूलो रथमा रामको मूर्ति विशाल जुलूसकासाथ लगेको हुन्छ। करीब २.३० बजेतिर रङ्गभूमिमा रामको मूर्ति पुऱ्याउने काम सम्पन्न हुन्छ। उक्त रङ्गभूमिमा धनू भाँची रामायणको कथा दोहोऱ्याइने अनुकरण गरिन्छ। त्यसबेला राम-सीता दुवै तर्फका दलहरू भेला भएका हुन्छन्। त्यस समय गाइने गीतहरू मध्ये परीचन, गोसोनिक, नैना जोगिन, सिन्धुरधुन, धकन, स्वयम्वर, महेशवनी, बरहमासा, चौमासा आदि हुन्। दर्शकहरू एकाग्रचित्तले स्वयम्वर हेर्न त्यहाँ उपस्थित भएका हुन्छन्। स्वर्ण मण्डपमा वैवाहिक कार्य सम्पन्न हुन्छ।[17]

५०-६० वर्ष यतादेखि वर्षेपिच्छे भने जस्तो भडकका साथ मनाइने नेपाल अधिराज्यको धार्मिक चाड विवाहपञ्चमीमा साधुसन्तहरूलाई नैवेद्य, दक्षिणा तथा मुख्य मुख्य पाहुनाहरूलाई खाना, गहना, कपडा र बर्तनहरू प्रदान गर्छन्। गुठी संस्थानले खर्च व्यहोर्छ। यसरी तीर्थयात्री साधुसन्तहरूलाई चढाएपछि उत्तम मोक्ष मिल्छ भन्ने बिश्वास छ। चतुर्थीको रातमा पाल्कीलाई मन्दिरभित्र सजाई राखिन्छ। उनीहरूको विश्वास छ कि उक्त रात भगवान् राम सीतासंग सुहागरात मनाउन आउँछन्।

यो विवाहपञ्चमी ७ दिनसम्म मनाइन्छ। लावा-लश्करका साथ लगिने जन्तीमध्ये झाँकी पनि हुन्छ। राम-सीताको अनुकरण गर्ने ब्राह्मणका संख्या हुन्छ। यिनीहरूले मोहकको दिनसम्म नून खाँदैनन्। चतुर्थीक्रियासंग विवाह पञ्चमी पनि समाप्त हुन्छ।[18]

यी चाडहरूले जनकपुरको प्राचीन धार्मिक परम्पराहरू आजसम्म निर्विवाद रूपले चलाएको देखाउँछन्। उक्त तपोभूमिक्षेत्रको विकासमा निमी, मिथीका साथै जनक वंशी राजाहरूले योगदान दिएका थिए। फलस्वरूप जनकपुर भारतका सात महत्त्वपूर्ण राज्यहरूमध्ये एक हुन गएको थियो। राजा शिरध्वज जनकले शैक्षिक विकास गर्नुका साथै देशको आर्थिक विकासमा ठूलो भूमिका खेलेका थिए जसद्वारा सांस्कृतिक मर्यादाको संरक्षण हुनसकेको थियो।

## जानकी मन्दिरको वास्तुकलात्मक अध्ययन

वास्तुकलात्मक दृष्टिकोणबाट भारत मौर्यकालदेखि नै वास्तुकलात्मक क्षेत्रतर्फ उत्तरोत्तर विकास पथमा लम्केको महसूस हुन्छ। हुन त ती मुगलकालीन वास्तुकलाहरू हाल न्यूनतम प्रतिशत मात्र प्राप्त हुन्छन् तापनि ती वास्तुकलाहरूले मुगलकालीन वास्तुकलाको स्वर्णयुगको प्रतिनिधित्व गरिरहेका छन्। १५२६ ई. अर्थात् तुर्क अफगानकालमा इण्डो मुश्लिमकलाको महत्त्वपूर्ण विकास भएको थियो। बाबर, हुमायु, शेरशाह, अकबर, शाहजहाँहरूले भवननिर्माण कलामा महत्त्वपूर्ण योगदान दिएका थिए। तसर्थ 'ताजमहललाई एशियाई तथा यूरोपीय बिद्वताको प्रतीक' मान्दछन्।[19] यता नेपाल पनि वास्तुकलात्मक क्षेत्रमा मध्ययुगदेखि नै द्रूतगतिले उन्नति गर्दै गइरहेको तथ्य प्रष्ट हुन्छ। उदाहरणका लागि १३ औं शताब्दिमा विभूति अरनिकोले नेपाली शैलीको वास्तुकलात्मक क्षेत्रको परिचय सुदूर

---

१७) मण्डपको विषयमा राममन्दिरका महन्त व्यास जयकृष्ण तथा जानकी मन्दिरका महन्त रामशरण दासहरूको तर्क बाझिएको छ। उनीहरू आ-आफ्नो स्वर्ण मण्डपलाई नै मौलिक मण्डप भन्नेमा विश्वास राख्छन्। हाल जानकी मन्दिरको महन्तले भव्य मण्डप तयार गर्नका लागि प्रयास गरिरहेको पाइन्छ, तर पूर्ण भने हुनसकेको छैन। आर्थिक समस्याले गर्दा अपूर्ण भइरहेको महसूस हुन्छ।

१८) क) झा, मखन-द सेक्रेड कम्प्लेक्स अफ जनकपुर, पूर्ववत्।
ख) दृश्यावलोकनद्वारा।
ग) प्रश्नावलीद्वारा।

१९) महाजन, बिद्याधर- 'मुश्लिम रूल इन इण्डिया', १९६३, पृष्ठ ५६०-५६४।

पूर्वी राष्ट्रहरूमध्ये चीन साम्राज्यमा देखाइसकेका थिए । पेकिङ्गका सेतो पँगोडा नेपालको विख्यात वास्तुकला हो ।[20] पँगोडा शैलीमा बनेका लिच्छवि-कालका वास्तुकला लोकप्रिय तथा आनन्ददायी थिए जुन अन्य राष्ट्रहरूका लागि अनुकरणीय आदर्शको रूपमा बन्न गएको थियो ।[21] वास्तवमा मुगलकालीन कलालाई हेर्दा पुरातन संस्कृतिलाई आ-आपनो रूचि अनुसार अपनाएको पाइन्छ भने नेपाली स्थापत्यकला खासगरी मन्दिरमा पुरातन संस्कृतिकै आधारमा अनु-करणात्मक शैलीलाई पनि मौलिकतामा ढालेको पाइन्छ ।

नेपालमा पँगोडा शैलीको अतिरिक्त शिखर शैलीको पनि प्रयोग गरेको पाइन्छ । मल्लकालमा आएर सात प्रमुख शैलीको विकास भएको पाइन्छ । तलेजु शैली, कृष्ण मन्दिर शैली, महाबौद्ध शैली, चैत्य शैली, विहार शैली तथा विश्वरूप मन्दिर शैली आदि मल्लकालीन वास्तुकलाका शैलीहरू थिए । शाहकालमा केही मुगल प्रभाव परेको थियो । जनकपुरस्थित जानकी मन्दिर पनि शिखर शैली तथा मुगलकालीन स्थापत्य कलाको उदाहरण हो । गौत्तम बज्राचार्यले शिखर शैलीको मन्दिरलाई ग्रन्थकूट देवलको संज्ञा दिएको पाइन्छ ।[22]

वास्तुकला तथा काष्ट शिल्पमा हाम्रो शिल्पमा मुगलकालीन वास्तुकलामा झैं इरानी, पर्शियन, यूरो-पियन र हिन्दूस्तानी आदि शैलीको मिश्रण छैन तापनि नेपालको तराई इलाका भारतको सिमाना निकट हुँदा तथा भारतीय राज्यकै रजौटाद्वारा निर्माण कार्य सम्पन्न हुन सफल भएकाले त्यहाँ मुगलकालीन स्थापत्य कलाको प्रभाव परेको थियो । सो कुरा गृह निर्माण कलामा परेको डिजाइनबाट स्पष्टै हुन्छ । जानकी मुगलकालीन स्थापत्य कलाको चोखो उदाहरण हो । नेपाल अधिराज्यमा त्यति भव्य मन्दिर अर्को छैन । त्यस मन्दिरको वास्तुकलात्मकता सौन्दर्यपूर्ण छ । पुरातन संस्कृति तथा चाल-चलनलाई अपनाएको पाइन्छ ।[23]

पहिले त्यहाँ खपडाको छानो भएको सानो मन्दिर थियो जसलाई टिकमगढका राजा प्रतापनारायण सिंहले कार्यपलट गरिदिएका थिए । उनले तत्कालीन नेपाल सरकारबाट स्वीकृति प्राप्त भएपछि १९६३ वि. सं. मा त्यस मन्दिरको जग ९ लाखको लागतमा बनाएका थिए । तसर्थ नवलखा मन्दिर भनी सुप्रसिद्ध छ । १९६८-६९ सालतिर उक्त मन्दिर ३३ लाखको लागतमा तयार भएको थियो भन्ने जानकी मन्दिरका महन्त तथा अन्य लोकमतको भनाइ छ । त्यस मन्दिरको भव्य स्थापत्य कलाबाट वाह्य आवरण हेर्दा नै कुनै किल्ला वा कुनै मस्जिद जस्तो देखिन्छ । मन्दिरको चारैतिर संगमर्मरको प्रयोग गरेको छ, झण्डै एक बिघा जति ठाउँ ओगटेको त्यस मन्दिर बाह्यबाट हेर्दा खण्ड खण्ड परे पनि एउटै जस्तो लाग्छ तापनि दुई भागमा स्वतः छुट्टिन्छ । बाह्य भाग भन्नाले 'शिशमहल' तहखाना तथा दोस्रो भित्री भागको चोक र मन्दिर लम्बाइ-चौडाइको आधारमा त्यस महलको बाहिरी महल २६५×१८७ फीट छ । त्यस मन्दिरको अगाडि भाग ३ तल्ला छ । खण्ड खण्डको संयुक्त मेलबाट बनेको त्यस मन्दिरको मुख्य द्वारको दायाँ बायाँ छेउ २ तल्लाको छ । अन्तिम छेउ समेत ५ खण्डमध्ये अन्तिम दायाँ-बायाँ छेउ गुम्वजसहित ४ तल्ला छ जसले बीच भागलाई अपार सौन्दर्य प्रदान गरेको महसूस हुन्छ । मन्दिरको छाना २०० जति गजूरनै गजूरले रमणीय वातावरण छाएको छ । वास्तवमा त्यही गुम्वजसहितको गजूर नै हो आकर्षणको प्रथम दृष्टिगोचर । मन्दिर

---

२०) बार्य, टङ्क वी-'वास्तुकला', 'प्रज्ञा', १-२ र ४, ०२८, त्रैमासिक पत्रिका', ने. रा. प्र. प्रतिष्ठान, कमलादी काठमाडौं ।

२१) अमात्य, जे. एन. सिंह-'पिक्चर्स व्यू नेपाल' पृष्ठ ३९ ।

२२) बज्राचार्य, गौतम, पृष्ठ १२७ ।

२३) ब्राजाली, मनु, के- हाम्रो संस्कृति चोखो छ ? 'रूपरेखा', ९-१-१२, २०२५, पृष्ठ ९३ ।

अगाडि उत्तर दक्षिण फैलिएर रहेको ठूलो चोक देखिन्छ। त्यस चोकमा ईंटाहरूले युक्त भएका हुँदा सफा र फराकिलो चोक देखिन्छ। मन्दिरको भूईं तल्ला सुरक्षाको दृष्टिकोणबाट बनेको हुँदा माथिल्ला तल्लाहरूमा झैं झ्यालको व्यवस्था भएको पाइन्न। स्वच्छ हावा तथा सूर्यको प्रकाश छिर्नसम्म सक्ने उद्देश्यले होला केवल जम्मा ८ वटा अति साना झ्यालहरू छन् जसमा फलामका डण्डीहरू लगाइएका छन्। त्यस्ता झ्यालहरू भएका ६ वटा कोठा भूईं तल्लामा छन् जसमा ११ बजे दिउँसोतिर मात्र सूर्यको प्रकाश छिर्छ। मूलद्वारको दुई दायाँ–बायाँ छेउ दुई कोठाहरू छन् जहाँ त्यस मन्दिरको संरक्षणको लागि सुरक्षकहरू बस्दछन्। मन्दिरको मूल प्रवेशद्वारमा पाको ईंट र संगमर्मरको प्रयोग गरेको छ। उक्त द्वार समकोण चतुर्भुज आकारबाट बनेको छ। द्वारको दायाँ-बायाँ छेउ दुईवटा खम्वाहरू छन्। ती खम्वाहरूले द्वारका किल्लालाई अड्याउनका लागि माथितिर कोष्ट आकारका किल्लाले आधार दिइरहेको छ। उक्त आधाररूपी किल्ला कलात्मक ढङ्गबाट निर्माण भएको छ। द्वारमा फुलबुट्टाहरूले अपार शोभा दिइरहेको छ। ढोका फूलबुट्टा ढाँचाबाट आरम्भ गरी गरुडको मूर्तिसम्म लगेर समाप्त भएको छ। द्वारको शिर दोस्रो तल्लाको माथिल्लो भागबाट शुरू भई अंग्रेजी अक्षर 'यु' लाई उल्टो पारी भूइँमा छुवाएको छ जसले दोस्रो तल्ला छुट्याउने काममा मद्दत पुऱ्याएको छ। मूल द्वार माथिको शिर विभिन्न साना-साना कोष्ठहरूको संयुक्त मेलबाट तयार भएको छ। कोष्ठहरूले खुला भागलाई समर्थन गरिरहेका छन्। मूलद्वारको माथिल्लो तल्ला छुट्टिने स्थानमा समकोण चतुर्भुज बुट्टाहरू छन्। त्यसदेखि मुनि ताराहरूका बुट्टाहरू छन्। त्यहाँ रेखागणितसंग सम्बन्धित बुट्टाहरू प्रशस्त दिएका छन्। ती रेखागणीतका बुट्टाहरू (कोष्ठ, समकोण, चतुर्भुज...) कमलको फूल बान्की, नागवेली, चारपाटे प्वालहरू आदि बुट्टाहरूले युक्त भूइँ तल्लाका शिलाफलकको वा स्थापत्यकलाको निर्माण भएको छ जसले गहन कलाकारिताको पुष्टि गर्छ। मूलद्वारको ठीक छेउ जहाँ भक्तजनहरू बास बस्दछन् ती दलानहरूमा ४–४ खम्बाहरू छन्। यस माथिबाट वृत्त खण्डको आकार आधार दिइराखेको छ।

मूलद्वारको ठीक १० इञ्च पहाडी मार्बलको दोस्रो निजीद्वार छ। यो द्वार ७ फीट चाक्लो छ। त्यही द्वारमाथि ४ हात भएको गणेशको मूर्ति छ। मूला, बञ्चरो, माला तथा पुस्तक हातमा लिएकालाई गहिरो रातो रङ्गले रङ्गाएको छ। त्यहाँ नागवेली आकारले द्वारलाई घेरेर आलङ्कारिक दृष्टिकोणबाट गणेशको शिर माथिबाट अन्त्य गरेको छ। भूइँ तल्लामाथि दोस्रो तल्ला छ। मूलद्वार श्रद्धापूर्ण भएका हुँदा मन्दिरको बीच तल्लालाई मिचेको पाइन्छ। दोस्रो तल्लाका झ्यालहरू भूइँ तल्लाका भन्दा ठूला–ठूला छन् जसबाट निरन्तर कोठामा सूर्यको प्रकाशका साथै स्वच्छ हावा आवत–जावत भैरहन्छ। भूइँ तल्लाका दुई साना-साना दलानहरू माथितरका झ्यालहरूमध्ये दायाँ झ्यालमा सरल आकृतिका रेलिङको व्यवस्था छ भने देब्रे छेउतिर चम्कने ताराका बुट्टाहरू तथा फुल्न लागेको कमलका बुट्टाहरूले युक्त रेलिङको व्यवस्था भएको छ जसले बीच तल्लाको झ्यालको शोभा बढाएको पाइन्छ। त्यस बाहेक अरू साधारण रेलिङ बिनाका केही मझौला खालका झ्यालहरूलाई पनि मन्दिरका बीच तल्लामा स्थान दिएको छ।

भूइँ तल्ला र दोस्रो तल्लाको बीचमा अनगिन्ती समकोण तथा चतुर्भुज जस्ता आकारका साना-ठूला बुट्टाहरूले मन्दिरको तलालाई छुट्याउन सफल भएको छ। मूलद्वारको ठीक सीधा माथि तेस्रो तल्लामा रेलिङहरू लगाएका छन् जसले बार्दलीको कामलाई पूर्ण गरी दिएको छ। त्यस बार्दली पछाडि ठूला–ठूला झ्यालहरू छन्। त्यस बार्दली सिमानाको दायाँ-बायाँ दोस्रो खण्डमा ९–९ वटा साना साना गजूरहरू छन्। ती गुम्बज आकारका गजूरहरूले मन्दिरको दोस्रो खण्डलाई छुट्याई दिएको छ। मन्दिरको तेस्रो खण्डहरूको तेस्रो तल्लाहरूमा ठूला-ठूला झ्यालहरूका साथै आँखी झ्यालहरू तथा सरल रेखा आकृतिका रेलिङहरू भएका झ्यालहरूले त्यस खण्डलाई अपूर्व शोभा प्रदान गरेको छ।

मन्दिरको तेस्रो तल्ला र गजूर सहितको गुम्बज मूर्ति पानी थाम्ने छानाहरू चारैतिर लगाइएका छन् । अन्तिम तल्ला अर्थात् शिखर त्यस मन्दिरको महत्त्वपूर्ण तल्ला हो जसमा गुम्बज वा हवेली माथितिर गजूरहरू छन् जसले मुगलकालीन वास्तुकलाको प्रतिनिधित्व गरेको छ । ठूला-ठूला गुम्बज चतुष्कोण आकृतिबाट तयार भएको छ । त्यस हवेली वा गुम्बजमा कोष्ठ, समकोण चतुर्भुज आदि रेखा गणीत आकारका बुट्टाहरू कुँदिएका छन् । त्यहाँ आठ कुने किसिमका गुम्बजका किल्लाहरू छन् । चतुष्कोण आकारका छाना-हरू छन् जसले तल्लो तल्लाहरूलाई आँधी-हूरीबाट संरक्षण गर्दछ । गुम्बजमा कलश, पत्र–पुष्प तथा वायु-परक आदि प्रतीकहरू पाइन्छन् ।

मूलद्वारको पछाडि २०×१४ फीटको कोठा छ जहाँबाट मन्दिर गइन्छ । जानकीको मुख्य मन्दिर जताबाट हेरेपनि ३८ फीटको चौडाइको छ जसले मन्दिर वरिपरिकै नासको अर्थात् चतुर्भुज आकारको आकृति लिन पुगेको छ । त्यस मुख्य मन्दिरको वरिपरि कोठा, वरण्डा, भान्छा, धर्मशाला आदि देखिन्छ । धर्मशालामा २४ घण्टै भजन–कीर्तन हुन्छ । जानकीको मुख्य मन्दिर वरिपरि खुला चोकको लम्बाइ चौडाइ १३०×८० फीट छ । जानकीको मुख्य मन्दिर सतहमाथि ३८ फीट वरिपरिको बीच सिमानामा बनाएको छ जसले मन्दिरको प्रदक्षिणा गर्न सघाऊ पुऱ्याएको छ । जानकी मुख्य मन्दिर ९४ फीट ७ इन्च लम्बाइको छ । त्यहाँ देवताका अगाडि पूजा गर्ने, पाठा गर्ने राम्रो दलान छ । त्यसको अगाडि बरण्डा छ । त्यसको अगाडि खम्बाहरू छन् । दलान वरिपरि संगमर्मरको प्रयोग भएको छ । त्यसको पृष्ठभागमा काठबाट बनाइएको ढोका छ । जानकी मन्दिरभित्र सुनचाँदीको सिंहासन छ । ३ वटा सिंढीपछि देवताको सिंहासन आउँछ । जानकीको मुख्य मूर्ति एक कालो पत्थरको हो । इतिहासकारहरूले त्यस मूर्ति १२–१३ औं शताब्दीको भनी मानेका छन् जसलाई स्थानीय जनताले जङ्गलमा भेट्टाएका थिए । अष्टरत्नबाट बनेको त्यस स्वर्ण मूर्तिको नाकको दाहिने भाग फुटेको छ । खून भएकाले त्यस मूर्तिको पूजा हुँदैन तापनि फूल मालाले सजाएर राखेको छ । सिंहासन अगाडिको उक्त मूर्ति राम, लक्ष्मण, हनुमान्को साथमा राखिएको छ । त्यहाँ अन्य हिन्दू देवताहरू पनि छन् । तिनीहरूकै साथमा जानकीको पूजा गरिन्छ । देव मन्दिर अगाडि ढोका छ । त्यस ढोकामा चाँदीको मोलम्बा लगाएको छ । त्यहाँ पनि नागवेली र कमलको फूलका चित्रहरू कोरिएको छ । त्यस ढोकाको दुवैतिर बाँदरको टाउको बनाएको छ । सिंहासनमाथि छानामा पनि कमलको फूल अङ्कित गरेको छ । गद्दीमाथि मण्डप जस्तो बना-एको छ । फूल र पातलो लहरा बनाएकोले त्यहाँको वातावरण अत्यन्त रमणीय छ । देवताको श्रीपेचमा पनि कमलको फूल नफुलेको झुलाएको छ जसको आधारले स्तम्भको भव्यता तथा रमणीयता देखिन्छ जसले स्तम्भ–को भार लिएको प्रतीत हुन्छ । महलको चारैतर्फ संगमर्मरको प्रयोगले कोठाको सौन्दर्य बढ्न गएको छ । त्यहाँ कुँदिएका बुट्टाहरू कलात्मक छन् । जानकी मुख्य मन्दिर दुई तल्लाको छ जसको विभाजन एउटा पैगोडा शैली झैं जानकीको पनि दुई तह बनाएको छ । मन्दिरको पृष्ठभागमा फलामको पुल छ जसमा पछाडिको भाग जोडिएको छ । त्यो पुल जस्तोको तल्लामा सिंडीहरू छन् । त्यहाँ बास स्तम्भ मण्डप पुगिन्छ । त्यहाँ कला ढुङ्गाहरूको मूर्तिहरू छन् जहाँ विष्णुको पनि मूर्ति छ ।

प्रमुख प्रवेशद्वारबाट भित्र पस्ना साथ खुला आगन छ । यो आगनको पनि ठीक उत्तर दिशामा सुन्दर अर्को द्वार दृष्टिगत हुन्छ । त्यस द्वारको छेउ इनार छ । त्यस उत्तर दिशाको द्वारको टाउकोमा विशाल पत्थरबाट बनेका दुईवटा भयङ्कर बाँदरका मूर्तिहरू छन् । उत्तरै दिशा मुख फर्काएर रहेको यी दुई बाँदरको बीचमा लाम्चो आकारको ढुङ्गाको कलात्मक पहाड छ । त्यो तोरणले एक पटक रामायणको एक घटनालाई स्मरण गर्ने तर्फ औंल्याएको छ । त्यस तोरणले रामायणका कथाहरूलाई स्मरण गर्न सङ्केत गर्छ । रामायणका कथामा उल्लेख भए अनुसार राम–रावणको युद्धमा मूर्च्छा परेका लक्ष्मणलाई ब्यूँझाउन संजीवनीको खोजमा गएका हनुमान्ले कुन चाहिं हो

सञ्जीवनी वृक्ष पत्ता लगाउन नसकेको हुँदा मुख्य पर्वत नै बोकेर राम समक्ष लङ्कामा प्रस्तुत गरेका थिए । वस, त्यो तोरण पनि त्यसै घटनाको स्मरणको रूपमा राखेको हो भन्ने सङ्केत प्राप्त हुन्छ । त्यस द्वारको टाउकोमा रहेका ती बाँदरहरू पहाडको दायाँ- बायाँ रहेका छन् । तिनीहरूले आपना पछाडि भाग दुईवटा खुट्टालाई जमीनमा र अगाडिका दुईवटालाई झण्डै झण्डै पहाडको शिरमै उभ्याएका देखिन्छन् । पुच्छरले हर्ष, उल्लास तथा उमङ्गको सम्बेगले माथि फर्केको छ । बाँदरहरूका बीचको भागमा अंग्रेजीमा एस. पी. अक्षर अङ्कित गरेको छ । त्यसले सीता दरबार भन्ने बुझाउँछ ।

प्रमुख प्रवेशद्वारभित्र आँगनको सीधा अगाडि ६-७ वटा सिढीहरू छन् । त्यस सिढी चढी केही कदम अगाडि बढेपछि मुख्य मन्दिर पुगिन्छ । मूर्तिहरू र बीचको मन्दिरको पनि पूर्वपट्टि प्रवेशद्वार छ । उत्तर दक्षिण खुला छ । त्यसभित्र फुलका बुट्टा, पशु-पंक्षीका आकृतिहरू, मन्दिरका भित्ताहरू, खम्बाहरू, झ्याल-ढोकामा छ्याप-छ्याप्ती कुँदिएका दृश्यावलोकन हुन्छ जुन प्रस्तर कारिगरीको एक अनमोल नमूनाको रूपमा रहेको छ । द्वारको भित्र बायाँ—भित्तामा पश्चिम मुख फर्काएका (मूर्ति पट्टि) हनुमान् छन् । अगाडिपट्टि (द्वारबाट प्रवेश गर्नासाथ) पूर्व मुख गरेर राखेको सुन्दर चाँदीको सिंहासनमा सुन्दर मूर्तिहरू देखिन्छ । मूर्तिहरू रहेको कक्षको अगाडिपट्टि चिटिक्क परेको सानो द्वार छ । त्यस द्वारको दायाँ-बायाँ भारतीय शैलीका दुई स्त्रीहरूका चित्रहरू अङ्कित छन् । त्यस चित्रमा आफ्ना हातमा चम्र लिई सेवा भावमा उभिएका जस्ता देखिन्छन् । ती चित्रहरू रहेका भित्ताको दायाँ-बायाँ भागमा माथिपट्टि पनि राम्रा-राम्रा देवाङ्गनाका चित्रहरू चित्रित गरेको छ । त्यस मन्दिरको महन्तको भनाइ अनुसार जानकी महलभित्र २५० जति कोठाहरू छन् ।

मन्दिरको दक्षिणभागको लङ्गलाई पाठशाला भनिन्छ । पश्चिम दिशाको लङ्गतिर जनक मन्दिर छ । उत्तर दिशातर्फ कीर्तन आदि गर्ने स्थानहरू छन् । मूर्तिहरूको खानी रहेको कलाकारिताले सिङ्गारिएको त्यस भव्य मन्दिर बनाउन निर्माताले सीतामढी र दरभङ्गाको पुपुरी स्टेशनबाट ढुंगाहरू ल्याएका थिए । साथै भवन निर्माणकार्य निपूण मुश्लिम कारिगरीहरू पनि ल्याएका थिए भन्ने अनुमान हुन्छ ।[24]

## प्रमुख अभिलेख

### १. जनकपुर मन्दिरको घण्टाका अभिलेख

१) श्री गणेशाय नमः ।। श्री सम्वत् १८९० माघ शुल्क ५ रोज ६ तन्दिने श्री राम चन्द्रजी श्री जानकी प्रीती गरि श्री राज्य लक्ष्मि देवीले पुत्र सुव्वा कालिदाश उपाध्याय. सुव्वा नारायण उपाध्याय. षरिदार कृष्ण प्रशाद उपाध्याय. पौत्र षरीदार भैरव प्रशाद उपाध्याय, जनक प्रशाद उपाध्याय.

२) सहित जनरल फ्याक्टरीवाट वनायाको.

(उक्त अप्रकाशित अभिलेख प्राध्यापक- धन बज्र बज्राचार्यबाट प्राप्त भएको हो)

### २. जनकपुर मन्दिरको घण्टाको अभिलेख

१) शाके वंक्रमले नवांक वसु भृयुक्तै तपस्युज्वले पंचम्यां
शनिवा सरे रण वहादुरावनी शप्रिय.। स्यातो
भूदमरादि सिंह सचिवस्तस्यात्म जश्रां तिमोस्ति
ह्यातोनरसिंह इत्यभिवया नै कार्थिकल पदुमः ।।१।।
तेनेयं सुखाः घण्टा श्री रामप्रीत योर्पिता ।। धर्माथ
काम मोक्षार्थ सतां भूयान्मुदे सदा ।।२।। अतप—

२) रम्देश भाषा ।। श्री शाके १७६४ सम्वत् १८९९
साल मिति माघ शुदि पुरोज ७ का दिन श्री
स्वामिज्यू रण वहादुर शाहका काजि अमर सिंह
थापाका कान्छा छोरा काजि नरसिंह थापालै श्री
सीताराम चन्द्र प्रिति निमित्त चह्लायाको घण्टा हो
शुभम्- ।।८।।७

(यो अप्रकाशित घण्टाको अभिलेख प्राध्यापक धनबज्र बज्राचार्यबाट प्राप्त भएको हो ।)

### ३. लालमोहर

श्री जानकीज्यू

श्री ५ रणवहादुर शाहबाट जानकी मन्दिरको

२४) प्राध्यापक डा. रामनिवाश पाण्डेबाट जानकारी प्राप्त भएको ।

महन्त प्रमानन्द दाशलाई महंति गरेको १८४६ मार्ग सुदि १५ रोज ४ को लालमोहर–

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणे त्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज–

श्री श्री श्री महाराजा रण बहादुर शाह बहादुर सम्शेर जङ्ग देवाना सदा समर विजयीनाम्......

आगे जनकपुर.........का मठका प्रमानन्द दाशलाई अघि अरु अरू अस्थानका महन्तहरूले महन्ति टिका कंठीदी गादिमा बसायाको रहेछ, पछि हाम्रा हजुर बिसंभर दाशले फीन्याद गर्न आयो, हाम्रा गुरूको महन्ति हो, महंतका चेला महंत हुन्छ भन्दा मोहर गरिबक्स्याको हो, पछि बुझ्दा भाट र संजोगी ठहन्यो तेस अस्थानमा भाट् र संजोगीलाई महन्ति हुन्या होइन, तसर्थ प्रमानन्द दाश ब्राह्मणका छोरा हो, ब्राह्मणका छोरा नैष्टिक जानि महन्ती बक्स्यो, आपना षातिर जमा सित महन्ति गर्नु सदावर्त धर्म चलाउनु, हाम्रा जय मनाउनु आसिर्वाद दिन्यागर.........धनुषाका पुजा वेस गरि गर्नु इति सम्वत् १८४६ साल मार्ग सुदि १५ रोज ४ मोकाम काठमाडौं...

मार्फत वम्साह..................

रूजु धनंजय पाध्या.........

(यो अप्रकाशित लालमोहर जनकपुर गुठी संस्थान बाट प्राप्त भएको हो)

### ४. लालमोहर

श्री दुर्गा सहाय

श्री जानकीज्यू

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नरनारायणे त्यादि विविध विरुदावलि बिराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज रण बहादुर सम्शेर जङ्ग देवानाम् सदा समर बिजयी नाम्–

आगे जनकपुर..........का मठका प्रमानन्द दासलाई अघि अरू अरू अस्थानका महन्तहरूले महन्ती टिका कंठीदी गादिमा बसायाको रहेछ पछि हाम्रा हजुर बिसम्भर दासले फिराद गर्न आयो, हाम्रा गुरूको महन्ती हो महन्तका चेला महन्त हुन्छ भन्दा मोहर गरि बक्स्याको हो, पछि बुझ्दा भाट र संजोगी ठहन्यो त्येस अस्थानमा भाट र संजोगीलाई महन्ती हुन्या होइन तसर्थ परमानन्द दास ब्राह्मणका छोरा हो, ब्राह्मणका छोरा नैष्टिक जानी महन्ती बक्स्यो आपना षतिर्जमा संग महन्ती गर्नु सदावर्त धर्म चलाउनु, हाम्रा जये मनाउनु, आसिर्वाद गर्नु इति सम्वत् १८४७ साल मिति आश्विन वदि १३ रोज २ मोकाम सहर काठमाडौं सुभम्–

रूजु रणजित पाडे–

रूजु सिव नारायण षत्री–

(यो अप्रकाशित लालमोहर जनकपुर गुठी संस्थानबाट प्राप्त भएको हो)

### ५. लालमोहर

श्री जानकीजी

श्री दुर्गा सहाय

श्री ज्यू ज्यू बाज्याज्यू

१) स्वस्ति श्री गिरराज चक्र चुडामणि नरनारायणे त्यादि विविध बिरुदावलि बिराजमान मानोन्नत श्री मन्महाराजा धिराज श्री श्री

२) श्री महाराज गीर्वाण युद्ध बिक्रम शाह बहादुर सम्शेर जङ्ग देवानाम्सदा समर विजयिनाम्–

३) आगे बिसंभर दाशके सम्वत् १८२७ साल जेष्ठ वदि ८ रोजका दिन......बाट कुशल सङ्कल्प गरि ................ प्रिति गरि बिन्ति

४) बितलव चन्हाउनु भयाको जिल्ले महोत्तरि प्रगन्नाको राडि तर्फ गोपालपुर मध्ये मौजे पिपराटिस सिम मौजे त्यसको चौतर्फि किला कोइला

५) पुर्व सिमाना सिंहपुराका पछवारि डांडा ताहिसौं पश्चिम पिपराढि उत्तर सिमाना देता पिपर सौं दक्षिन दुई रसि पसल टो का सौं

६) दक्षिन मौजे पिराढि पश्चिम सिमाना दुधान नदि त्यहि सं पूर्व पिराढि दक्षिन सिमाना ठकुरानिका बाँध सो उत्तर पिपराढि

७) बुइ सिना सित्रका जमिनको गादि ममारख युवा बन गाउँ धुवा आमिलले लिआएको र बहना सातेर वाहेक मालमा

८) हालत फर्रोयात जलकर बनकर सगोठा सिगार हाट कठियारि थ्यौं रहि पुरोहित तिम्हिहरुले षाईच

९) चियाको सायेर काश्व राई साडि दलालिमैं आमिलानु चौधरी कानु थोइको दस्तुर फर्कमाइस वेढ वेगार

१०) मारि भेटिविर्ता बितलव गरि ववसनु भयाको आज हामीले मोहर तावा पत्र गरि बक्स्यौं आपना षातिजर्मा

११) सित......... को पुजा गरि हाम्रो जय मनाई सिष्यो पसिष्य मिली सेव वालि रहयाको बिर्ता वितलव जानि शु–

१२) व भोष्य गऱ्यो विर्ता बक्संदाका सधिया र ज्वरो-वर सिसुवा धनंजय पाध्या सुवा मनिराजषवास मु–

१३) सि १ रणसुर र्धत नवासिन्दा तिलक रामदाश फौज दार वहादुर षवास पेस्कार साह वदास् नायव छितन दास चौधरी पोसन दास गुमास्ते किसोर दास कानु गाई वन्श्यु राम बधिरा दास जेवार नौसामि वि–

१४) मुति गिर कपिलेश्वर गोसामि बैजनाथ, गिरकुवा मालागिर अस्थात जनकपुर बाकि ककार प्रसुराम रा–

१६) उक्त महांसि राउत फरविसाकेत मौजे जनकपुर वेचु मडर जेठ रेचत मौजे जनकपुर ॥ स्वदन्ताम् पर

१७) दत्तम् वा चो हरेषु वसुन्धरो ॥ षष्टि वर्ष सहस्राणि विष्टायां जायते क्रिमि ॥ ईति सम्बत् १८६७ साल मिति

१८) भाद्र सुदि ५ रोज २ शुभम्–

(यो अप्रकाशित लालमोहर जनकपुर गुठी संस्थान-बाट उपलब्ध भएको हो)

## ६ मकवानपुरका राजा माणिक सेनबाट जानकीका नाममा जग्गा प्रिती गरेको लालमोहर

श्री सीता रामः

नवातीक

स्वस्ती श्री रूप नारायणे त्यादि विविध वीरुदावली वीराजमान मानोन्नत श्री महाराज धिराज श्री श्री मन्मानिक सेनवानाम् सदा शमर वोजनाम्–

श्री गोसाईंके प्रगनाको राडी मध्ये जनकपुर पटि बेराहि टोला श्री– के प्रिती कंदी इएही पत्र अपने षातिर जमा शंजोतय जोतावय् तलाश तरक-दर्क भोग्यकरय् आसीरवाद श्री .........का महीमशं दइकरय् । इति सम्वत् १७८० साल .....भाद्र...... शुदी......रोज मोकाम मकवानपुर......

शमदाश

रूजनां हरसी बानीया*

*(प्राचीन नेपाल, पुरातत्व विभागको मुखपत्र संख्या २६, माघ २०३० मा प्रकाशित भएको हो)

## ७. श्री ५ पृथ्वीनारायण शाहबाट कुश बिर्ता दिएको लालमोहर

श्री दुर्गा सहायक १.

बिस्नु

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नरनारायणे त्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराजा श्री श्री श्री महाराजे पृथ्वी नारा-यण शाह वहादुर सम्शेर जङ्ग देवानाम् सदा समर विजयिनाम्–

आगे महन्त सुरमत दासको प्रगन्नाको राडि मध्ये मौजे जनकपुर मैं बेलाहि ससिम साविक वदस्तुर कुश विर्ति जाति श्री.........पृति वहाल के दिया है अपने षातिर जमासें वसे वसावैं आवादके कुरा विर्ति जाति सर्व अंक वेतलव भोग्य किया कर श्री.........का सेवा पुजाकिया करे श्री हजुरको आसिर्वाद दिया करे धर्म चलाया करे इति सम्वत् १८२८ साल मिति चैत्र वदि १ रोज ६ मुकाम काठमाडौं शुभम्—

(प्राचीन नेपाल, पूर्ववत्)

## ८ श्री ५ राजेन्द्रले जानकी मन्दिरको महन्तलाई महन्थ्याई दिएको लालमोहर

श्री दुर्गाज्यूः

श्री जानकीजीः

स्वस्ति श्री गिरिराज चक्रचुडा मणि नर नारायणे त्यादि बिबिध बिरुदावली वीराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र बिक्रम शाह बहादुरशम्शेर जङ्ग देवानाम्सदा मसर बिजयिनाम्–

आगे राम दास बैरागीके जिल्ले महुत्तरी प्रगन्ना कोराडिका अस्थान जनकपुर बेरागि पट्टिको महन्थ्याई राम गुलेला दासले आफू महन्त भै स्वास्नी तुल्याउँदा स्वास्नि राष्न्या महन्तहरूलाई मठबाट वर्षास गर्नु भन्दा ९६ सालमा बन्देजका लालमोहर हुँदा तसर्थ राम गुलेला दासका जेठा चेलाको चेला पनि रहेछ तिमीलाई महन्थ्याई र राम गुलेला दासका मठको कारावारबाट परमजनि बहिपत्र समेत तैनाथ गरी तिमीलाई महन्थ्याई गरिबक्स्यो आपना षतिर जामासित मठको धन जत्रतत्र राष्याको र कमारा बेरागीसंग लाग्याको सबै लि हाम्रा सरकारको सलामी पनि चह्राई पठाउनु सुपद मठमा लाग्याको रिन पनि तिर्नु आउन्या जान्या बैरागीहरूलाई सदावर्त चलाई...... १ .......का पुजा धुप, दिप, नैवेद्य फलफूल अक्षेता र पर्व पर्वका पुजामा हिजोदेखि चलि आएकोमा कत्ति नघटाई सेव रह्याको सिस्थो पसिष्प मिलो हाम्रो जय मनाई भोग्य गर इति सम्वत् १८९६ साल मिति कार्तिक सुदि १४ रोज ४ शुभम्–

(प्राचीन नेपाल, पूर्ववत्)

## ९ श्री ५ गीर्वाणबाट दिएको वि० सं० १८६७ सालको ताम्रपत्र

श्री दुर्गा १

श्री जानकी

श्री ज्यू ज्यू बाज्या
श्री बाज्याज्यू
श्री बुबाज्यू

१) स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणे त्यादि बिबिध बिरुदावली बिराजमान मानोन्नत श्री मन्महाराजधिराज श्री श्री श्री महाराज

२) गिर्वाण युद्ध बिक्रम शाह बहादुर शम्शेर जङ्ग देवाना सदासमर बिजयिनाम्–

३) आगे महन्त बिसंभर दासके जिल्ले महुत्तरी प्रगन्नाको राडि मध्ये मौजे जनकपुर मेदाबिलो बेलाहि पट्टि ससीम मौजे १ साबीक बद्–

४) एतु अघि सम्वत् १७८४ साल कार्तिक सुदि ७ का दिन मकवानी राजा मानिकसेनले सर्व अंक बिर्ता बितलव गरि ... प्रिती चढायाको अ्ौं

५) राजा हेमकर्ण सेनले सम्वत् १७९० सालका फागुन वदि ७ का दिन मेठ वन्दि समेतको दान पत्र गरि थामिदियाको रहेछ हाम्रा अम्बल भया

६) पछि ...... बाट पनि थामिबक्सनु भयाको रहेछ हामीले पनि ६३ साल मार्ग वदि १३ का दिन दर्बार बाट गयाका जनहरूले र आमी

७) लहर दुर्वादिदा बिर्तबारलाई दर्बार डाकि कच्चा पक्का जाच बुझ गरि पत्र पात्र हेरि, पक्का बिर्ता ठहरियो र मौजे मजबुरको मोल

८) बिगाहदानी कठियारी सगांय जलकर बनकर दंण्ड गुनहगारि सिंगार हाठ समेत– प्रिति बिर्ता बितलव बहाल गरि

९) थामि बक्स्याको त्यस्को चौतर्फि सांध दक्षिण बेंघि सौ उत्तर पोषराक दक्षिण बारि मोहार सौ उत्तर वस्तिक पूर्व पोषरि तक

१०) र पछ वारिधाट सौ उत्तर उत्तरवारी मोहार सौ उत्तर पूर्व दुधाने सौ पश्चिम उत्तर पोरक सिमावर मिसातहि सौ दक्षिण भण्डार को नेर न–

११) सायरक पूर्व डांडवाहि डोयक पछ बारी अलंग सौ पूर्व पट्टि पश्चिम पिडारिकडीह सौ पूर्व पिडारिकडीहक दक्षिण चौर तकर प्रवारि

१२) अलंग परद्दिवराकला उताहिसौ पूर्वदक्षिण सहौ–दरापट्टिक सिमान सौ उत्तरवेबिक पश्चिम दुब पोषरी ताहि दक्षिन बारी

१३) पोषरीक पछबारि मोहर सौ पश्चिम उत्तर बारि

पोखरीक पूर्वारि मोहार सौं पश्चिम एतिसिमानका चारकिला भित्रका जामी.

१४) नमा अधि देखि आजसम्म खाई बेहोरि चलि आयाको बिर्ता बितलब आज मोहरतावापत्र गरि–प्रिति चहाया श्रौं

१५) आपना खातिर्जामासंग मोजे मजदुरको तरहद बलास आवाद गुल्जार गरि जो पदावार भयाकाले– को

१६) नित्य नैमित्यक पुजा गरि सदावर्त चलाई सिष्यो पसिष्य मिलि पुस्त दरपुस्त पर्य्यन्त सुष भोग्यगर हाम्रो जय मनाई आसिर्वाद

१७) मनाई आसीर्वाद दिन्याकाम गर श्री चुमावन गोठधावाई गादिममार– पछी रहि पुरोहिति चौधरि– कानु गौएका द–

१८) स्तुर फर फर्माईस वेठ–वेगार पनपियाई आमिलान दस्तुर मं राज अंक सर्बकल भुमरि भेटि माफ गरि ब–

१९) कर्यौं स्वदता पर दताम्वार्यौं हरैच्चवसुन्धराम् षष्टिं वर्ष सहस्राणि विष्टाया जायते क्रिमि ।। इति सम्वत् १८६७ साल मि–

२०) ति फाल्गुण वदि १० रोज २ शुभम्–

(प्राचीन नेपाल, पूर्ववत्)

## १०. श्री ५ सुरेन्द्रबाट १९३० मा दिएको लालमोहर

श्री दुर्गाज्यू

श्री जानकीजी

श्री मनवति प्रचण्ड भुज दण्डे तयादि श्री श्री श्री महाराज जङ्ग बहादुर राणाजी सी. बी. श्राण्ड जी. सी. ऐस. आई. थोङ लिन पिम्माको काण्ड बाङ स्थान प्राइमिनिष्टर एण्ड कम्याउण्डर इन्चिफ:–

स्वस्ति श्री गिरि........ सुरेन्द्र बिक्रम शाह बहादुर शम्शेर जङ्ग देवाना सदा समर बिजयिनाम्–

आगे महन्त हरिभजन दासके जिल्ले महुत्तरी प्रगन्नाको राडीमौजे जनकपुरका..........१........ कामठ अस्थानका २८ सालसम्म तिम्रा गुरुमहन्त नरहरि दासले महन्त्याई चलाई खायाको तिम्रा गुरु नरहरि दास मर्दा २९ सालका वालो देखि महन्त बजरंग दासलाई महन्त्याईको लालमोहर बक्स्याको मा निज ...१... का मठ अस्थानको अधि देखि हाम्रा गुरु पुर्खाका नाउँमा लालमोहर तावा पत्र मं २८ सालको वाली सम्म महन्त्याई चलाई......१......का नित्यपुजा भजन गरि सरकारको जय मनाई खाई आयाको मठ जग्गा जान्या होइन् भनि तिमीले......२...... का हजुरमा बिन्ती गर्दा १९३० सालका वालो देखि सो मठ अस्थानको तिमीलाई महन्त्याई दर्शन गरायाको बिस्तार निज र... र श्री मद्राज कुमार कुमारात्मक श्री कम्याउण्डर इन्चिफ जनरल रणउद्धीप सिंह कुंवर राणावाट हाम्रा हजुरमा बिन्ती पर्दा जाहेर भयो तसर्थ......१......का मठ अस्थान जग्गाको २९ साल सम्म तिम्रा गुरु नरहरि दासले महन्त्याईको लालमोहर गरि बक्स्यौं निज...१... का मठ अस्थान तालुकका जग जमिन सनद दस्तावेज तावापत्र शिलापत्र जगेरा थन् माल नगद जिन्सी चौपाया गैरु बुझिली मठ अस्थान तालुकका जग्गाको पैदावर तावा पत्र शिला पत्र दान पत्र मा लेखी आय बमोजिम कति नघटाई ...१... का नित्य नैमित्यक पर्व पर्वका पुजा धर्म सदावर्त चलाई सेव वाकी रह्याको तिमीले खाई सावीक बमोजिम तेस मठका चौधराई फांटमा गामीयाको कट्टैयाका महन्त बलबन्त गिरिको षतमी सलामी मोहरु ७०० निज कट्टैयाका महन्त बलबन्त गिरिको वाट बुझीली तिमीले साल साल कचहरिमा बुझाई रसीद फार्ग तिली सोष्यो पसिष्य मिली हाम्रो जय मनाई महन्त्याई जानी भोग्यगर इति सम्वत् १९२० साल मार्ग सुदी १२ रोज २ शुभम्–

(प्राचीन नेपाल पूर्ववत्)

## ११. श्री पृथ्वी वीर विक्रमले सं१९५३ मा दिएको लालमोहर

श्री दुर्गाज्यू

श्री जानकीजी

श्री मदति प्रचण्ड भुज दण्डे इत्यादि श्री श्री श्री ... वीर शम्शेर जङ्ग राणा बहादुर के. सी. यस. आई थाङ लोङ पिम्याको काङ वाङ स्याङ प्राइमिनिष्टर

एण्ड कम्याउण्डर इन्चीफः–

स्वस्ति श्री गिरि राज चक्र चुडामणि नर नारायणे त्यादि विविध विरूदावली विराज मान मानोन्नत श्री मन्महाराजा श्री श्री श्री महाराज वीर शम्शेर जङ्ग वहादुर शम्शेर जङ्ग देवानाम्सदा समर विजयीनाम्–

आगे महन्त रामकृष्ण दासके जिल्ले महुत्तरि ...१... का मठ अस्थान जग्गाको महन्त्याईको लालमोहर गरि पाउँ भनि तिमीले ...२... जग्गाको महन्त्याईको र श्री मद्राज कुमारात्मज श्री कम्याउण्डर इन्चीफ जनरल देव शम्शेर जङ्ग राणाको वहादुरवाट हाम्रा हजुरमा बिन्ती पर्दा जाहेर भयो तसर्थ जिल्ले महुत्तरी जनकपुर...१... मठ अस्थान जग्गाको १९५२ सालका वालि देषि तिमीलाई महन्त्याईको लालमोहर गरिबक्स्यौं निज...१... का मठ अस्थान तालुकका जग्गा जमीन सनद दस्तावेज तावा पत्र सिलापत्र जगेरा धन माल नगद जिन्सी चौपाया गैह्र बुझीली सो मठ अस्थान तालुकका जग्गाका पैदावरले तावा पत्र शिला पत्र दान पत्र मा लेषिया वमोजिम कति नघटाई ...१... का नित्य नैमित्य पर्व पर्वका पुजा आजा धर्म सदावर्त चलाई सेष बांकि रहेको तिमीले षाई सिप्यौं पसिप्टो मिली हाम्रा जय मनाई महन्त्याई जाली भोग्य गर इति सम्वत् १९५३ साल बैशाष वदि १ रोज २ शुभम्–

(प्राचीन नेपाल, पूर्ववत्)

# पैंक र जाजरकोटका केही स्थानीय शब्दहरूको परिचय

-भूपहरि पौडेल

नेपाली भाषाको जन्मथलो कर्णाली अञ्चलको जुम्ला जिल्ला अन्तर्गत पर्ने सिजादरा हो । यहाँ उत्पन्न भएको भाषा पूर्वतिर सर्दै यति परिष्कृत र परिमार्जित भएर नेपाल राज्यको राष्ट्रभाषाको मान्यता पाई यति समृद्ध अवस्थामा पुगिसक्यो । नेपाली भाषा नेपाल मुलुकभित्र मात्र सीमित छैन, नेपाल बाहिरका विभिन्न मुलुकमा समेत यसले आफ्नो प्रभाव जमाउँदै गएको पाउँदा सबैलाई खुशी लाग्नु स्वभाविकै हो । नेपाली भाषामा साहित्य, संस्कृति, इतिहास र ज्ञानविज्ञानका विविध पक्षमा स्तरीय, उपयोगी र ज्ञानवर्द्धक कृतिको सिर्जना हुँदै गएका छन् । नेपाली भाषामा प्रकाशित भएको विषयवस्तु विश्वका उत्कृष्ट कृतिकै दाँजोमा पुग्नसक्छन् । तर यो कार्य गर्न अझ निकै समयको प्रतीक्षा आवश्यक देखिन्छ ।

विदेशका सयौं विद्वान्हरूले नेपालमा भएका विभिन्न महत्त्वपूर्ण विषयमा अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गरिसक्ता पनि हामी नेपालीहरू आफ्नै घरभित्रको अनुसन्धान गर्न धेरै बाँकी छ । मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलको भ्रमण गरी नेपाली भाषाको भाषिका अनुसन्धान गर्ने उत्कट अभिलाषा जागेको धेरै समय बितिसक्ता पनि जागीरको बन्धनले अनुकूल नपरी जाने मौका प्राप्त हुनसकेको छैन । अहिलेसम्म मैले भाषिकाका बारेमा जे जति लेख लेखेको छु ती सबै त्यस भेगका साथीहरूको सहयोगबाट प्राप्त सामग्रीलाई उपयोग गरेको छु । प्रस्तुत सन्दर्भमा पैंक र जाजरकोट भेगका केही स्थानीय शब्दहरू पनि किशोरकृष्ण भण्डारी र राजेश्वर कार्कीको सहयोगबाट प्राप्त गरेको हुँ । यी शब्दहरू अन्य भाषिकासंग पनि सामान्यतः मेल खाने किसिमका छन् । यसबाट भाषा र भाषिका एकै क्षेत्रभित्र जनस्तर र वातावरणको प्रभावले कसरी बेग्लिदै जाँदो रहेछ भन्ने यथार्थ सत्य छर्लङ्गिन्छ । जस्तो पूर्वतिर लागेको नेपाली भाषा नागर सभ्यताको प्रभावमा परेर स्तरीयताको उचाइमा पुग्न सफल भयो भने केन्द्र र यस वरपरको माउभाषा युगानुकूल सभ्यताको विकास नभएकै यथास्थितिमा रहिरहनु पर्‍यो । यो विषम भाषिक स्थितिको खोज यस लेखको उद्देश्य रहेको छ । यसबाट नेपाली भाषा विज्ञानका प्राध्यापक र विद्यार्थी वर्गलाई केही सहयोग पुग्न गयो भने यस क्षेत्रमा लागेका सबैलाई (किशोरकृष्ण भण्डारी र राजेश्वर कार्की...) तथा म (जसले त्यसलाई संयोजन गर्ने काम गर्‍यो) लाई

खुशी लाग्नु स्वाभाविकै हो । भाषा र उखानटुक्का संकलन गर्ने अमर शाहलाई पनि उत्साह र जाँगरका निम्ति प्रशंसा नगरी रहन सकिन्न ।

| **पैंक र जाजरकोटका मौलिक शब्द** | **नेपाली भाषामा अर्थ** |
|---|---|
| बावै– | सधैं, नित्य, हरबखत |
| कौली– | सबेरै, सरवारै |
| नेठ्निु– | सकिनु, टुङ्गिनु, सिद्धिनु |
| कानो- | प्वाल, छिद्र, बुलो |
| ना ·· नो– | सानो, छोटो |
| बुबा– | बुबु, जिनुबुबा |
| छत्तिनु– | लड्नु, फुस्किनु, गुन्टी खेल्नु |
| इल्च्चा– | छेउ |
| गौल- | दूध दुहुँदा गाई भैंसीको थुन सफा गर्न गबुवामा राखेको पानी |
| सुबेले– | सिरक भित्र दवो हालेर सिइएको ओढ्ने विशेष |
| ढिक– | छेउ |
| ओखारो/ओखलो- | सिलौटो |
| जाकना- | भेडा/बाख्रा |
| क्यान्न - | किन ? |
| धौ- | नि |
| भाउब– | बाबु |
| भाइलु- | भाइ |
| आक्या– | दिदी |
| ज्यैं- | आमा, महतारी |
| जन– | नैं, जस्तैं |
| थर्रो– | चिम्टा (कलामको) |
| फुजी– | फुपूकी दिदी वा बहिनी |
| भाउजी– | भाउज्यू (दाजुकी श्रीमती) |
| वेजी– | हिजो |
| छाग्याइलाग्दो- | टीठलाग्दो, दयालाग्दो |
| छकाल– | बिहान, प्रातःकाल |
| बासा– | साँझ, बत्ती बाल्ने समय |
| लाडना– | मञ्ज्याङ्ग |
| पहरी (पम्परी)– | भाले कुखुरा |
| बल्ल– | गोरु, गाईको छोरो (बाइ सकेपछिको अवस्था) |
| भहर– | बहर, तरुनो गोरु |
| पन्च्यारा– | विद्यार्थी, पढ्नेवाला, विद्या आर्जन गर्ने व्यक्ति |
| मैंन/तैंन- | मलाई, तँलाई |
| निउरो– | निहु, बहाना |
| भाँकी (तो)– | तरीका, उपाय |
| भेउकारी– | अन्वेषक, भेउ पत्ता लगाउने |
| भेउ पाउनु– | पत्ता लगाउनु, नयाँ कुरो हात लाग्नु |
| खारा/खारा पर्नु– | घाटा/घाटामा पर्नु |
| साजी– | खरानी, दाउरा बालेको धूलो |
| खौलो– | खाल्टो, खोबिल्टो |
| कौलो- | अगेनु (जुम्ली भाषिकाकै स्थानान्तरित शब्द) |
| पिछा– | पोल्टा |
| अउ/ओ– | हुँ/हो |
| बलै– | व्यर्थ, बिनाकारण, बेकारमा, व्यर्थ |
| जाइन– | केटाकेटी |
| माटो माटो | सुस्त सुस्त |
| धैं धैं– | खैं खैं |
| हुन्दे/रन्दे– | छोडिदे/रहनदे |
| उननाउनु– | झिकाउनु |
| नाखा– | केन्द्र |
| मान्ठ– | मानिस |
| स्वाइनी छोरी– | स्वास्नी मानिस |
| खोन्या/ डिपो– | तरकारी पकाउने भाँडो/ कराही |
| राम– | मेला |
| च्याउनु– | हेर्नु |
| त वया त के– | अँ, हो त नि |
| अदेइ– | अचम्म बुझाउने शब्द |
| क(कु)हुरी– | करुवा |

| | |
|---|---|
| ब(बु)टुको— | कचौरा, दालतरकारी खाने भाँडो विशेष |
| तयो— | तौवा |
| टाटे— | पूरी, रोटी (गहुँका) |
| खच्च/खर्च— | खाना |
| कंद्यो— | कस्तो |
| यंथो— | यस्तो |
| उइथो, त्यँथो— | उस्तो, त्यस्तो |
| दिन— | सूर्य |
| औवाल— | हो त नि |
| टोपो— | टोपी |
| भइलाग्दो— | डरलाग्दो, भीषण |
| तिउन— | तरकारी |
| खान्चो— | मुख, नाकमुनिको ओडार, खाना खाने र बोल्ने ठाउँ |
| नाक्चो— | नाक, सुँघ्ने साधन |
| हेद्धौ— | हेर त |
| घोइल्याउने— | डाक्ने, बोलाउने |
| पाल्तो— | पातलो, डब्लो |
| हब्री— | माथि |
| हाउरो - | कुहिरो, हुस्सु |
| भूरो— | भुँडी |
| चौता— | मूला |
| खिम्यौली— | घर, दलिनको थाम |
| दे— | कुन्नि |
| शिकार— | मासु, आमिस खाने कुरा |
| पट्ट्याइँ— | हँस्यौली |
| फट्टु- | हाँसो गर्ने मानिस, रसिक |
| फाइट्या- | ख्यालख्याल, ठट्टा |
| बा- | देखि, बाट,(गाउँवा जाजरकोटवा) |
| गोइलो- | झुम्म परेको रूख आदि |
| तली- | तल |
| उस्याउनु- | उक्स्याउनु, उचाल्नु |
| नाइ- | छैन (नकारात्मक बोध) |
| सज सज- | सुस्त सुस्त |
| कोल- | काख |
| लगलाग्नु- | काम लाउनु |
| आफ- | यहाँ, तपाईं |
| थाले- | थाली |
| लख्या | केटो |
| लख्यानी— | केटी (स्त्रीत्वबोधक) |
| कुल्लिनु- | कराएर बोलाउनु |
| घटाउनु- | डाक्नु, बोलाउनु |
| डौल- | ढङ्ग, अनुहार |
| हर्नु/हर- | हिंड्नु/हिंड |
| तौलिनु- | बनाउनु (तिहुन तरकारी) |
| लगाउनु— | तिहुन, भात आदिको भाँडो चूल्हामा टेकाउनु |
| पलाप्पिनु— | आउनु (खानु) |
| बाइनु— | चिन्नु |
| नाम्रो— | राम्रो |
| हल्याक/ गादो— | स्वास्नी मानिसले पछाडिपट्टि भिर्ने कपडा |
| कंगो/उइगो/त्यइगो- | कसको/उसको/त्यसको |
| औठा | औंठा |
| उनोटी— | बाईली |
| गार— | खोलो/नदी |
| हपल्नु— | माथिल्लो |
| मुथि— | माथि |
| जुवा— | दलिन (घरको तलामा राखिएको काठ विशेष) |
| मेघ— | पानी (वर्षा) आकाशबाट वर्षको अर्थमा |
| पाल्ल/पाल्ला— | जङ्गल, वन |
| कन्नो/नट्टो— | ढाड |
| कन्नो(जुम्ली भाषिकामा)— | प्रजनन अङ्ग, गुप्तअङ्ग, भन्दालाज हुने शरीरको भाग |
| घुरो/खोयो— | भीरमा पाइने खर |
| कद्दु— | फर्सी |
| घोग्या/घोग्यारी— | मकै/मकैबारी |

| | |
|---|---|
| ठेउलो– | बेलना, रोटी बेल्ने साधन |
| खरखरी– | सिढी, माथ्लो तलामा जाने साधन |
| लिहिनु– | काठको सिंढी |
| सगर– | आकाश |
| पेल– | सूर्य |
| मूल पर्नु– | साँझ पर्नु |
| नानी/भैया– | देवर (श्रीमान्को भाइ) |
| गोसी– | देवर |
| धेल– | ढोका |
| पामो– | मान्द्रो (चोयाले बुनेको) |
| वरियो– | नाम्लो (डोको बोक्ने साधन) |
| गलाँउ– | दाम्लो (वस्तु बाँध्ने साधन) |
| माल– | माला |
| तो– | तँ, तँइले, (तोइले) |
| धरालो– | केटाकेटी हेर्ने मानिस |
| घारो- | पिरो |
| घारो लाउनु- | मोस्याउनु |
| कला– | केराउ |
| भाजी– | रायो |
| वरी– | मस्यौरा |
| सिन्की– | गुन्द्रुक |
| चाँदो– | निधार |
| पिर्का– | चोइटा |
| छोट्ट्या– | युवक/तन्नेरी |
| छोट्टी/छोन्याट्टी- | युवती/तरुनी (तरुणी) |
| पिर्‌रमा/मर्च्या– | खुर्सानी |
| सोइटा/सोप्टा— | बोडी |
| कम्द– | जग्गा/बारी |
| मूर्को– | बारीको एक भाग |
| कोठो/डोइलो– | डरा (धान राख्ने) |
| आँसो– | हँसिया |
| वाउसो– | कोदालो |
| राञ्जी– | सासू |
| जिउपो- | सासू |
| रजवार- | ससुरा |

| | |
|---|---|
| मैवा/ फुवा– | फुपू |
| धोटो– | लँगौटी, गुप्तअङ्ग छोप्ने साधन |
| कञ्ज्यौरी— | कन्दनी, लँगौटी अड्याउने साँकन विशेष (कन्दनी लगाएन भने खाएको कुरा आङमा लाग्दैन) |
| जाँग्या– | कट्टु, अन्डरवियर |
| वयाल– | बतास |
| आँदो— | प्वाल, छिद्र |
| काउजी— | काका |
| मुवाजी– | मामा |
| फुंगो– | बाँसको डालो |
| पुलङ्गो— | प्वाँख नभएको चरा |
| पुर्ता– | चोया |
| मिन्या— | राजा, देशको अधिपति |
| ओखन्याल– | ढिकी आदिको ओखल |
| ध्यार सल्लो– | देवदारु |
| डाङग्रे— | सिमटाल्मो |
| कौवा – | काग |
| भेगरो— | भँगेरी |
| घुघुति— | ढुक्कुर |
| रात्या– | रतुवा |
| छोप– | चटनी, अचार |
| पुर्सो– | भाले जातिलाई बुझाउने शब्द |
| माउ– | पोथी कुखुरा |
| कोजानी | कुन्नि |
| जिउला- | वेशी |
| कर्कदा | सलाई |
| छड्कपा- | आगपार्नु |
| नहैनी– | नौनी घ्यू |
| गोरस– | दूध, दहि, मोही |
| घोंट– | घण्ट |
| झोतो– | झुप्पा |
| घोतो/घोत्याइलो– | झुप्पा/झुम्म परेको |
| घुइरो–घुइरो- | मधुरो-मधुरो |
| टाँठ्ठै/टाँठो- | प्रष्टसंग/प्रष्ट |

| | |
|---|---|
| ह्डो (रो)- | दुर (कुकुर धपाउँदा) |
| दस्नु/ठुस्सिनु- | रिसाउनु/झडङ्ग हुनु |
| खै- | खिया |
| आगत- | अक्षता |
| कोच्यान्नु- | कल्चौडो |
| सङ्गतै- | सिङ्गै |
| पाला- | दीयो (मनादो, धातुको) |
| सञ्ज्या- | सन्ध्या |
| गत् न पतौ- | विना कामको |
| उकूल/तेल- | अघिपछि |
| वत्- | लागि |
| त- | अ |
| धूवील- | धूवाँ |
| क्रियाबस्तु- | आशोच बार्नु (आफन्तको मृत्युमा) |
| व्याउली/व्याउलो- | दुलही/दुहला |
| सिउर- | केतुके |
| चोख्यान- | घ्यू/तेल |
| भुदन- | तरकारीमा राख्ने घ्यू तेल |
| जुकुलो- | सुरुवाल |
| झुकेलो- | लोलुङ्गो |
| खट्याउनु | जम्मा गर्नु |
| रुप्स्या- | सुन्दर, राम्रो |
| अलत- | थोरै |
| मस्त- | धेरै |
| वह्किनु- | सवारी चलाउनु |
| ठेला- | विघ्न |
| मढीरी- | मूर्दा, लाश (मरेको) |
| सुइना- | सपना |
| नौली- | अभाव, नपुग्नु, अप्राप्य हुनु |
| डौ- | जुन (मानिस, समय) |
| ओंलो- | धमिलो |
| सौंलो- | सङ्लो |
| तोइ, तो- | तँ |
| वर्नु- | अस्ताउनु |
| चनौला- | चामा |
| रेज, हैंडा- | भन्दा, वास्ता |
| धूर- | पहिले, शुरू |
| थात- | ठाउँ |
| छौन- | छँनो |
| काँह्री- | लोटा |
| वोर्नु- | कुचो |
| दयाउना- | घर |
| वाइगो- | गइगो, गयो |
| त्यो- | त्यो |
| मुहती- | मसंग |
| डाङ्री- | पूजारी |
| अस्नान गर्नु- | स्नान गर्नु |
| कोछ्या- | भोटी (भेटी) |
| छल्याक्टो- | बाख्राको पाठो |
| निकिको- | सकियो |
| कया- | कीरा |
| ...नोइ- | ...होस्/गर्नुहोस्... र बस्नु होस् |
| बहन्याल | बाख्राको रौं |
| त क्या | हो त नि, हो नि, हो, त्यस्तै हो ।[1] |

## २ कर्णाली अञ्चल र भेरी अञ्चलको सिमाना क्षेत्रमा प्रयोगमा आइरहेका उखान टुक्का

१) खानु न पिउनु, निधार [मा?] चिनु
२) अर्को दिनको बाटो, कुइनामाथि टाटो
३) जान्नु न सुन्नु पुछीमा वतास
४) ओख्ल जानु न पीना खानु
५) मन मेरो माथि माथि ढेल तेरो छारामाथि
६) नाम दरा (डा) हात तिर्कुला जरा
७) म परे अचाजीभर अचार्ज लौराभर
८) हिउचुली जगा थुप्ना पाए पेटारा जस्ता गास हाल्दा हो
९) नाच्न नजान्ने आगन टेढो
१०) धान रोप्ने सरु भात खाने अरू

---

१) संकलक: अमर शाह

११) आठ बीस सरुका नौ बीस धामी ती धामीका भर पर्ने आँखा फुट्या हामी
१२) निका निका अन्त काना खोरा जन्त
१३) पाए अन्त नपाए लखनेको जन्त
१४) नपाएका पूरा दुःख पाए त गउकाउने
१५) भन्नु त शरमै लाग्छ एक चोइलो भात हाल
१६) भन्नु पो छैन, भैंसी ब्याउने
१७) ब्या गरेको भोलिपल्ट के को बन्टो हेर्नु
१८) यो काली आफनो कालो देखिदन अर्काको कालो
१९) ढिलै होस् छोरै होओस्
२०) खाइ न पाई छालाको टोपी लाई
२१) मार्नको ठेलो न टुपो नयन भाँची दियो
२२) कति गर्लस, थोरै भंसी, सिगौरीका बल
२३) हुने नहुन भित्त हुन्छ दिने नदिने चित्त हुन्छ
२४) दूध दिने गाई भीरमा पनि चिन्छे
२५) यो गाई दूध दिने हैन सिंग अड्याउने
२६) पोल्नु पाल्नु पछि मुख हाल्नु अघि
२७) मर्नु मर्नु घिउकै कूपतले
२८) या त माथिको अघि नै भंसक्यो
२९) हुनु हुनु माग्छे खाने जोगी हुनु
३०) कि खानु पूरै कि भाग्नु दूरै
३१) चाँ [जाँ?] दा रीस कि खाँदा रीस
३२) भाग परेको हाड चुस्नु कर्मदेखि के रुस्न [नु?]
३३) त्यै कण्टले त काउजी मरे
३४) म ताक्दो मूढो बन्चरो ताक्दो घुँडो
३५) भात खाउ भन्दा रह्याछन् [छ्या] रोटी दिंदा रह्याछन्
३६) खाउँला भनी उनौल आयौ औले अनिकाल
३७) हुन त सार्थका होला, खुट्टा साईका जौना
३८) दाँतको निम्तो खाइ पत्याउनु
३९) यस्ता कुइरा सर्दी ल्याउँछन्
४०) जेठा मामाको भाङ्ग्राको धोती कान्छा मामाको के गति
४१) नपाउनेले बल्ल पायो उसै दिन पूर्णो
४२) धेरै चपाएको भात मीठो हुँदैन
४३) भन्नु सामुन्ने हान्नु टाउकामा
४४) एक आँखाको के सुन्नु के बस्नु
४५) कुरा गरे कुरा आउँछन् माछा मारे भूरा आउँ- छन्
४६) खान्न खान्न लोकाचार पाए डोकाचार
४७) कुरा जस्ता कुरा गरौं भने भोटीका फेर फाट्छा
४८) जागीरमा कोत्मा व्यापारमा पोत्मा
४९) उसै त कुन कानमा सुन
५०) उसै त बुहारी भट्ट खाएकी
५१) उसै मौरे उस्तो कपाल खौरे जस्तो
५२) सल्यानीको लामो दौरा कण्डामा पो हुन्छ
५३) दाँत भए केरा खा न
५४) पानी माथिको ओभानु
५५) पाप्रासंग पति मासु पाए कति
५६) आजकालका प····का भोका चैत मरिजउला
५७) रही रही बुधबार गई
५८) कोई पान खाई कुल्ने कोई कुकुरका पानखाई कुल्ने
५९) हात्तीका मुखमा जीरा
६०) कुचो लाउनु पर्ने बतासले उडायो
६१) साँढेको जुधाई बाच्छाको मिचाई
६२) जता हुक्का पइकी, उतै बूढी सड्की
६३) गरीबका जाँ हान्यो त्यहीं दुख्छ
६४) कुरा बिल्लीको काम सिल्लीको
६५) आफनो थैलीको मुख बन्द गर्नु संगीलाई नलाउनु दोष
६६) बत्ती मुनि अँध्यारो
६७) भन्छौ सरी (Sorry) गर्छौ मनपरी
६८) भनौ त मुख मैलो, नभनौ त रित्तो थैलो
६९) जुगा चले कुरा विचार्नु
७०) जुगा अनुसार भाग लाउनु
७१ खाने मुखलाई जुँगाले छेक्दैन
७२) पहरासंग कुइनाको जोर
७३) सारङ्गीका सामुन्ने भवजि
७४) लौरो नभई गाउँ जानु साँचो हुँदैन
७५) अरूलाई अरू फिक्री घरे ज्वाईलाई खानाको फिक्री

७६) अल्लीको जान्ने जैसीले जान्दैन
७७) वैद्यका गला गाँड जैसीको छोरो राँड
७८) जो चोर उही चड्खे
७९) लाटो खान्छ एक बल्ड्याङ्ग बाठो खान्छ तीन बल्ड्याङ्ग
८०) बाठो कागका चुच्चा गहुँ
८१) आएको जवाफ बाबुलाई दिनु
८२) फुर्चा फुर्चाको साथ घौ ब्याउनु रत्त
८३) लूटको धन फूपूको श्राद्ध
८४) दूध दिने गाईको लात मीठो दैलो कुर्ने कुकुरको जात तीतो
८५) फलो पक्चो चुच्चै भन्यो
८६) वेल पाकी कागलाई हर्ष न विस्मात
८७) कानो गोरुलाई औंसी न पूर्णी
८८) जस्तालाई तस्तै ढिढालाई निस्तै
८९) घाँटी हेरी हाड निल्नु
९०) अगुल्टाले हानेको कुकुर बिजुलीदेखि तर्सिन्छ
९१) छोटी खुट्टी लामा टाङ
९२) छोटो मुखले मोटो कुरा
९३) कुरा खर्सी मीठा रोटी चिल्ला मीठा
९४) जान्न भन्ने अत्याउँछ खान्न भन्ने खत्याउँछ
९५) मुखमा राम राम बगलीमा छुरा
९६) ढाँटेको कुरा काटे पनि मिल्दैन
९७) मान्छे बिग्र्यो जानी जानी जानी कपडा बिग्र्यो तानी तानी
९८) मन चङ्गा कलावती गङ्गा
९९) जहाँ राम त्यहीं अयोध्या
१००) बानियाँका छोरालाई जहाँ जानु गुडै खानु
१०१) तातै खाउँ जली मरी जाउँ
१०२) आगन आयो त मागन आयो ओटी आयो त रोटी खायो
१०३) तीजको दिन नलाएको गुन्यू कहिले लाउने
१०४) मोही माग्न आउनु ढुङ्ग्रो लुकाउनु
१०५) जोगी देव पूजेदेखि खर्क भैंसी ब्याइन
१०६) अर्ती र ओख्ती (ओखती) मीठो हुँदैन
१०७) बासंगको एक्लो के दूधसंगको के निक्लो
१०८) पसी लाग्नु बाबुसंग लतार्नु कंकन
१०९) अरू अरूलाई खिज्या लाटाले बालाई खिज्या
११०) केरा पाए मेरो खुकुरी सेट्ने
१११) लाग्ने खुकुरी ढुङ्गामा पनि लाग्छ
११२) बाज्ने घाँरो उकालामा पनि बज्छ
११३) काम छोडी कथा भात छोडी सभा
११४) भात छोड्नु साथ नछोड्नु
११५) भालुलाई पुराण सुनाउनु
११६) हलेदो भनी चिनेपछि कोट्याउनु किन
११७) चल्लाले खोस्यों आफ्नै टाउकोमा
११८) सगर थुकी मुखमा छिटो
११९) दहमा हानेको ढुङ्गो आभानो आउँदैन
१२०) माछाले मुख धुने बेला अरू पीमा जोड्दै
१२१) सिन्की पकाउनु पर्दैन, साली फकाउनु पर्दैन
१२२) जसले मह काढ्छ उसले हात चाट्छ
१२३) बाह्र वर्षको [मा?] पोइ आयो म राँडीलाई ज्वरो आयो
१२४) बाँडबाँड चैते अरूलाई गाँस आफूलाई रास
१२५) भात खाउँला भन्येका दिन दिउँसै पीठो मुछ्छौ
१२६) हेलाको जस्या खरानी घस्या
१२७) जो चोर उसकै ठूलो स्वर
१२८) खाउन्जेल आफ्नो खाइसके विरानो
१२९) उही हीरा चेउली उही देउली डाँडो
१३०) हात्ती छिन्यो पुच्छर अड्क्यो
१३१) हात्तीका मुखमा जीरो
१३२) आगो ताप्नु मूढाको, कुरा सुन्नु बूढाको
१३३) कमिलालाई मूतको पहिरो
१३४) हग्न नजाने सोहर्नु पर्छ
१३५) मुती पनि सके दैलो पनि देखे
१३६) मेरी बाख्री छएई सेर
१३७) काग कराउँदैछ पीना सुक्दै
१३८) घरको अत्याचारी बाहिरको विचारी
१३९) भाइ अंश गो मांश
१४०) भाइ कहाँ पाई
१४१) सिंहको पेटमा गैंडाको टाउको

१४२) बूढी वेश्या तपस्यामा
१४३) रण्डीको घरमा रक्सीको भाँडो
१४४) हात चाट्न दिंदा कुइनो निल्ने
१४५) आफैं बोक्सी आफैं झाँक्री
१४६) यो लोकको पथ्य अर्को लोकको तथ्य
१४७) जन्तो ज्यान त्यत्तै च्यान
१४८) पहिलाको गोबर ल्याउनेको दोब्बर
१४९) स्वदेशमा माग्ने हुनुभन्दा विदेशमा माग्नु जाती
१५०) नजीकको तीर्थ हेला
१५१) बूढाको धनमा अर्काकी छोरी, आफूले पाउने घरखेत जोरी
१५२) सौं (सोम) खेती बुध घर
१५३) शनिश्चर छुट्टि मङ्गल भेट कि दुख्छ कपाल कि दुख्छ पेट
१५४) बाहिर ढाँचा भित्र भने काँचा
१५५) आलु खाई पेडाको धाक
१५६) दैवले दिए चार हातले मानिसले दिए दुई हातले
१५७) दिनेको हात माथि
१५८) वनैको ढुङ्गो वनैको चरी
१५९) भनौं भने गाउँका मुख्या (खि?) नभनौं त चल्ला सवया
१६०) दुइ जोइको पोइ कुना पसी रोई
१६१) तातापानीले घर जल्दैन रीसले पुग्दैन
१६२) हगे हग मुते काट्ला
१६३) ख्यालख्यालैमा जोगी भया
१६४) दुइ घरका पाहुनाको ओख्लमा बास
१६५) धोबीको कुकुर घरको न घाटको
१६६) मामा बारी साग छ भान्जाको के लाग्छ
१६७) ज्वाइँ न स्वाइँ अगुल्टाले च्वाइँ
१६८) लाटोले के भन्यो बैं राले के सुन्यो
१६९) कैले माथैमाथ कैले पम्फुरा हात
१७०) जात फाल्नु गत (ह?) का झोलमा
१७१) काम नपाको खैर, खाना नपाको वैर
१७२) क्या खोज्छन् काना आँखा
१७३) नपाउनेले छोरो पायो खेलाइखेलाई मार्‍यो
१७४) नहुने मेसाका चार फेसा
१७५) हुने विरुवाको चिल्लो पात नहुने विरुवाको फुस्रा पात
१७६) काँढालाई तिख्याउनु पर्दैन
१७७) जुन गोरुको सिङ छैन उसको नाम तीखे
१७८) बोल बोल माछा मुखभरी पानी
१७९) पढ्यो लेख्यो कामै काम हल्यो जोत्यो मामैमाम
१८०) खाने बेलामा खाइ बाघ हग्ने बेला था पाउलाई
१८१) अभागी हग्न बस्यो तीन वित्ताको काठ पस्यो
१८२) हाँडीमा कनीका होउञ्जेल राडीलाई नींद किन लाग्थ्यो
१८३) संगै सुते गोडा लाग्छ[२]

यी उखान स्तरीय नेपाली भाषामा पनि प्रचलित छन् । स्थानीय भाषिकामा प्रयोग हुनुपर्ने उखान टुक्का स्तरीय नेपाली भाषामा प्रयोग भएको पाइएको हुँदा कर्णाली र भेरी अञ्चलको सिमानामा प्रयोग हुँदै आएका उखान टुक्का पनि पूर्वतिरबाट प्रभावित हुँदै गएका रहेछन् कि भन्ने अनुमान गर्न सकिन्छ । यस प्रसङ्गमा एउटा उल्लेख गर्नु पर्ने सन्दर्भ के हुनसक्छ भने क्षेत्रीय भ्रमण गरी तथ्य सङ्कलन गर्न नपाउनुको परिणाम यो हो । त्यसैले, उखान टुक्काका सङ्कलक अमर शाहले जस्तै अर्को उत्साही अनुसन्धान कर्ताले भ्रमण र सङ्कलनको सुविधा पाएको खण्डमा अवश्य पनि सही सामग्री अझ सङ्कलित हुने सम्भावना भएको बुझिन्छ । अमर शाहलाई पनि स्तरीय नेपालीबाट प्रभावित उखान टुक्का उपलब्ध भएको हुनसक्छ । तर जे होस्, उनको उत्साह र जाँगर प्रशंसनीय छ, स्तुत्य छ । नेपाली भाषाको भाषिका अध्ययनका क्रममा पनि एउटा महत्त्वपूर्ण सामग्री हुनसक्ने यथार्थता विज्ञजनबाट छिपे-जस्तो लाग्दैन ।

---

२) सङ्कलक अमर शाह ।

हासलाई हेर्दा दरबारको मूलचोकभित्रको हालको २ तले मन्दिर कसले–कहिले बनायो भन्न सकिन्न तर पनि तलेजु भवानीको उल्लेख राजा जगज्योतिमल्ल (शासन-काल १६७०-१६९३ वि. सं.)मा पाइन्छ । यिनले तलेजु भवानीको मन्दिरमा आफ्नो र परिवारको सालिक बनाई राखेको देखिन्छ । यसबाट यो मन्दिर १६७० सालभन्दा अगाडि नै बनिसकेको थियो भन्न सकिन्छ । यसै गरी राजा जगतप्रकाश मल्ल (१७००-१७२९ वि. सं. शासनकाल) ले पनि मन्दिरमा भव्यता प्रदान गर्ने काम गरेका थिए । यिनले १७१८ साल मार्ग १८ गते एउटा वेदी समर्पण गरी आफ्नो सालिक राखेका थिए । तर यस मन्दिरलाई सिंगार–पटार गर्ने र भव्यता प्रदान गर्ने श्रेय भने राजा जितामित्र मल्ल (१७२७—१७५३ वि. सं शासनकाल) लाई जान्छ । यसै गरी राजा भूपतिन्द्र मल्लले यस मन्दिरलाई निकै नै आकर्षक रूपमा सिंगार्ने काम गरे । उनले वि. सं. १७५६-१७६७ सम्म विभिन्न रूपले सिंगारेका थिए । यसमध्ये उल्लेख-नीय कुरा श्रीखण्ड आदि असल–असल जातका काठले बनाएको 'सप्तमुखी झ्याल' नै हो । तर भक्तपुरको इतिहासमा भने देगु तलेजुको उल्लेख पाइँदैन ।

ललितपुरको इतिहासलाई हेर्दा भाषा वंशावली अनुसार वि. सं. १६७५ तिर कान्तिपुरबाट छुट्टिएपछि ललितपुरका प्रथम राजा भएका सिद्धिनरसिंह मल्ल (१६७५-१७१७ वि. सं. शासनकाल)ले आफ्नो शासन-कालको शुरूमा नै अघिको राजदरबारलाई राम्रो गरी बनाएका थिए र मूलचोकभित्र तलेजुको सानो मन्दिर पनि स्थापना गरेका थिए । यसै मन्दिरलाई पछि वि. सं. १७२३ मा राजा श्रीनिवास मल्लले अष्ट–कोणाकार ३ तले मन्दिर बनाएका थिए भन्ने कुरा वि. सं. १७३६ को मूलचोकको अभिलेखबाट थाहा हुन्छ ।

यसै गरी देगुतलेजु मन्दिरको निर्माणको श्रेय पनि राजा सिद्धिनरसिंह मल्ललाई नै जान्छ । वि. सं. १६९७ मा निर्मित ५ तले मन्दिर वि. सं. १७१९ को आगलागीबाट नष्ट भएपछि तत्कालै यसको पुनः निर्माण गरी ४ तले स्वरूप भएपनि राजा श्रीनिवास मल्लले दिए ।

काठमाडौंको इतिहासलाई हेर्दा १५४१—१५७७ वि. सं. सम्म कान्तिपुरका राजा भएका रत्न मल्लले भक्तपुरसंग वैमनष्य उत्पन्न भए पछि सधैं इष्टदेवी पूजा नगरी दिनचर्या नै शुरू नगर्ने हुनाले भक्तपुरसम्म जाने समस्या उत्पन्न भई कठिनाई परेकोले आफू राजा हुने बित्तीकै राजदरबारको निर्माण गरेर यसपछि वि. सं. १५५८ मा तलेजु भवानीको सानो मन्दिर स्थापना गरेको देखिन्छ । पछि वि.सं. १६२० माघमा राजा महेन्द्र मल्लले तलेजुको ठूलो मन्दिर बनाएका थिए । यो मन्दिर रत्न मल्लले बनाएको तलेजु मन्दिरलाई नै बढाएर भव्यता प्रदान गरिएको थियो । उपत्यकामा पाइने साधारण देवलहरूभन्दा यसको आकार प्रकार ज्यादै नै ठूलो हुनाले यस मन्दिरलाई 'तग देवल' (ठूलो मन्दिर) पनि भनिन्छ । नेपाली वास्तुकलाको इतिहासमा यो ३ तले मन्दिरको ज्यादै महत्त्वपूर्ण स्थान छ । हालको ११५ फीट अग्लो भव्य मन्दिरको स्वरूप दिने श्रेय राजा प्रताप मल्ललाई नै छ ।

यसै गरी भाषा वंशावली अनुसार देगु तलेजु मन्दिरको निर्माण राजा शिवसिंह मल्ल (१६३५—१६७७ वि. सं. शासनकाल) ले गरेका थिए । तर हालको मन्दिरको स्वरूप भने राजा प्रताप मल्लले वि. सं. १७२७ मा दिएका हुन् । यो ३ तले मन्दिर दरबारको दक्षिण लङ्कको कौसी माथि अवस्थित छ । यो मन्दिर तलेजु भवानी पछिको दोस्रो ठूलो मन्दिर हो ।

अब नुवाकोट तर्फ लागौं । नुवाकोट तलेजु भवानी-को मन्दिर राजप्रासादको रूपमा प्रयोग भएको भेटिँदैन तर कान्तिपुरका राजा रत्न मल्लले वि. सं. १५५८ मा नुवाकोट हमला गरी जितेको प्रसंगले गर्दा त्यसभन्दा अगाडि पटक पटक स्वतन्त्र भएका नुवाकोटे राजाहरूमध्ये कसैले काठमाडौं उपत्यकाका राजाहरूको देखासिखी गरी एवं आफूलाई काठमाडौं उपत्यकाका राजाहरू जस्तिकै स्वतन्त्र राजा देखाउनका लागि पनि आफ्नो राजदरबार खडा गरी तलेजु भवानीको स्थापना गरे होलान् भन्न

सकिन्छ । यस कुरालाई अझ विस्तारले हेर्ने हो भने नुवाकोटको निम्न इतिहासलाई हेरौं–

(क) नुवाकोटको सामन्त शासक गजले वि. सं. १३६८ मा पलाञ्चोकका राजदेवसंग मिलेमतो गरी नुवाकोटलाई स्वतन्त्र गराउने चेष्टा गर्दै थिए । यसै बखत नुवाकोट भित्रै अन्य सामन्तहरू बीच पनि राज्य हत्याउन कलह पनि बढ्दै थियो । यसै बखत वि. सं. १३९१ मा जयसिंह देवले गजलाई झुक्याएर आफै राजा बने । ७।८ वर्षसम्मको स्वतन्त्र शासनकालपछि वि. सं. १३९८ मा आफ्नै छोरा जुग सामन्तको विद्रोहमा यिनी मारिए । जुग सामन्तले पनि स्वतन्त्र राजाको रूपमा वि. सं. १४०९ सम्म राज्य गरे । यस बखत काठ–माडौं उपत्यकामा राजदेव गद्दीमा बसी सकेका थिए र आफू शक्तिशाली हुने बित्तीकै नुवाकोटलाई आफ्नो अधीनमा पार्न सफल भए ।

(ख) वि. सं. १४४८ मा लेखिएको एक हस्त लिखित ग्रन्थमा नुवाकोटमा काठमाडौंबाट गई बसेका एक व्यक्तिले उक्त ग्रन्थमा नुवाकोटका तत्कालीन शासकको रूपमा 'रत्नज्योति देव' को उल्लेख गरेका छन् । यिनलाई उक्त ग्रन्थमा 'राजाधिराज परमेश्वर परम भट्टारक' भनी स्वतन्त्र राजाको रूपमा स्वीकार गरिएको छ । यिनको 'विजय राज्य' भनी उल्लेख भएबाट काठमाडौं उपत्यकाको स्थिति मल्लको राज्य–कालमा पनि नुवाकोट स्वतन्त्र भै स्वतन्त्र शासकको रूपमा रत्नज्योतिदेव थिए भन्ने देखिन्छ । काठमाडौं उपत्यकामा मल्ल राजाहरूलाई 'मानेश्वरीष्टदेवता–वरलब्धप्रसाद' भने जस्तै यिनलाई 'श्रीगण्डकीवरलब्ध-प्रसाद' भनिएबाट पनि यिनी एक स्वतन्त्र राजा भएका र यिनको इष्ट देवी भैरवी हुन् भन्ने थाहा हुन्छ । नुवाकोटको भैरव भैरवीलाई 'गण्डकी देवता' पनि भनिन्छ ।

(ग) नुवाकोटको प्रसिद्ध नारायण मन्दिरमा रहेको पानसको त्रिखुट्टीको अभिलेख अनुसार वि. सं. १४६८ मा रिपु मल्ल नुवाकोटको स्वतन्त्र शासकको रूपमा रहेको देखिन्छ । उक्त त्रिखुट्टीमा उनलाई सोझै राजा नभने पनि 'श्रीमत्सोमवंशार्णवजातिलकात्मान' अर्थात् चन्द्रवंशीहरूमा श्रेष्ठ एवं गरुड नारायणरूपी भनी उल्लेख गरेको पाइन्छ । यसबाट उनी त्यस बखत नुवाकोटको शक्तिशाली शासक थिए भन्न सकिन्छ । यिनी उपत्यकाका मल्ल वंशका मल्ल भने थिएनन् । किनकि काठमाडौं उपत्यकका मल्लहरू सूर्य वंशी हुन् भने यिनी चन्द्रवंशी । यसबाट यी मल्ल शासकले पनि काठ-माडौं उपत्यकाका मल्ल राजाहरूले झैं राजदरबार बनाई तलेजु भवानीको स्थापना गरेका हुन सक्छन् । तर यिनले यसै नारायणलाई इष्टदेवता मानेका हुनाले यिनको शासन वंश नै थियो र नुवाकोटसंग यिनको पहिलेदेखि नै सम्बन्ध रहेको पनि देखिन्छ । यिनको शासनकालमा काठमाडौं उपत्यकामा यक्षमल्लको शासन थियो । यिनी आफू शक्तिशाली भएपछि नुवाकोटलाई वि. सं. १५२४ मा आफ्नो राज्यमा मिलाएको देखिन्छ ।

यसपछि वि. सं. १५४८ सम्म नुवाकोटमा कुनै शक्तिशाली सामन्तको उदय भएको देखिंदैन जसले नुवाकोटलाई स्वतन्त्र राज्य घोषित गरेको होस् । यस अवधिभर नुवाकोटमा संयुक्त शासन (काठमाडौं उप-त्यका तथा नुवाकोटे सामन्तको) चलेको देखिन्छ । जब रत्न मल्लले वि. सं. १५४१ मा कान्तिपुरका वैध्य शासकहरूलाई हटाई एक स्वतन्त्र राज्य खडा गरी आफू राजा भए त्यसको सात वर्ष पछि वि. सं. १५४८ मा नुवाकोटलाई आफ्नो अधीनमा लिए । यसपछि श्री ५ पृथ्वीनारायण शाहबाट नुवाकोट गोरखा राज्यमा नमिलाएसम्म यहाँ कुनै शक्तिशाली सामन्त स्वतन्त्र रूपमा नुवाकोटको राजा भएको पाइँदैन । तसर्थ माथि उल्लेखित नुवाकोटका ३ वटा सामन्त शासकमध्ये कुनै एकले आफूलाई स्वतन्त्र शासक घोषित गरेपछि काठमाडौं उपत्यकाका राजाहरूले जस्तै राजदरबार एवं तलेजु भवानीको मन्दिर बनाए होलान् भन्न सकिन्छ ।

तर पनि एउटा कुरा स्पष्ट छ, नुवाकोटका तलेजु भवानीको मन्दिर मल्लकालमा नै स्थापना भै सकेको थियो । यसको प्रमाण शाके १६९० वि. सं. १८२५ को श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण

शाहबाट हालको द्वारेका पुर्खा नेजाराम मेदासी शाही–लाई बक्सेको लालमोहरमा उल्लेखित निम्न पंक्तिले पुष्टि गर्दछ– '...... अघि नुवाकोटका देवी जात्रा र दशैंमा नेपाली राजाका भाई छोराले पूजाविधि संकल्प गर्नु पर्दो रहेछ तस निमित्त हावाडा जोसिलाई हेराउँदा तुम्रो नाउँमा जुन्यो अब उप्रान्त ताहाँका श्री भैरविका जात्रा र दशैंमा श्री तुलजाका खड्ग जात्रामा हामिले गर्नु पर्ने पूजाविधि संकल्प तिमीले गर्नु...

यसै गरी बि. सं. १८५५ कार्तिकमा गरिएको लालमोहरबाट हालका पूजारीका पुर्खालाई पहिलेदेखिकै खान्गी खाई पूजा गर भन्ने आदेश भएको देखिन्छ। परम्परा अनुसार २ जना डंगोल परिवारका र २ जना श्रेष्ठ परिवारका पूजारी रहने व्यवस्था छ।

यसै गरी वि. सं. १८८८ असारको लालमोहरमा मन्दिर बनेको थुम्को पहिले ऋषिले तपस्या गरेको वन थियो र प्राचीन थलोमा तलेजु भवानी मन्दिर बनेको हो। होचो ठाउँको वन फडानी गर्दा हानि नोक्सानी हुन जाला तसर्थ आइन्दा फडानी नगर्नु गरेमा सजायँ होला र त्यो मन्दिर क्षेत्र वन धामीको तैनाथमा राखियो भन्ने आशय व्यक्त गरिएको छ।

यस तलेजु भवानी मन्दिरले वि. सं. १९९० को महाभूकम्पपछि जीर्णोद्धार हुने अवसर त पायो तर यसले आफ्नो मौलिकता भने गुमायो। यसै गरी २०२७।२८ सालमा छानाको मर्मतसम्म गरिएको थियो। यसरी समय–समयमा पूजा–आजा, जात्रा र सुरक्षा संभारको व्यवस्था गरिंदै आएको यस मन्दिरको वास्तुकलालाई विस्तृत रूपमा हेर्नु आवश्यक ठान्दछु।

मल्लकालीन दरबार वास्तुकलामा निर्मित यो ५ तले मन्दिर नुवाकोट दरबारभन्दा अलिकति परपट्टि इन्द्रचोक टोल वडा नं. २ मा अवस्थित छ। यो मन्दिर काठ, ईंटा, माटो, झिगटी र ढुंगा आदि सामग्री प्रयोग गरी बनाइएको छ। यसको आफ्नो मौलिकता निकै नै कलात्मक थियो होला भन्न सक्ने आधार अब केवल मन्दिरमा हालसम्म पनि जडिएका १० वटा कलात्मक काठको ढोकालाई हेर्दा मात्र अनुमान लगाउन सकिन्छ। यो ५ तले मन्दिर उचाइका हिसाबले ५२ फीट, लम्बाइ ३३ फीट, चौडाइ ३७ फीटको छ भने यसको गारो भित्ता ३ फीटदेखि ६ फीटसम्मको छ। यहाँ प्रयुक्त ईंटाको नाप ८×५×२" फुस्रो रङ्गको छ भने झिगटी ८×४" को फुस्रो खालको नै छ।

यस मन्दिरको तल्लै पिच्छे राम्ररी हेर्ने हो भने भूई तल्लामा ३ वटा ढोका र ८ वटा आँखीझ्याल हालिएको छ। दोस्रो तल्लामा ३ वटा ढोका र ६ वटा आँखीझ्याल छ। त्यसै गरी तेस्रो तल्लामा देवीलाई विराजमान गराइएको छ त्यसमा ८ वटा आँखीझ्याल, १ खुल्ला झ्याल र ५ वटा ढोका हालिएको छ। चौथो तल्लामा ७ वटा ढोका र एउटा आँखीझ्याल हालिएको छ र चारैतिर बार्दली हालिएको छ। बार्दलीको चारैतर्फ बीचमा पारेर ४ वटा ढोका हालिएको छ र त्यसै ढोकाबाट बार्दलीमा जान सकिन्छ। पाँचौं तल्लामा चाहिं १० वटा झ्याल र एउटा ढोका जडान गरिएको छ। यसरी यस मन्दिरमा १९ वटा ढोका जसमा १० वटा कलात्मक र अरू साधारण, ११ वटा साधारण खुल्ला झ्याल र २६ वटा आँखीझ्याल छन्। साथै भूई तल्लादेखि माथि जान प्रत्येक तल्लामा १।१ वटा गरी ४ वटा भऱ्याङ्ग हालिएको छ। १० वटा कलात्मक ढोकाहरूमा ४ वटा चौथो तल्लाको बार्दलीमा जान, एउटा तलेजु भवानीको मूल मन्दिर कोठामा जान तेस्रो तल्लामा; दलानबाट भित्र पस्ने मूल ढोका एउटा र भित्री मूलढोका एउटा गरी २ वटा दोस्रो तल्लामा र भूई तल्लाको मूलढोका एउटा, भित्री ढोका एउटा र दक्षिण पूर्वतर्फ एउटा ढोका गरी ३ वटा जडान गरिएका छन्।

भूई तल्लालाई २ कोठामा विभाजन गरिएको छ र पश्चिमतर्फ मूल प्रवेशद्वार एउटा, भित्रपट्टि अर्को मूल प्रवेशद्वार एउटा र दक्षिणतर्फ एउटा ढोका हालि–एको छ। दक्षिण तर्फ एउटा, पश्चिमतर्फ ३ वटा, उत्तर तर्फ २ वटा र पूर्वतर्फ ३ वटा झ्याल छन्।

दोस्रो तल्ला जसलाई ३ कोठामा बाँडिएको छ। पूर्वतर्फ २ वटा कोठा र पश्चिमतर्फ एउटा कोठा छ। यसै कोठाबाट बाहिर जाने भऱ्याङ्ग समेत हालिएको छ। यस भऱ्याङ्गलाई दलानको रूप पनि लिइएको छ।

यसको छाना झिगटीको छ । यसै भऱ्याङ्गबाट राँगो ल्याई दलानमा काटेर त्यहाँबाट त्यस राँगोको रगत तेस्रो तल्लामा देवीलाई चढाइन्छ । साथै भित्र पट्टिबाट भूई तल्लामा जान पनि एउटा भऱ्याङ्ग हालिएको छ, बाहिरबाट दलानमा राँगो ल्याउनको लागि ५ फीट फराकिलो ढुंगाले बनेको एउटा भऱ्याङ्ग पनि बनाइएको छ । साथै यहाँ घण्टा झुण्ड्याउन २ वटा थाम पनि राखिएको छ । हाल घण्टा भने छैन । यस तल्लामा पूर्व तर्फ २ वटा, पश्चिमतर्फ २ वटा, उत्तरतर्फ २ वटा र दक्षिणतर्फ २ वटा झ्याल र पश्चिततर्फ एउटा मूल प्रवेशद्वार छ ।

तेस्रो तल्लामा तलेजु भवानीको मन्दिर कोठा छ ।यस कोठामा राजा, पुरोहित र पूजारी बाहेक अरूलाई जान नहुने भएकोले भित्रको बनोट कस्तो छ भन्न सकिन्न । साथै कोठाभित्र के कस्ता सामग्रीहरू छन् त्यो पनि भन्न सकिएन । तर पूजारीका अनुसार मन्दिरभित्र वडादशैंमा जात्रा गरिने १५।२० वटा खड्गहरू, केही घण्टाहरू छन् । यस तल्लालाई पनि ६ वटा कोठामा बाँडिएको छ पूर्वतर्फ २ कोठा, एउटा अगेना कोठा र अर्को वैठक कोठा। पश्चिमतर्फ ४ वटा कोठा छ जसमा पश्चिम–उतर तलेजु भवानीको मूलकोठा, त्यो कोठा पनि काठको बारले २ खण्डमा विभाजित छ । पश्चिम–दक्षिण दशैं कोठा र मूल मन्दिर कोठाको बीचमा एउटा सानो कोठा छ, यसलाई भण्डार कोठाको रूपमा प्रयोग गरिएको छ । यस तल्लामा पूर्वतर्फ ३ वटा, पश्चिमतर्फ ३ वटा, उत्तरतर्फ २ वटा र दक्षिणतर्फ २ वटा झ्याल छन् ।

चौथो तल्ला जुन तल्लामा चारैतिर वार्दली पनि हालिएको छ, यस तल्लालाई ५ वटा कोठामा बाँडिएको छ जसमा पूर्वतर्फ ३ वटा दुवैतर्फ काठले बारेको बीचको एउटा सानो कोठामा हनुमान लिंग भनी काठको एउटा थाम राखिएको छ। यसलाई मन्दिरको टुप्पासम्म लगिएको छ र यसको टुप्पामा गजुर राखिएको छ । यस हनुमान लिंगलाई पनि पूजा गर्ने चलन छ । यस सानो कोठालाई हनुमान स्थान भनिन्छ । यस तल्लामा उत्तर र दक्षिणतर्फ १।१ वटा झ्याल छन् ।

पाँचौ तल्ला नै छाना भएको वुइगल[1] तल्ला हो । यस तल्लालाई भने एउटै बनाइएको छ र कतै कोठाको रूपमा बारिएको छैन तर पश्चिम–उत्तरतर्फ भने काठले वारेर एउटा सानो 'भुजा कोठा' बनाइएको छ । यस तल्लामा पूर्व र पश्चिमतर्फ ३।३ वटा र उत्तर र दक्षिण तर्फ २।२ वटा झ्याल छन् ।

यस प्रकारले बनेको यो ५ तले भव्य मन्दिरको आजको अवस्था भने ज्यादै नै दयनीय र उपेक्षित भएको देखिन्छ । यस मन्दिरको पूर्व-उत्तर मोहडा सम्पूर्ण चर्किएर, फुटेर कुनै पनि बेला झर्ने अवस्थामा पुगिसकेको छ । यसै गरी यस मन्दिरको सम्पूर्ण जसो प्रत्येक तल्लाका गारोहरू, दलानको झिगटी— छानो समेत कामै नलाग्ने गरी बिग्रिएको र जहाँ पनि पानी चुहिएर कुनै पनि बेला भत्कन सक्ने अवस्थामा छ । यस मन्दिरलाई जोगाउनु आजको आवश्यकता भैसकेको छ ।

यस मन्दिरलाई सामान्य जीर्णोद्धार गरेर अब बचाउन सकिने स्थिति छैन । यसलाई बचाउन जगैसम्म भत्काई पुरानै मल्लकालीन दरबार वास्तुकलामा पुरानै नाप–नक्सामा र परम्परागत निर्माण सामग्रीहरू प्रयोग गरी पुनः निर्माण गर्नु पर्ने देखिन्छ । यस कार्यको लागि निश्चय नै ठूलो धनराशी,आजको बजार भाउलाई हेर्दा करीब एक करोड रूपैया खर्च गर्नु पर्ने देखिन्छ । यति ठूलो रकम खर्च गर्न सम्भव नहोला तर धार्मिक आस्था र विश्वास अनि इतिहास र पुरातात्त्विक सम्पत्तिलाई जगेर्ना गर्ने क्रममा आर्थिक भारलाई ध्यान दिनु वा बढी खर्च भयो भन्नु मनासिब ठहर्दैन । तर पनि वर्ष भरिमा प्रत्येक दिन बिहान करीब २०।३० मिनेट जति मात्र पूजा गर्ने समयमा र बडा दशैं, चैत्र दशैं र वैशाख पूर्णिमामा धामी भैरवी जात्राको अवसरमा मात्र १५।२० दिन जति खोलिने, चहल–पहल हुने र बाँकी ३५० दिन जति एकदमै बन्द रहने र वेवास्ता गरिने अवस्थामा रहेको यस मन्दिरलाई त्यति ठूलो धनराशी खर्च गरेर पुनः निर्माण गरिसकेपछि भने अन्य कुनै उचित प्रयोजनमा ल्याउनु आवश्यक देखिन्छ। यसो गर्नाले त्यसै खाली रहेको ठाउँको सदुपयोग पनि हुने र मन्दिर सफासुग्घर र गुल्जार हुने पनि देखिन्छ । तर

यसो गर्दा यसको ऐतिहासिक र पुरातात्त्विक महत्त्वमा भने दखल हुनु हुंदैन ।

मन्दिरसंगै अन्य केही मल्लकालीन धरोहर पनि आसपासमा छरिएका छन् । मन्दिरको उत्तर तर्फ ८।१० फीटको फासलामा एउटा सानो देवस्थल छ । यहाँ मल्लकालीन ढुंगाका बुद्ध, नारायण, शिव पार्वती, भक्त-मूर्ति र बसाहा सहितको त्रिशूल तथा गजूर छन् । यी सबै पुरातात्त्विक वस्तुहरूको पनि उचित संरक्षण हुनु पर्ने देखिन्छ । नत्र हराएर जान कतिबेर । यस मन्दिरको दक्षिण तर्फ चौरमा एउटा बलि दिने जीर्ण अवस्थाको काठको मौलो पनि छ । यसको पनि संरक्षण हुन सके वेश हुने देखिन्छ ।

यस्तो पुरातात्त्विक महत्त्वको तलेजु भवानी मन्दिर र दरबारको उचित संरक्षण गरिनाले हाम्रा भावीसन्ततिहरूले आफ्नो इतिहासलाई सचित्र-सजीव देख्न सक्ने थिए कि भन्ने आशा गरौं ।

सन्दर्भ ग्रन्थ


१) नेपालको मल्लकालीन इतिहास- पेशल दाहाल ।

२) नेपाली समाज र संस्कृति
(प्राचीन-मध्यकाल)- प्रेमकुमार खत्री ।

३) मेचीदेखि महाकाली, भाग २- सूचना विभाग ।

४) प्राचीन नेपाल अंक, १४, ८२, १०४, ११४
-पुरातत्व विभाग ।

५) मधुपर्क, चैत्र २०४७- गोरखापत्र संस्थान ।

६) नुवाकोटको ऐतिहासिक रूपरेखा- धनवज्र बज्राचार्य
टेकबहादुर श्रेष्ठ ।

७) हनुमान्ढोका राजदरबार- गौतमवज्र बज्राचार्य ।

# भीमसेन स्थानको भीमसेन मन्दिर

–शान्तराम श्रेष्ठ

काठमाडौंको ख्यातिप्राप्त भीमसेन मन्दिर काष्ठमण्डपबाट कालीमाटी जाने बाटाको ओरालो छेउ सडकको दायाँपट्टि सडकसितै जोडिएर अवस्थित रहेको छ। काठमाडौंस्थित भीमसेन मन्दिरहरूमध्ये सबैभन्दा जेठो र भव्य मन्दिर यसैलाई मानिन्छ। यस मन्दिरसंगै उत्तरतिर उक्त मन्दिरसित नै सम्बन्धित एउटा ढुंगेधारा रहेको छ। पूर्वाभिमुख रहेको मन्दिरका अगाडि सडकको बायाँ अभिलेखसहितको भीमसेनको विशेष शस्त्र प्रस्तरको करीब ७ फीटजति बाहिर देखिने गदा रहेको छ। उक्त गदामा उत्कीर्ण गरिएको अभिलेख अनुसार कुनै श्रद्धालु भक्त गोरख रानम भन्ने व्यक्तिले संम्वत् ७९७ मा भीमसेनलाई पुण्य प्राप्तिका लागि चढाइएको हुनु पर्दछ।[1] यस प्रस्तर गदाको महत्त्व कम छैन। बाटामा आवत-जावत गर्नेहरूमाथि 'श्री' को स्थानमा जान नभ्याउनेहरू यसै गदालाई बडो श्रद्धा एवं भक्तिले ढोग दण्डवत् र प्रणाम गरी हिंड्ने गर्दछन्।

उपत्यकाभित्रका विभिन्न मन्दिरहरूमध्ये आयताकार जगमा निर्माण गरिएका मन्दिर भीमसेन तथा भैरवको मात्र पाइन्छ। जस्तै बाघभैरव मन्दिर कीर्तिपुर, पाटनस्थित भीमसेन मन्दिर, भक्तपुरको भीमसेन मन्दिर, इन्द्रचोकस्थित आकाश भैरव, भीमफेदीको भीमसेन मन्दिर आदिलाई लिन सकिन्छ। विशेषतः भीमसेन र भैरवको मन्दिर आयताकार स्वरूपमा निर्माण गर्ने परम्परा मल्लकालीन समयदेखि नै चलेको देखिन्छ।

मन्दिरको खुल्ला प्राङ्गणमा ढुंगाले छापिएका छन् र मन्दिरको ठीक बीचमा पर्ने गरी करीब १८ फीटजति उचाइ र १८ इन्च चाकलो एक प्रस्तर निर्मित अभिलेख सहितको स्तम्भ रहेको छ। स्तम्भको माथि प्रस्तरकै कमलाकार अभिलेख रहेको छ। उक्त अभिलेखमाथि मोलम्वासहितको सिंहराजको आकृति छ। गर्भगृहभिमुख सिंहको दायाँ बायाँ क्रमशः मोलम्वा सहितको रूख तथा भीमसेन गदा रहेका छन्। उक्त स्तम्भमा अंकित अभिलेख अनुसार श्री ५ राजेन्द्र वीर विक्रम शाहको राज्यकालमा मरुटोलका जगतनारायण नामका व्यक्तिले सकल परिवारसहित भएर भीमसेनलाई प्रीति गरी चढाइएका थिए।

काठमाडौंस्थित यो भीमसेन मन्दिर तल्ले शैलीमा निर्माण गरिएको छ। तल्ले शैलीमा निर्मित नेपाली मन्दिरहरूमा भक्तपुरको न्यातपोल, नालाको भगवती मन्दिर, साँखुको बज्रयोगिनीको मन्दिर, चापागाउँको

१) डा· जगदीशचन्द्र रेग्मी:– नेपालको धार्मिक इतिहास, रत्न पुस्तक भण्डार वि. सं. २०३९, पृष्ठ १०९।

वज्रबाराही मन्दिर, काठमाडौंको तलेजु मन्दिर र पनौती स्थित इन्द्रेश्वर मन्दिर नेपाली वास्तुकलामा उल्लेखनीय छन् । नेपाली तल्ले शैलीमा आधारित मन्दिर वास्तुकलाको प्राचीनतातिर सरसर्ती हेर्दा यो शैली पूर्व लिच्छविकालदेखि अस्तित्वमा भएको आभास पाइन्छ । हालसम्म राजाहरूबाट अविछिन्न रूपमा मानी आएका चाँगुनारायण र पशुपतिनाथको मन्दिरको वास्तुकला तल्ले शैलीमा आधारित छन् । चाँगुको स्तम्भ अभिलेख अनुसार चाँगुनारायणको मन्दिर ऐतिहासिक प्रथम राजा मानदेवभन्दा जेठो नै हो । उपर्युक्त दुवै मन्दिरहरूको मध्य मल्लकालमा पटक पटक जीर्णोद्धार गर्दा पूर्व स्वरूपलाई नै कायम गर्नु पर्ने उल्लेख छ । मल्लकालमा मन्दिरहरूको समुचित रेखदेख 'छेम भेडल' अड्डाबाट गरिन्थ्यो ।यस तथ्यबाट मल्लकालमा मन्दिर, धारा, पाटीपौवा आदि सार्वजनिक स्थलहरूको संरक्षण तथा सम्वर्द्धन गर्नमा रुचि रहेको स्पष्ट छ ।

तल्ले शैलीमा निर्मित नेपाली मन्दिरहरू क्रमशः तल्लै पिच्छे अनुपातिक रूपमा सानो हुँदै गएर गजूरसम्म पुग्दा चुलिएर गएको जस्तो देखिन्छ । यस किसिमका मन्दिरहरूमा प्रयोग गरिएका छानाहरू ४५ कोणमा ढल्किएका हुन्छन् । यसरी ढल्किएका छानाहरूलाई अड्याउन छानाको तल मूल गाऱ्होलाई आधार गरी तेर्साएर राखेका काठ विशेष हुन्छ जसलाई टुँडाल भनिन्छ । मनबज्र बज्राचार्यका अनुसार नेपाली मन्दिर वास्तुकलाका छाना तल्लै पिच्छे सानो आकार हुनाले बखत बखतमा आई पर्ने ठूला साना आँधीका झोक्काहरूले मन्दिरलाई कुनै असर पार्दैन । यसो हुनुमा सम्भवतः मूलकारण नेपाली वास्तुकलामा प्रयोग गरिने सामग्रीहरू नाशवान हुनु हो । पाटन सुनधाराको संवत् ३४ को अंशुवर्माको अभिलेख अनुसार तत्कालीन समयमा काठ, ईंट, माटो अधिकांश बढी प्रयोग गरिन्थ्यो ।[2] उपर्युक्त तीनैवटा वस्तुहरू नाशवान् हुन् । तसर्थ लिच्छविकालीन तथा पूर्व लिच्छविकालीन मूर्तिहरू छरिएर रहेको पाउँछौं । तर तत्तत् मूर्तिहरूसंग सम्बन्धित कुनै पनि मन्दिर हाम्रो सामु रहेको छैन ।

नेपालमा विभिन्न समयमा विभिन्न धर्मको प्रवेश भई विकास भएको पाइन्छ । प्राचीनकालदेखि नै नेपाली समाजमा धार्मिक सहिष्णुता रहेको छ । पूर्व लिच्छविकालमा कुन धर्मको व्यापकता थियो किटानकासाथ भन्न सकिन्न तर लिच्छविकालमा आएर लिच्छवि राजाहरूले विभिन्न कारणवस विभिन्न समयमा राख्न लगाइएका अभिलेखहरूबाट लिच्छविहरूको राज्यकालमा वैष्णव धर्मले राजकीय आश्रय पाएबाट केही हदसम्म यो धर्म व्यापक रहेको देखिन्छ । लिच्छवि राजाहरूप्रति भएको धार्मिक सहिष्णुताको कारण अरू धर्मले पनि यथोचित सम्मान पाएकै थिए । लिच्छविकालमा वैष्णव धर्मको साथै शैव धर्मको पनि व्यापकता रहेको तथ्यलाई नकार्न सकिन्न । तत्कालीन समाजमा महाभारतका रचनाकार एवं कौरव र पाण्डवका पूर्वज वेदव्यासलाई पनि पूजा-उपासना गर्ने परम्परा रहेको छ। राजा मानदेव प्रथमका नाति वसन्त देवको समयको पाटन खपिछेंको अभिलेखमा वेदव्यासको कारण पूजाकोलागि याज्ञिक विप्रसेनले केही जग्गा प्रदान गरेको वर्णन पाइन्छ ।[3] त्यस्तै हाँडीगाउँस्थित सत्यनारायणको अगाडि रहेको एक गरुडस्तम्भमा 'भगवती द्वैपायनस्य स्तोत्र कृतमनुपमेन' भन्ने उल्लेख भएबाट जगदीशचन्द्र रेग्मीका अनुसार लिपिको आधारमा मानदेव अथवा वसन्तदेवको समयमा नै वेदव्यासलाई पूजा–उपासना गर्ने परम्परा रहेको बुझ्न सकिन्छ । उपर्युक्त विवरणहरूको आधारमा तत्कालीन समाज महाभारत कथासंग अनभिज्ञ थियो भन्न मिल्दैन ।

उपत्यकाभित्र हालसम्म विद्यमान रहेको चाँगुनारायणको मन्दिर र पशुपतिनाथको मन्दिरमा लिच्छविकालदेखि मल्लकालसम्मका राजाहरूको अविछिन्न श्रद्धा तथा भक्ति कायम थियो । समय–समयमा ती मन्दिरहरू जीर्णोद्धार भएको पनि थियो । परम्परा

२) डा जगदीशचन्द्र रेग्मी– नेपालको धार्मिक इतिहास, रत्न पुस्तक भण्डार, वि. सं. २०३६, पृष्ठ १०६ ।

३) अमिता राय–आर्ट अफ नेपाल, न्यू दिल्ली, इण्डिया काउन्सील फर कल्चरल रिलेशन, १९७३, पृष्ठ २२ ।

अनुसार जीर्णोद्धार गरिने क्रममा पूर्व स्वरूपलाई नै कायम गर्ने गरिन्छ। यदि यस सिद्धान्तको परिधिभित्र रहेर विचार गर्ने हो भने पशुपतिनाथको मन्दिर तथा चाँगुनारायण मन्दिरको हालको स्वरूपलाई प्राचीन स्वरूप मान्नु पर्दछ। नेपाली मन्दिरहरूमा हजारौं वर्ष-अघि जुन शैली थियो त्यसमा आधार र अनुपातमा बाहेक कुनै परिवर्तन र विकास भएको छैन।[4] यस अर्थमा पशुपति मन्दिरको दक्षिणपट्टिको पहिलो तल्लाको छानामुनि प्रयुक्त टुँडालहरूमा महाभारतसंग सम्बन्धित पञ्चपाण्डव र द्रौपदीका मूर्तिहरू क्रमशः अङ्कित गरिएका छन्। पशुपति मन्दिरको हालको स्वरूपलाई नै प्राचीन स्वरूप मान्न सकिने आधार भए-बाट लिच्छविकालीन नेपालमा भीमसेनको मूर्ति बनाउने प्रक्रिया भइसकेको स्पष्ट गर्दछ तर दुःखको कुरा हाल–सम्म लिच्छविकालसित सोझै सम्बन्धित गराई देखाउन सक्ने ऐतिहासिक प्रमाणसहित भीमसेनको प्रस्तर तथा अरू माध्यमबाट बनेका मूर्तिहरू प्राप्य भएका छैनन्।

नेपालमा भीमसेनलाई बौद्ध एवं हिन्दू दुवै सम्प्रदायका धर्मावलम्बीहरूको व्यापार सपार्नका लागि पुज्दै आएको परम्परा छ तर छिमेकी राष्ट्र भारतमा यस देवतालाई पूजा–उपासना गर्ने चलन छैन। व्यापार वृद्धिका लागि भारतमा लक्ष्मी, गणेश, सरस्वती अथवा महावीरको चित्र पसलमा राखी पूजा–उपासना गर्ने गरिन्छ तर अपवादको रूपमा भारतको मध्य प्रदेशमा गोण्डाहरूद्वारा भीमसेनलाई जल देवताको रूपमा पुज्ने परम्परा छ।[5] नेपालका सुदूर पश्चिमाञ्चल क्षेत्रमा 'नेपाल' भन्ने स्थानमा नेपाल थरका ब्राह्मणहरूबाट पनि भीमसेनलाई पूजा–उपासना गर्दै आएको देखिन्छ।[6]

नेपालमा व्यापार सपार्ने देवताको रूपमा भीम–सेनको ख्याति रहेको तथ्यलाई बिर्सन सकिन्न। नेपाल अधिराज्यभरमा ख्याति प्राप्त भीमसेनहरूमध्ये पाटन मङ्गलबजारस्थित भीमसेन, काठमाडौं भीमसेन स्थानको भीमसेन, भीमफेदीस्थित भीमसेनका साथै दोलखाको भीमसेनसित सम्बन्धित गराइएको छ। अतः दोलखाको भीमसेनसम्बन्धी कुरामा विषेचर्चा गर्नु पूर्व दोलखा–को सम्बन्धमा जान्नु आवश्यक छ। हालसम्म प्राप्त लिच्छविकालीन अभिलेखहरूमा दोलखा प्रदेशको सम्बन्धमा प्रकाश पार्ने कुराहरू पाइएको छैन। इतिहास शिरोमणि बाबुराम आचार्यको कथन अनुसार नेपाल र भोटको बीच बाटाघाटा खुली व्यापार सम्बन्ध, सांस्कृ–तिक सम्बन्ध स्थापित भएपछि यस प्रदेशको विकास भएको हो। खास गरी भोटसितको सम्बन्ध अंशुवर्माको समयदेखि भएको थियो र पछि राजनैतिक कारणबाट लिच्छविकाल मै भोट जाने बाटोमा पर्ने बस्ती दोलखा, उत्तर मध्यकालमा एक महत्त्वपूर्ण स्थानको रूपमा विकास भए।

प्राचीनकालदेखि नै नेपालको व्यापार भारत–सित रहिआएको सम्बन्धमा कौटिल्यको अर्थशास्त्रमा उल्लेख गरिएको छ। तर बाटोघाटोको अनेकौं कठि–नाईहरूको कारणले गर्दा त्यसबेला एक, दुई जनाले मात्र व्यापार गर्न जानु सजिलो कुरो थिएन। त्यसकारण प्राचीनकालमा सामूहिक रूपमा व्यापार गर्न जान्थे। यस्ता समूहलाई 'सार्थ' र समूहका मुख्य नाइकेलाई 'सार्थवाह' भनिन्थ्यो। लिच्छविकालीन दुई तीन अभि-लेखहरूमा सार्थवाहहरूको चर्चा परेबाट यस कुरालाई बढी प्रकाश पार्छ।[7] देश देशान्तरको व्यापारको लागि

---

४) साफल्य अमात्य- नेपाली संस्कृति, वर्ष ३, अङ्क १।०४३, पृष्ठ २६।

५) हरिराम जोशी– हिन्दू देवी देवता, श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पृष्ठ ७४।

६) धनबज्र बज्राचार्य– लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., २०३०, आषाढ, पृष्ठ ५२।

७) धनबज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ– दोलखाको ऐतिहासिक रूपरेखा, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, २०३१, पृष्ठ ७३।

जाँदा व्यापार गर्न कला, चातुर्यपन र जङ्गलको बाटो–घाटो जान बल र साहसको खाँचो पर्दछ। अनकन्टार बाटोमा चोरी, डकैटी हुने सम्भावनाका साथै हिंस्रक पशुहरूबाट हुनसक्ने आक्रमणबाट बच्न मानिसलाई मानसिक बल र साहसको आवश्यक पर्नु स्वाभाविकै हो। प्राचीनकालदेखि नै विभिन्न कार्यसिद्धिका लागि विभिन्न देवी देवताको आराधना गर्ने, पूजा-उपासना गर्ने, जपटप गर्ने गरिदै आएको परम्परालाई बिसर्न सकिन्न। ज्ञान प्राप्तिका लागि जानकी देवी सरस्वती, धन प्राप्तिको लागि लक्ष्मी, कार्यसिद्धि वा विघ्न बाधा पन्छाउन गणेश, प्राकृतिक प्रकोपबाट बच्न रुद्र, त्यस्तै अग्नि, सूर्य र चन्द्र आदि वैदिक देवी देवतादेखि लिएर मानिस, ऐतिहासिक पुरुष एवं दैनिक जीवनमा प्रयोग गर्दै आएका वस्तुहरूलाई समेत पुज्ने परम्परा छ। यो हाम्रै किसिमको देशकाल र हावापानी सुहाउँदो मौलिक तथ्य एवं दर्शन हो। यसै सन्दर्भमा व्यापारको लागि अनकन्टार मार्गबाट समय-समयमा आवत जावत गर्न साहस एवं बलको लागि महाभारतकालीन लौह पुरुष भीमसेनलाई मनन गर्नु स्वाभाविकै हो। तर तत्कालीन समयमा यस देवतासम्बन्धी अभिलेखीय प्रमाण र मूर्तिहरू प्राप्य नहुनु एक चुनौतीपूर्ण प्रश्न रहि रहेको छ। भीमसेनको स्वतन्त्र मूर्ति स्थापना गरी पूजा उपासना गर्ने परम्परा तत्कालीन समयमा नचले तापनि महाभारतकालीन भीमसेनको कथासित अपरिचित थिए भन्न मिल्दैन। यस देवताको पूजा-उपासना गर्ने अधिकतम चलन मल्लकालमा भएको सम्भावना देखिन्छ। तर यसै कालमा आएर मात्र भीमसेनको अस्तित्व कायम भयो भन्न मिल्दैन। किनभने वर्तमानले विगतकालको परम्परालाई कुनै न कुनै रूपमा अङ्गालेको हुन्छ।

भोटमा व्यापार गर्न जाने बाटोमा पर्ने दोलखा प्रमुख केन्द्र हुनाले यहाँ भीमसेनको प्रतिष्ठा भएको बुझिन्छ।[8] प्राचीन समयमा बाह्रजना ढाक्रेहरूबाट दोलखामा भीमसेन देवताको स्थापना गरेका थिए भन्ने स्थानीय किंवदन्ती रहेको छ।

कालान्तरमा बाह्र जना ढाक्रेहरू एक पटक त्यही ठाउँमा पुगे। यहीं बसेर भात पकाई खाएर जाऔं भन्ने मत्तो गरी तीन ढुंगाको चुल्हो बनाउन खोज्दा दुई ढुंगा मात्र पाएर एक ढुंगा त्यही शिला राखेछन्। पकाउँदा दुइ घण्टा बित्न लागे पनि एउटा कुनाको भात काँचै रहे। आगो राम्ररी लागेन कि भनी ओर्काई फर्काई गर्दा पनि वस्तुतः त्यो कुना तर्फको भात काँचोको काँचै, भोकले चुर भई रीसले एक जना ढाक्रेले भात चलाई रहेको फलामे दावीले 'यै ढुंगा अलच्छिना रहेछ' भन्दै हिर्काएछ। त्यो शिलाको छेउबाट टुक्रा उछिटिएछ। त्यहाँबाट दूध र रगत बगेछ। ती ढाक्रेहरू छक्क मान्दै डराउँदै यो कुन देवता रहेछ भन्दै क्षमा गर्नुहोस् भनी स्तुति गरी हिंडेछन्। केहीपर पुगेपछि निधारमा भर्खर घाउ भएको एउटा योगीलाई भेटेपछि सबै घटना वेलीविस्तार गर्दा योगीले त्यो शिला 'भीमसेन' हो भनी बताई अलप भएछन्। ढाक्रेहरूले वन झाडी वरिपरि ढुंगाको हलुको पर्खाल बनाई भीमेश्वरको स्थापना गरे। क्षमा स्वरूप वर्षेनी १२ वटा बोका बलि पूजा गर्ने परिपाटी बसाए।[9]

उपत्यकाभित्र तथा उपत्यका बाहिर भीमसेनको महिमा आफ्नै किसिमको रहेको छ। विजयपुर (हालको धरान) क्षेत्रका क्षेत्रपाल (पाले) भीमसेन भएकोले धरानवासीहरू सर्वप्रथम यिनै देवताको पूजा–उपासना गर्दछन्।[10] कुनै समयमा दक्षिण पथ व्यापारको मुख्य मार्गको रूपमा रहेको 'भीमफेदी' पनि यस देवतासित

---

८) कमलप्रसाद प्रधान- 'आँखा' (पूर्णाङ्क पत्रिका) २०४७ असार, द्वारिकामान श्रेष्ठ, कालिञ्चोक युवा क्लब, पृष्ठ ११८।

९) ज्ञानमणि नेपाल- 'नेपाल निरूक्त', नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४०, पृष्ठ २७३।

१०) भाषा वंशावली भाग १,- श्री ५ को सरकार, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय २०२० पौष, पृष्ठ ३६।

सम्बन्धित रहेको बुझिन्छ । स्थानीय बूढापाकाहरूको जनश्रुति अनुसार महाभारतको युद्धपछि पञ्चपाण्डवहरू स्वर्ग जाने क्रममा उक्त स्थानमा पुगेपछि बिहानीको कुखुरा बासेको हुनाले भीमसेन त्यही स्थानमा सिद्ध भए । त्यसकारण उक्त स्थानलाई भीमफेदी भनिएको भनिन्छ । यस क्रममा भीमढुंगासम्बन्धी वर्णन गर्नु पनि अतिशयोक्ति नहोला 'कुनै दिन महेन्द्र दमनले पानी थुन्नाले तलाउ भइरहेको नेपालमा दोलखाबाट भीमसेन जलक्रीडा गर्न ढुङ्गामा बसी दैत्यकन्याहरू भगाए । त्यहीं ढुङ्गा भीमढुङ्गा छँदैछ भन्ने प्रसिद्ध छ ।[11] भीमसेन गोला, भीमसेन टोलको नामकरणका साथै गाउँ समेतको नाम भीमसेनको नामबाट राखिएको पाइन्छ । जस्तै भीम्वाद गाउँ । 'यस गाउंको नाम भीम्वाद भनेर नामकरण गर्नुअघि यसलाई बरपिपल गाउं विकास समिति भनेर चिनिन्थ्यो । यहांका किंवदन्ती अनुसार माछापुच्छ्रेको काखबाट बगेकी सेती नदीलाई भीमसेनले बाँध बाँधी रिसिंग पाटनको सुख्खा टारलाई सिंचाइ गराई रिसिंगको रानीपोखरीमा पानी खसाल्ने उद्देश्य राखी भीमसेनले बाँधेका थिए । यसरी भीमसेनले बाँध बाँधेको ठाउँ भएकोले भीम्वाद नाम रहन गएको हो भन्ने भनाइ छ ।[12]

नेवार वर्गको बाक्लो वस्ती भएको ठाउँहरूमा भीमसेनको सानो या ठूलो मन्दिर भएबाट भीमसेन नेवार वर्गको अभीष्ट देवता भएको प्रष्ट हुन्छ । नेवार वर्ग विशेषतः व्यापारिक समूह हुनु र यिनीहरूबाट विशेष रूपमा पूजित भएबाट भीमसेन अप्रत्यक्ष रूपमा व्यापारका देवता हुनपुगेका छन् । यसरी यी देवताको व्यापारी वर्गसंग प्रत्यक्ष सम्बन्ध भएको हुँदा लिच्छविकालमा भीमसेनको मूर्ति तथा मन्दिर बनाई पूजा उपासना गर्ने चलन अभिलेखीय प्रमाण र ऐतिहासिक व्याख्यासहित दिन सकिन्न । प्रचलित किंवदन्ती तथा वंशावलीको वर्णन अनुसार उपत्यकाभित्रका भीमसेनको सम्बन्ध दोलखाका भीमसेनसित सम्बन्धित गराइएको छ । उक्त वंशावलीको वर्णन अनुसार १२ औं शताब्दीदेखि मात्र भीमसेनको मूर्ति स्थापना गरी पूजा–उपासना गर्ने चलन चलेको उल्लेख छ । वंशावली अनुसार नेपालमा १२ जना ठकुरीहरूले टोल–टोलमा राज्य गरिरहँदा तोयूख्वा नामक क्वाठ बहालका वैश्यकन देह प्रत्यक्ष देखाइदिएकाले ने. सं. २६० मा स्थापना गरी देवालय बनाई विराज गराइएको उल्लेख यस प्रकार छ– "कर्णाटकी राजाहरूले पाँच पुस्तासम्म नेपालमा भोग गरिरहँदा मुकुन्दसेन राजा आई अधिका राजकुल निर्मूल गऱ्यो उप्रान्त नेपालमा कर्णाटकी राजाका वंश शून्य भै अरू कोही भएका छैनन भनि सुन्या र नुवाकोट वैश्यहरू धेरै जम्मा भै आई शहरहरूमा राजा कहलाई धेरै जनाले भोग गऱ्या । कान्तिपुरमा त वैश्यहरू १२ ठकुरी कहलाई टोल टोलमा एक एक राजा भया यिनै वर्ष श्री भीमसेन कान्तिपुरमा विराजमान गर्नाको इच्छाले दोलखादेखि आई क्वाठ बहालको वैश्य ठकुरीको घरमा आई मनुस्यरूप धरी वैश्येका घरको कामकाज गरिरहदा वैश्यकन देह प्रत्यक्ष देखाइ तर वैश्यले त केवल भीमसेन हुन ममाथि बहुतै अनुग्रह गरी आएका रह्याछन भनी निश्चय ठहराई तोयूख्वा भन्या ठकुजुले नेपाली सम्वत् २६० मा वडो देवालय बनाई वडो मूर्ति बनाई चित्रकार भरी भीमसेकन प्रवेश गराई विराजमान गराया ।"[13] वंशावलीको यस किसिमको वर्णण अनुसार देवालयमा एक भीमसेन मात्र स्थापना गरिएको विचारणीय छ । अर्को वंशावली अनुसार वैश्य ठकुरी राजा तोयूख्वाके समयमा दुइवटा भीमसेनको मूर्ति स्थापना भएको वर्णन यस प्रकार छ "काठमाडौं भीमसेन स्थानका वैश्य ठकुरी राजा तोयूख्वा भन्नेका घरमा दोलखा भीमसेनको कान्तिपुरमा विराजमान हुनाको इच्छाले मनुष्यरूप धारी आइरहेका थिए केही कारणबाट प्रत्यक्ष देखाउँदा औ श्री भीमसेन हुँ भनि

---

११) धनन्जय खनाल– गोरखापत्र, २०४५ भदौ १० गते शुक्रबार ।

१२) भाषा वंशावली भाग २– श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्व विभाग, २०२३, पृष्ठ २८, २९ ।

१३) देवमाला वंशावली– प्रकाशक श्री पीर महन्त क्षिप्रानाथ योगीराज, पृष्ठ ४३ ।

चिन्ही नेपाली सम्वत् २६० सालमा ठूलो देवालय बनाई श्री श्री भीमसेनको तामस मूर्ति १ शांतमूर्ति १ बनाई श्री भीमसेनलाई प्रवेश गराई स्थापना गरेका थिए ।''[14]

यसप्रकार भाषा वंशावली एवं देवमाला वंशावलीमा वर्णन गरिए अनुसार काठमाडौं भीमसेनस्थानको भीमसेन र दोलखाको भीमसेनमा सम्बन्ध देखाइएको छ । उपत्यकामा प्रचलित रहेको कथाको संकेत पनि यस्तै प्रकार रहेको छ । 'दोलखाका कुनै शासकले आफ्नी छोरीको विवाह उपत्यकाका कुनै शासकका छोरासँग गरिदिए । त्यसबेला दाइजो बोक्ने जति भरियाको बन्दोवस्त गरे पनि एक जना नपुग्ने भइ-रह्यो त्यसै बेला त्यहाँ एक फोहरी अल्सी बूढो देखा-पऱ्यो । त्यसलाई नपुग भरिया बनाई उपत्यकामा पठा-इयो । उपत्यकामा पुगेर अरू भरिया काम गर्ने, त्यो बूढो भरिया भने अल्सी भएर जुम्रा टिपेर बस्ने गरेको देखेर भरिया नाइके क्रुद्ध भयो । अनि त्यो बूढोलाई खेत खन्ने काममा लगाइयो । त्यसले खेत खन्ने काम पनि गरेन । अनि उसलाई वेसरी झपारेर सजायँको रूपमा प्रशस्त खेत खनी सिध्याउनु पर्ने आदेश दिइयो । तैपनि त्यो बूढोले दिनभर काम गरेन, चूप लागेर बस्यो । तर भोलिपल्ट बिहान त सारा खेत खन्ने काम पूरा भएको देखियो जुन काम एक जनाले त के दश जनाले पनि रातभरमा सिध्याउनु सम्भव थिएन । यसले गर्दा त्यस बूढाको रहस्यमयताबारे गाइँगुइँ हल्ला काठमाडौंमा फैलियो । साधकहरूले अन्तर्दृष्टिले विचार गरी हेर्दा त्यो बूढो त दोलखाका भीमसेन महाराज भन्ने ठहरियो । अनि तिनको पूजा-आजा गर्न तयारी हुन लाग्यो । त्यसबेला भीमसेनबाट काठमाडौं हेर्ने इच्छाले म यहाँ रूप बदलेर आएको हुँ । तिमीहरूले मेरो भेद पायौ, अब मैले यहाँ बस्नु सम्भव छैन, मैले अहिले फर्कनु छ, तर जहाँ म टक्छु त्यहाँ मेरो मूर्ति स्थापना गरेर तिमीहरूले मेरो दर्शन, पूजा-आजा गर्न सक्छौं भन्ने आज्ञा भयो ।[15]

भाषा वंशावली र देवमाला वंशावलीको वर्णन अनुसार १२ औं शताब्दीतिरका वैश्य ठकुरी तोयूख्वा ठकुजुलाई भीमसेन देवता संस्थापक मान्न सकिन्छ । यो वैश्य ठकुरी तोयूख्वा भन्ने को थिए भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यक्ष मल्लको मृत्यु पश्चात भक्तपुरमा उनका छोराहरूले संयुक्त शासन चलाएका थिए । राय मल्ल र रत्न मल्लको संयुक्त शासन भक्तपुरमा भए-सम्म कान्तिपुरमा पुस्तैनी अधिकार पाएका ठकुजहरू स्थानीय शासकका रूपमा थिए । यी १२ ठकुरीहरू मल्ल राजाहरूकै अधीनमा सामन्तको रूपमा थिए तापनि यिनीहरू कमजोर भने थिएनन् । महत्त्वाकांक्षी रत्न मल्लले पछि कान्तिपुरमा स्वतन्त्र राज्य खडा गर्न ती ठकुरीहरूलाई भोजमा निस्त्याई विष प्रयोग गरी हत्या गर्न लगाइएका थिए । रत्न मल्लबाट हत्या गर्न लगाइ-एका ठकुजुहरूकै पूर्वजहरूले काठमाडौंस्थित भीमसेन देवताको स्थापना गरेको सम्भावना वंशावलीको वर्णन सित तादात्म्यता राख्दछ ।

वंशावलीमा १२ औं शताब्दीतिर भीमसेन स्थापना भएको वर्णन माथि गरिसकेको छ । ताम्रपत्र अनुसार यस देवताको स्थापना ने. सं. ६६०-६८४ को भित्र तुयु ठकुजुले गरेका र मन्दिर महेन्द्र मल्ल राजाले बनाई दिएको उल्लेख छ ।१८ संस्थापकका रूपमा तुयु ठकुजुको सम्बन्धमा वंशावली एव ताम्रपत्रमा विवाद नदेखिए तापनि भीमसेनको प्रतिमा स्थापना गरेको सम्बन्धमा भने ४०० वर्षको फरक देखिन आउँछ । तुयु ठकुजुको र राजा रत्न मल्लको समयसम्मको बीचमा ३४४ देखि ३८० वर्षको फरक हुन आउँछ । यस कारण ठकुरी वंशका राजाहरूको शासनकालको वास्त-विक अवधि यकिन साथ किटान गर्न सकिन्न ।

वर्तमान मन्दिर समय समयमा पटक-पटक जीर्णोद्धारको क्रमबाट गुज्रेको थियो भन्ने कुरा मन्दिरमा प्रयुक्त गरिएका टुँडालहरू र मन्दिरभित्र पाइएका अभिलेखहरूबाट स्पष्ट हुन्छ । हाम्रो परम्परा अनुसार कुनै पनि मन्दिर जीर्णोद्धार गर्दा पूर्व स्वरूपलाई नै

१४) धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ- त्यही, पृष्ठ ७३ ।

१५) डा. कमलप्रकाश मल्ल- 'पूर्वज लुमंका', थः नेवा थकुजु खलः थाय्मदु यें, दिल्ला, श्व ६, ११००, पृष्ठ ९ ।

कायम राख्ने गरिन्छ भन्ने कुरा माथि चर्चा भैसकेको छ। यसै परिधिभित्र बसेर हेरेको खण्डमा महेन्द्र मल्लले मन्दिर बनाएको व्यहोरा पनि शङ्कास्पद नै छ। किनभने वर्तमान मन्दिरको दोस्रो तल्लाको पूर्व खण्डको दायाँबाट पाँचौं टुँडालको अभिलेख "ॐ सम्वत् ५२२ फागुण मासक रामचर ग्याम जर सि" उल्लेख भएबाट ताम्रपत्रको समयभन्दा १६२ वर्ष अगाडि रत्न मल्लको बाजे ज्योति मल्लको शासनकालमा नै उक्त मन्दिर बनिसकेको स्पष्ट छ। यसरी ने. सं. ५२२ (वि. सं. १४५९) मा बनेको मन्दिरको स्वरूप वर्तमान स्वरूप नै हुन सक्छ। दोस्रो तल्लाको उत्तर दिशामा प्रयुक्त गरिएका टुँडालहरूमध्ये तीनवटा टुँडालहरूमा 'मणिराज' भन्ने उल्लेख भएको र बायाँबाट पहिलो टुँडालमा 'ॐ सम्वत् ७३७' स्पष्ट उल्लेख भएबाट पूर्व दिशाको टुँडालमा ने. सं. ५२२ मा पहिलो मन्दिर बनेको तथ्यलाई मान्यता दिदा २१५ वर्षपछि मणिराज भन्ने व्यक्तिबाट जीर्णोद्धार भएको हुनु पर्दछ।

भीमसेन मन्दिरको जीर्णोद्धारका क्रममा मन्दिरको गर्भगृहभित्र दायाँ गारोमा आधार गरी राखेको सालिकको अभिलेख अनुसार आजभन्दा १३५ वर्ष अगाडि ने. सं. ९७२ मार्ग वदि ११ का दिन किलागल टोलका कुनै राजेन्द्र नाम गरेको व्यक्ति मन्दिरको माथिल्लो छाना र गजूर सुनको बनाई जीर्णोद्धार गरेका थिए। यसै परिप्रेक्ष्यमा २०१६ सालमा पनि यस मन्दिरको जीर्णोद्धार भएको थियो र हाल २०४४ सालमा भीमसेन मन्दिरको जीर्णोद्धार स्थानीय जनसहयोग एवं भक्तजनहरूको सहयोगमा सफल हुन पुगेको छ। हाम्रो सांस्कृतिक सम्प्रदायहरूको संरक्षण तथा सम्बर्द्धन समयमा नै गर्नु हामी नेपालीहरूको परम कर्तव्य हो।

# इनरूवास्थित भगवती (ॐ वैष्णवीदेवी) मन्दिर

–राधेश्याम भट्टराई

इनरूवा पूर्वाञ्चल विकास क्षेत्रको सुनसरी जिल्लामा पर्दछ । अझ भनूं भने इनरूवा सुनसरी जिल्लाको सदरमुकाम पनि हो । जिल्लाको सदरमुकाम र स्वयंमा नगरपालिका हुँदा हुँदै पनि विकासका दृष्टिले इनरूवा त्यति अगाडि बढ्न सकेको छैन । पूर्व पश्चिम राजमार्ग इनरूवा हुँदै काँकडभित्ता पुगेर मेची नदीको किनारामा टुंगिन्छ तर इनरूवा भने विकासको गोरेटो खन्ने सुरसार गरिरहेको छ । त्यसैले इनरूवाको समग्र विकासका लागि शुभकामना व्यक्त गर्दै इनरूवास्थित भगवती दर्शन गर्नेतिर लागूं —

इनरूवाकी इष्टदेवीका रूपमा पूजित भगवतीको नाउँ ॐ वैष्णवीदेवी हो तापनि श्रद्धालुहरू भगवती नै भनेर सम्बोधन गर्न रूचाउँछन् । भगवतीको नामले नै प्रसिद्धि प्राप्त गरेकी ॐ वैष्णवीदेवीलाई म पनि परिचयात्मक संक्षिप्त टिप्पणीमा भगवती नै भनेर श्रद्धार्चना गर्न चाहन्छु ।

पूर्व पश्चिम राजमार्गको इनरूवाचोक बस बिसौनीभन्दा केही पूर्व इनरूवा बजार जाने बाटैमा रहेको भगवतीस्थान इनरूवा नगरपालिकाको वडा नं. १ मा पर्दछ । यस मन्दिरको पूर्वमा जनताका घर छन् भने पश्चिमपट्टि भगवती माध्यमिक विद्यालय र निजी क्षेत्रबाट सञ्चालित क्याम्पसको चउर छ । त्यसैगरी उत्तरतिर सुनसरी प्राथमिक विद्यालय रहेको छ भने दक्षिणी सिमानामा इनरूवा बजारतिर जाने पीच सडक र सो भन्दा दक्षिणतर्फ जिल्ला प्रहरी कार्यालय रहेको छ । पीच सडकको उत्तरतिर वर–पिपलका छ–सात वटा बोट छन् । पीच भन्दा १० फीट जति उत्तर लागेपछि काली मन्दिर आउँछ ।

काली मन्दिरः– यस सानो मन्दिरमा लपलपाउँदो जिब्रो निकालेकी चतुर्भुज कालीको मूर्ति छ । कालीको मूर्तिसंगै कलकत्ताकी काली छन् र त्यसै माथि भित्तामा टाउको मात्र भएको कालीको मूर्ति टाँसिएको छ । पश्चिम फर्केको ढोकानेरै एउटा घण्ट छ र त्यसभन्दा परतिरको चौघेरामा ठूलो फेद गरेको एउटा बरको बोट छ । २०१६ सालमा निर्मित एक सामान्य इनार र तुलसीको मठ पनि नजीकै रहेका छन् ।

भगवती मन्दिरको क्षेत्रः– करीब अढाई कट्ठा जमीन क्षेत्रफल भएको भगवती मन्दिरको दर्शन गर्न काली मन्दिर तिरबाट जाँदा पाँच वटा खुड्किला उक्लिएपछि मन्दिर क्षेत्रमा पुगिन्छ । मन्दिरको सिंढी उक्लँदा उक्लँदै शिखरशैलीको मन्दिरको ढलाने भागको छतमा लेखिएको यस्तो सूचना पढ्न पाइन्छ–

सुचना सुचना सुचना
देवीमन्दिर

कृपया वैष्णवदेवी मन्दिरमा र काली मन्दिरमा माछा, मासु, अण्डा नचढाउनु साथै काटमार पनि नगर्नु होला ।

सौजन्य:- कलासदन
इनरुवा -२"

बलिपूजालाई सख्त निषेध गर्ने यो सूचना पढेपछि हामी मन्दिर क्षेत्रमा प्रवेश गर्छौं । यस सन्दर्भमा भगवती वैष्णवीको दर्शन गर्नु अगाडि मन्दिर बाहिरको परिक्रमा गरी त्यहाँ रहेका अन्य देवदेवीहरुको दर्शन गर्नु प्रासंगिक हुनेछ । पूर्वमा बेलको बोट, उत्तरमा कामिनी फूलको रुख र दक्षिणी कुनामा करबीरको फूलले शोभायमान यस वैष्णवी मन्दिरको अगल-बगलमा स्थापित निम्न लिखित देव-देवीहरुको छोटो विनारी यस प्रकार गरिन्छ –

बागेश्वरी – भगवती माध्यमिक विद्यालयको चउरबाट भगवतीको दर्शन गर्न आउँदा मन्दिर पस्ने ढोकाको सामुन्ने रहेको शिलामय मूर्तिलाई बागेश्वरीका रुपमा पूजा गरिन्छ । २०४५ सालको महाभूकम्प पछि मन्दिरको जीर्णोद्धार गर्न खन्दा पछिल्लो भागमा पाइएको ढुंगा यहीं राखिएको छ ।

कुमार:– एक खुल्ला मन्दिरमा स्कन्द कुमारको चतुर्भुज मूर्ति छ ।

गणेश:– एक खुल्ला र सानो मन्दिरमा विघ्न-हर्ता चारहाते गणेशको मूर्ति रहेको छ । यो मूर्ति पाँच–सात वर्ष अघिमात्र स्थापित गरिएको हो ।

सन्सारी माई:– एउटा सानो र खुल्ला मन्दिर–मा शिलामय सन्सारी माईको मूर्ति छ । मन्दिर क्षेत्रमै काटमार गर्ने चलन नभएकोले सन्सारी माईमा पनि बलि पूजा गर्न हुँदैन । परेवालाई पूजा आजा गरेर भोग दिने होइन आकाशमा उडाइदिने चलन छ ।

यसरी मन्दिर वरिपरिका देवी–देवताहरुको दर्शन गरेपछि भगवती वैष्णवी देवीको दर्शन गर्ने चलन छ । पिलर सिष्टमबाट निर्मित शिखरशैलीको मन्दिर चुन लगाएर टलक्क टल्क्याइएको छ । मन्दिरमाथि सुनको जलपदार गजूर रहेको छ र त्यसमाथि त्रिशूल छ । पश्चिमतिर फलामे डण्डीमा सेतो ध्वजा फर्फराई रहेको छ । प्रवेशद्वारको देब्रेतिर एउटा झ्याल छ भने पश्चिम र दक्षिणतिर पनि एक एक झ्याल रहेका छन् । पिलरकै बिममा स–साना घण्ट झुण्डिएका छन् । यस्तो मन्दिरभित्र प्रवेश गरेपछि हामी भगवती वैष्णवी देवी–को दर्शन गर्न सक्छौं ।

भगवती मा. वि. को चउरबाट चार खुड्किला उक्लिएपछि मन्दिरको ढोका आउँछ । ढोका पश्चिम फर्केको छ र भगवतीको मूर्ति पनि पश्चिमाभिमुख नै रहेको छ । सिमेण्टको सिंह पूर्वाभिमुख भएर भगवती-को भक्तिमा तल्लीन रहेको देखिन्छ । प्रवेशद्वार काठको छ दुई खापे । ढोकामाथि स–साना सात वटा घण्टी झुण्ड्याइएका छन् । ढोकाबाट पसेपछि सिंढीका रुपको सानो सिंढी छ । त्यसमाथि टालीको सिंढी रहेको छ र त्यसमाथि खुल्ला तर मन्दिराकार टालीकै उच्चासनमा देवी र गणेशका मूर्तिहरु रहेका छन् ।

भगवती ॐ वैष्णवीदेवीको अष्टभुजाकार मूर्ति संगमरमरको छ र साह्रै सुन्दर छ । संगै रहेको गणेशको चतुर्भुज मूर्ति पनि संगमरमरकै छ । चाँदीको मुकुट धारण गरेकी महिषासुर मर्दिनी भगवती जग–दम्बाको दर्शन गरेर भक्तजनहरु शक्तिको आराधनामा लाग्ने गर्छन् । महिषासुर मर्दिनी भगवतीको मूर्तिभन्दा माथिल्लो भागमा 'श्री दुर्गा अम्बाजी यन्त्र' को फोटो टाँसिएको छ । त्यसभन्दा माथि–

"ॐ गणेशाय नमँ
ॐ वैष्णवीदेवी मन्दिर
वैष्णवी देवी मन्दिर (इनरुवा)" लेखिएको प्लेट-
छ र त्यस माथि–

"कृपया दर्शन गर्न आउनु भएका महानुभाव हरुलाई भित्र पस्न शख्त मनाही छ" लेखिएको प्लेट छ । यसैको सीधा परतिर भित्तामा 'मिनाक्षी स्टोर' ले भगवतीलाई समर्पण गरेको एउटा भित्ते घडी छ ।

भगवतीको दाहिनेतिर उत्खनन्बाट निस्किएका सूर्य–चन्द्रको आकार भएका दुइटा पुराना ईंटा र स–साना त्रिशूलहरू रहेका छन् भने देब्रेतर्फ पित्तलको गणेशको मूर्तिका साथै लक्ष्मी, सरस्वतीका सिमेण्टका मूर्तिहरू पनि रहेका छन् ।

भगवती र गणेशका संगमरमरका मूर्तिहरू आजभन्दा करीब ५० वर्ष पहिले इनरुवा निवासी धनबहादुर श्रेष्ठले आफ्नै लगानीमा बनारसबाट ल्याएका हुन् । लक्ष्मीकान्त ढुंगेल, हरिप्रसाद घिमिरे र वेदनिधि निरौला आदिले मूर्तिको प्रतिष्ठा गरेका थिए । बिजुली बत्तीको व्यवस्था भएको यस मन्दिरको जीर्णोद्धार २००१।०२ सालतिर भएको थियो ।

पूजा र गुठको व्यवस्थाः- भगवती वैष्णवी देवीको नित्यपूजा पञ्चोपचार विधिले बिहान–बेलुका हुने गर्छ । पूजाआजाको निमित्त धनबहादुर श्रेष्ठ र राइनी बूढीले गुठीका रूपमा केही खेत राखेको बताइन्छ । त्यसको आम्दानीले नपुग भएमा होमबहादुर श्रेष्ठले पूजा खर्च व्यहोर्ने गर्छन् । मन्दिरको जीर्णोद्धार आदिको काम दिलबहादुर श्रेष्ठले गर्ने गरेका छन् । पूजा र दर्शनका लागि मन्दिर बिहान–बेलुका सधैं खुल्ला रहन्छ । दशैंको नवरात्रमा चाहिं राति २।३ बजेदेखि नै ढोका खुल्ने गर्छ ।

भगवतीका पूजारीको प्राप्त परम्परा अनुसार सर्वप्रथम नागा बाबाले पूजा आराधना गरे भने उनका पछि रुद्रप्रसाद ढुंगेल, देवीप्रसाद खतिवडा, प्रभुनाथ ढुङ्गाना र गोपालप्रसाद काफ्ले रहेका देखिन्छन् ।

अहिले २५।३० मन धान खाग्गीका रूपमा पाउने पूजारीहरूबारे ज्ञातव्य एउटा कुरा छ । त्यो के भने पहिले भगवतीको पूजा सबैले गर्ने गर्दथे । एक रात भगवतीले सपनामा कसैलाई भनिछन्– 'मेरो पूजा कुमार केटाबाट मात्रै गराउनू, अरू कोही पनि भित्र नपस्नू ।' भगवतीको यस वाणीलाई शिरोधार्य गरेर पहिले साल र भोर्लाको रूखमा सिन्दूर दलेर पूजा गर्ने गरेका भक्तजनहरूले अब त्यसो गर्न छाडे, टाढैबाट फूल, चन्दन, अक्षता, नैवेद्य, भेटी आदि समर्पण गर्न थाले । त्यहाँदेखि कुमार केटाले मात्र भगवतीको पूजा गर्ने प्रथा चल्दै आयो । अहिलेसम्म पनि मन्दिरभित्र पस्ने अधिकार कसैलाई छैन, पूजारी बाहेक कसैलाई पनि पस्न दिदैन । पूजा गर्ने भक्तजनहरू ढोकाबाटै पूजा सामान चढाउने गर्छन् । राम्ररी पूजाचाहिं श्रद्धालुहरूबाट पूजा सामान लिएर पूजारीले नै गरिदिन्छन् । हालका पूजारी गोपाल काफ्लेको विवाह भएपछि भने कुमार केटाले मात्र पूजा गर्ने प्रथाको अन्त्य भएको छ । विवाह पछि पनि गोपाल काफ्लेले नै भगवतीको पूजा चलाइरहेका छन् । मन्दिरमा चढाइएको भेटी पूजारीको नै हुन्छ ।

भगवतीको प्राप्तिः– नव वर्षारम्भको बेला मेला लाग्ने भगवतीस्थानका बारेमा संक्षिप्त प्रकाश पारिसकिएको छ । तर भगवती वैष्णवी देवीको प्राप्ति कसरी भयो ? त्यसतर्फ पनि केही विचार गरौं–

बूढापाका मान्छेहरूका अनुसार त्यतिबेला इनरुवामा ज्यादै पातला घर थिए, हालको भगवती–स्थानलाई देवीस्थान भनिन्थ्यो । थुम्क्याइलो ठाउँ थियो, जङ्गल थियो, थुम्कोमा राति बाघ कराउने गर्थ्यो त्यो बाटो भएर हिंड्ने यात्रीहरू देवीस्थानमा फूलपाती चढाउने गर्थे, धकाएर हिंड्थे, डराउँथे त्यो बाटो हिंड्न पनि । त्यस ठाउँको थुम्को अहिलेको मन्दिरको क्षेत्र जति नै थियो । हाल भगवतीको मूर्ति रहेकै ठाउँमा १०।१२ फीट गोलाई भएको सालको एउटा ठूलो रूख थियो । त्यही विशाल सालको बोटमा भोर्लाको लहराले घुम ओडाएको थियो । करीब करीब अहिलेको मन्दिर क्षेत्रलाई विशाल साल र भोर्लाले पूरै ढाकेको थियो, छोपेको थियो । साल र भोर्लाले झ्याम्म छोपिएको त्यो ढिस्को हेर्दा भोर्लाको ढिस्को जस्तो देखिन्थ्यो । तर आश्चर्य– त्यो सालको फेदमा एकजना नाँगा बाबा बस्तथे– पल्याँटी कसेर । उनले दुई चार वटा बाँस गाडी साल र भोर्लाकै फेदमा छाप्रे कुटी बनाएका थिए । ती बाबा भागी हिंड्ने जोगी थिएनन् । गाई–वस्तु चराउन जङ्गल जाने गाउँले गोठालाहरूले दया गरेर लगी दिएको दूध–दही, फलफूल र अन्न आदि खाएर बाँचेका थिए उनी । यस्तैमा इनरुवा निवासी

धनबहादुरलाई– 'त्यो सालको फेदमा भगवती छन्, उनलाई पूजा गर । नत्र भगवती इनरुवा छाडेर अन्यत्र जानेछन् । भगवती यहाँबाट हिंडिन् भन्ने इनरुवाको कल्याण हुने छैन ।' भन्ने सपना भएछ ।

यसै सपनालाई आधार मानेर नजीकैका मगरहरू बोलाई त्यो थुम्को खन्न लगाए । मन्दिरको थुम्के क्षेत्र किटान गरेर उत्खनन् कार्य प्रारम्भ गरियो । उत्खनन्मा पुराना खालका ईंटाहरू फेला परे । उत्खनन्को महत्त्वपूर्ण उपलब्धि हत्केलाभरिको एउटा यस्तो पत्थर पनि हुन गयो जसमा भगवतीको छायाँ मूर्ति जस्तो स्वरूप बाहिरबाटै स्पष्ट देखिन्थ्यो । यसरी खन्दा प्राप्त भएको त्यो पत्थर पछि मन्दिर निर्माण गर्दा जगमै राखियो । देवीस्थान भनेर पहिले सालको फेदमा पानी चढाइन्थ्यो भने खनाइमा पत्थर फेला परेपछि भगवतीको प्रतिकृति मानी त्यसैलाई पूजा गरिन थाल्यो । भगवती वैष्णवी देवीको यो मन्दिर बनेपछिका पहिला पूजारी नांगा बाबा नै भए ।

देवीप्रसाद खतिवडा, दिलीप भट्ट, गोपाल कापले र वासुदेव कापलेप्रति आवश्यक जानकारी दिएकोमा आभार प्रकट गर्दै पूजारीको एक भनाइबाटै यस चर्चालाई टुंग्याउँ– 'पिण्डेश्वर, बराहक्षेत्र र हलेसी जस्त महत्त्वपूर्ण तीर्थस्थलहरूको पनि नेपाल टेलिभिजनले चित्र लिनु पर्छ, काठमाडौंका केही स्थलमात्र देखाएर हाम्रो धार्मिक इतिहास पूर्ण हुँदैन ।'

# सांस्कृतिक समाचार

### सञ्चालक समिति गठन

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव डा० ईश्वरप्रसाद उपाध्यायको अध्यक्षतामा २०४८ साल श्रावण २९ गते संस्थानको नयाँ सञ्चालक समिति गठन गरिएको छ। उक्त सञ्चालक समितिमा वरिष्ठ विज्ञ पाठ्यक्रम, पाठ्य पुस्तक निरीक्षण तथा विकास केन्द्र, अर्थ मन्त्रालयका प्रतिनिधि र सांस्कृतिक संस्थानका वरिष्ठ नाटक निर्देशक हरिप्रसाद रिमाल तथा सदस्य सचिवमा महाप्रबन्धक रमेश ताम्राकार नियुक्त हुनु भएको छ भने यसै सञ्चालक समितिमा मिति २०४८ भाद्र १३ गते श्रीमती बीणा जोशी र श्रीमती शकुन्तला प्रधानलाई पनि दुई वर्षका लागि नियुक्त गरिएको छ।

### क्षेत्रीय कार्यशालामा सहभागिता

सन् १९९१ सेप्टेम्बर ३–७ मा यूनेस्कोको आयोजनामा दक्षिण कोरियाको राजधानी सियोलमा भएको Asia of the Recommendation of the Status of the Artist विषयक क्षेत्रीय कार्यशालाको बैठकमा सांस्कृतिक संस्थान, सञ्चालक समितिका सञ्चालक एवं वरिष्ठ नाटक निर्देशक हरिप्रसाद रिमालले भाग लिनु भयो।

### संस्थानको वार्षिकोत्स

सांस्कृतिक संस्थानको १९ औं वार्षिकोत्सवको उपलक्ष्यमा संस्थानका कर्मचारी कलाकारहरू बीच विभिन्न खेलकूद प्रतियोगिताको आयोजना गरियो २०४८ साल असार ५ गते सम्पन्न उक्त खेलकूद प्रतियोगितामा विजयी खेलाडीहरूलाई संस्थानका महाप्रबन्धक रमेश ताम्राकारले पदक तथा प्रमाणपत्रहरू वितरण गर्नु भयो।

### अभिनय र नृत्यसम्बन्धी तालीम

जाडो यामको बिदामा बसेका बिद्यालय स्तरीय विद्यार्थीहरूलाई अभिनय र नृत्यको तालीम दिने कार्यक्रम अनुसार गत पुस माघमा ६६ जना विद्यार्थीहरूलाई सांस्कृतिक संस्थानको आयोजनामा ४५ दिने प्रारम्भिक तालीम दिइयो। संस्थानका महाप्रबन्धक रमेश ताम्राकारले तालीम प्राप्त विद्यार्थीहरूलाई प्रमाण-पत्र पनि प्रदान गर्नु भएको थियो।

यस्तै, यस संस्थानका लेखापाल कमलबहादुर श्रेष्ठले व्यवस्थापन विकास तथा अनुसन्धान केन्द्रद्वारा आयोजित२०४८ भाद्र ११ गतेदेखि, एक महीने आर्थिक प्रशासनसम्बन्धी तालीम हासिल गर्नु भयो।

### मुनामदन

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'मुनामदन' गीति नाटक सांस्कृतिक संस्थानको आयोजनामा राष्ट्रिय नाचघरमा २०४८ वैशाख १ गतेदेखि २६ गतेसम्म, कार्तिक ६ गतेदेखि १८ गतेसम्म र

कार्तिक २३ गतेदेखि मंसीर २९ गतेसम्म पुनः प्रदर्शन गरियो । संगीत कलाभूषण चन्द्रराज शर्माद्वारा संगीत–बद्ध र स्व. नारायण गोपाल, तारादेवी तथा अन्य ख्याति प्राप्त गायक गायिकाहरूको कण्ठबाट प्रस्तुत यस गीति नाटकको प्रमुख भूमिका वीरेन्द्र हमाल, पार्वती अधिकारी, सुभद्रा अधिकारीले निर्वाह गरेका थिए ।

ललितकला क्याम्पस, स्वतन्त्र विद्यार्थी यूनियनको आयोजनमा राष्ट्रिय नाचघरमा सांस्कृतिक संस्थानद्वारा २०४८ माघ ११ गते सहुलियत दरमा 'मुनामदन' गीति नाटक एक पटक फेरि प्रदर्शन गरियो ।

## संगीत साँझ

सांस्कृतिक संस्थानको आयोजनामा २०४८ जेष्ठ १ देखि ९ गतेसम्म राष्ट्रिय नाचघरमा सङ्गीत साँझ नामक सङ्गीत तथा नृत्यहरूको विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो ।

## भोजन भट्ट

एम. डी. वैद्यद्वारा लिखित हाँस्य नाटक 'भोजन भट्ट' सांस्कृतिक संस्थानको आयोजनामा राष्ट्रिय नाच–घरमा २०४८ जेठ १० गतेदेखि असार ४ गतेसम्म पुनः प्रदर्शन गरियो । हरिप्रसाद रिमालद्वारा निर्देशित यस नाटकमा प्रकाश अधिकारी, बीना बस्नेत, वीरेन्द्र हमाल, सारंगा श्रेष्ठ, रवि शाह, राजपाल थापा, भुवन चन्द आदिले अभिनय गरेका थिए ।

यस्तै, सो हास्य नाटक केही पात्र परिवर्तन गरेर सांस्कृतिक संस्थानका तर्फबाट नेपाल टेलिभिजनमा पनि प्रदर्शन गरियो ।

## विविध सांस्कृतिक कार्यक्रम

श्री ५ महाराजाधिराज सरकारको ४७ औं शुभजन्मोत्सवको उपलक्ष्यमा २०४८ पुस १४ गते र श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा २०४८ पुस २७ गते यस संस्थानद्वारा राष्ट्रिय नाचघरमा विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो । नेपालका विभिन्न भागमा, विभिन्न चाडपर्व–हरूमा प्रचलित विभिन्न लोक नृत्यहरूमा साथै ख्याली नृत्य पारंपरिक चर्चा नृत्यमा आधारित शास्त्रीय लोक गीतका साथै संस्थानकै रङ्गमञ्चमा हालसालै परिचय गराइएको याक एवं मयूर नृत्यहरूद्वारा दर्शकहरूको मनोरञ्जन गराइएको थियो । उक्त कार्यक्रम हेर्न सर्व-मान्य नेता गणेशमान सिंहका साथै राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्की, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री गोविन्दराज जोशी तथा अन्य विशिष्ट अतिथिहरूको उपस्थित थियो ।

नेपाल भ्रमणमा आएका फिनिडाका प्रतिनिधि मण्डलको सम्मानमा सांस्कृतिक संस्थानका तर्फबाट राष्ट्रिय नाचघरमा विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो ।

एशियन कन्फरेन्स अनुरेलिजिन एण्ड पीसको चौथो महाधिवेशनमा सहभागीहरूको सम्मानमा सांस्कृ–तिक संस्थानका तर्फबाट २०४८ कार्तिक १३ गते आदित्येश्वर महाविहारमा विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो ।

यसै बीच, पोखरी चोक, गोर्खास्थित पृथ्वी सांस्कृतिक परिवारद्वारा जिल्ला स्तरीय पृथ्वी रनिङ्ग सिल्ड सञ्चालनार्थ आर्थिक सङ्कलन गर्न सांस्कृतिक संस्थानद्वारा सहुलियत दरमा राष्ट्रिय नाचघरमा 'फूल–बारी' विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो ।

नेपाल औद्योगिक विकास निगमको ३३ औं वार्षिकोत्सवको उपलक्ष्यमा २०४८ असार ३ गते राष्ट्रिय नाचघरमा विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो । उक्त कार्यक्रम प्रदर्शन गरे बापत निगमबाट सांस्कृतिक संस्थानलाई १४ हजार रुपैयाँ उपलब्ध गराएको छ ।

सांस्कृतिक संस्थानद्वारा नेपालका मेचीदेखि महाकालीसम्मका विविध जनजातिमा आधारित लोक तथा शास्त्रीय गीत तथा नृत्यहरूको सामयिक सँगालो 'फूलबारी' राष्ट्रिय नाचघरमा विभिन्न अवसरमा प्रदर्शन गर्दै आएकोमा उक्त कार्यक्रमलाई अझ अरू रोचक एवं आकर्षक पार्न मयूर तथा याक नृत्य समावेश गरिएको छ । उक्त कार्यक्रम २०४८ जेठ ६ गते देखि

साउन ६ गतेसम्म , भाद्र ८ गतेदेखि असोज २८ गते गतेसम्म, पुस १ गतेदेखि ३० गतेसम्म प्रदर्शन गरियो ।

### यमपुरीमा जिउँदो मान्छे

सांस्कृतिक संस्थानको प्रस्तुतीकरणमा केशवराज पिंडालीद्वारा लिखित 'यमपुरीमा जिउँदो मान्छे' हास्य नाटक राष्ट्रिय नाचघरमा २०४८ भदौ १ गतेदेखि २७ गतेसम्म पुनः प्रदर्शन गरियो । हरिप्रसाद रिमालद्वारा निर्देशित यस नाटकमा प्रभाकर शर्मा, मेनुका भण्डारी, पार्वती अधिकारी र रमेश के. सी. द्वारा मुख्य भूमिकाको अभिनय गरिएको थियो ।

उक्त हास्य नाटकलाई टेलिफिल्मको रूपमा निर्माण गरेर नेपाल टेलिभिजनबाट पनि प्रसारण गरियो ।

### शिव पार्वती

राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा सांस्कृतिक संस्थानको आयोजनामा गणेशप्रसाद श्रेष्ठद्वारा लिखित तथा संगीत कला भूषण चन्द्रराज शर्माद्वारा संगितवद्ध स्वस्थानी व्रतकथामा आधारित 'शिव पार्वती' गीति नाटक राष्ट्रिय नाचघरको रंगमञ्चमा फागुन ७ गते प्रदर्शन गरियो । उक्त गीतिन ाटक अवलोकनार्थ राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्की, शिक्षा, संस्कृति एवं समाज कल्याण मन्त्री गोविन्दराज जोशी र अन्य मन्त्री तथा सांसदहरू पाल्नु भएको थियो । साथै फागुन ८ गतेदेखि उक्त गीति नाटक चैत्र ४ गतेसम्म टिकटबाट प्रदर्शन गरियो ।

### के सक्कली के नक्कली

सांस्कृतिक संस्थानको आयोजनामा गणेश रसिक द्वारा लिखित सामाजिक नाटक 'के सक्कली के नक्कली' राष्ट्रिय नाचघरमा चैत्र २२ गतेदेखि पुनः प्रदर्शन गरियो। यस नाटकको निर्देशक हरिप्रसाद रिमालद्वारा भएको थियो र प्रमुख भूमिकामा लेखनाथ सापकोटा, पार्वती अधिकारी, विजय मानन्धर, सुभद्रा अधिकारी आदिले गरेका थिए ।

### राजकुमार विश्वन्तर

सांस्कृतिक संस्थानको आयोजनामा गणेशप्रसाद श्रेष्ठद्वारा लिखित राजकुमार विश्वन्तर गीति नाटकलाई टेली श्रृङ्खला बनाई नेपाल टेलिभिजनबाट प्रसारण गरियो ।

### झापामा सांस्कृतिक कार्यक्रम

नेपाली कांग्रेसको १३ औं महाधिवेशनका अवसरमा सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा २०४८ फागुन २ गते झापाको कलबलगुडीमा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरियो । टूवर्ग बियरका निर्माता गोर्खा ब्रुअरी प्रा. लि. को प्रायोजनमा प्रस्तुत गरिएको उक्त सांस्कृतिक कार्यक्रम प्रदर्शन टोलीको नेतृत्व संस्थानका महाप्रबन्धक रमेश ताम्राकारद्वारा भएको थियो । झापामा सो सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने सांस्कृतिक संस्थानलाई गोर्खा ब्रुअरीको तर्फबाट रु. ४० हजार प्राप्त भएको थियो ।

### हल भाडामा

राष्ट्रिय नाचघर भाडामा दिई विविध कार्यक्रमहरू प्रदर्शन गराउने नियम अनुसार सांस्कृतिक संस्थानको आफ्नै कार्यक्रम अलवा खाली समयमा हल भाडामा उपलब्ध गराई प्रदर्शन गराउने काम गरिँदै आएको छ ।

# लेखक–परिचय


| | |
|---|---|
| १) रमा पाण्डे (शर्मा) | –उप-प्राध्यापक, हाल संस्कृति विषयक शोधकार्यमा संलग्न |
| २) भूपहरि पौडेल | –उप-प्रबन्धक, जनक शिक्षा सामग्री केन्द्र लि. |
| ३) विष्णुकान्त शर्मा | –पुरातत्त्व अधिकृत, श्री ५ को सरकार, पुरातत्त्व विभाग |
| ४) शान्तराम श्रेष्ठ | –सहायक प्रशासक, सरस्वती बहुमुखी क्याम्पस |
| ५) राधेश्याम भट्टराई | –सह-सचिव, संसद सचिवालय |